सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ मंसिर २०८१, शुक्रबार (13 Dec 2024, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २३६ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

गम्भीर अपराधमा प्रदेशका सांसद

बहालवाला सांसदमाथि हत्या, हत्या प्रयास, किर्ते, भ्रष्टाचारदेखि मानव तस्करीसम्मका अभियोग



● **दीपक मनाङे**
(स्वतन्त्र, गण्डकी)
ज्यान मार्ने उद्योगमा सर्वोच्च अदालतबाट दोषी ठहर, केही समय फरारपछि अहिले डिल्लीबजार कारागारमा



● **रेखा शर्मा**
(एमाले, लुम्बिनी)
बालबालिकाविरुद्धको कसुरमा प्रहरी अनुसन्धानमा



● **अभिराम शर्मा**
(लोसपा, मधेश)
हत्या मुद्दामा जन्मकैदको सजाय, दोषी ठहर भएपछि फरार



● **बादशाह कुर्मी**
(कांग्रेस, लुम्बिनी)
निर्मला कुर्मीको अपहरण र हत्यामा अनुसन्धान हुँदै, गुम्यो मन्त्री पद



● **धनबहादुर केसी**
(कांग्रेस, लुम्बिनी)
किर्ते मुद्दामा दोषी ठहर, मानव तस्करी अभियोगमा निगरानीमा



● **जानकीप्रसाद यादव**
(राप्रपा, लुम्बिनी)
भ्रष्टाचारमा विशेष अदालतले सफाइ दिएपछि सर्वोच्च जाँदै अख्तियार



● **अनिरुद्धप्रसाद सिंह**
(स्वतन्त्र, मधेश)
माओवादी नेताको हत्या अभियोगमा कर्तव्य ज्यान मुद्दा, डाँका मुद्दा पनि खेप्दै

दाङमा **दीपक बोहरा**, सुर्खेतमा **रमेश रावल**, सप्तरीमा **सौरभ यादव**, जनकपुरमा **हदिश खुदार**

गण्डकी प्रदेशका प्रदेश सभा सदस्य राजीव गुरुङ (दीपक मनाङे) ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्चबाट दोषी ठहर भएर अहिले डिल्लीबजार कारागारमा कैद भुक्तान गर्दै छन् । ०६१ मा अर्का गुन्डानाइके चक्रे मिलन (मिलन गुरुङ)लाई खुँडा प्रहार गरी हत्या प्रयास गरेको मुद्दामा २० कात्तिकमा सर्वोच्चले फैसला सुनाएको थियो । त्यसलगत्तै फरार भएका उनलाई एक सातापछि २७ कात्तिकमा सिआइबीले काठमाडौं सानोभन्चाडबाट पक्राउ गरेर कारागार चलान गरेको थियो । मनाङ (ख) बाट निर्वाचित भएका मनाङेलाई ठुला दलले गण्डकी सरकार फेरबदलमा बहुमत जुटाउन पालैपालो ६ पटकसम्म मन्त्री बनाएका थिए । मन्त्री पदमा रहँदा उनी अनेक विवादमा पर्दै आएका थिए ।

गम्भीर प्रकृतिका अपराधमा जोडिएका मनाङे एक्ला सांसद भने होइनन् । अन्य प्रदेश सांसद पनि यस्ता अपराधमा मुछिएर कोही दोषी ठहर भइसकेका छन् भने केहीमाथि अनुसन्धान जारी छ । हत्या, हत्या प्रयास,

» पृष्ठ ९ मा क्रमशः

गुणस्तरको बखेडा झिकेर नेपाली उत्पादन निर्यातमा भारतको रोक

भारतले गुणस्तर चिह्न नदिँदा जस्तापाता, सिमेन्ट, जुत्ता, सेनेटरी प्याड, प्लाइउडलगायतको निर्यात प्रभावित


भारत नेपालको सबैभन्दा ठुलो व्यापार साझेदार हो । चालू आर्थिक वर्षको चार महिनामा भारतबाट नेपालले तीन खर्ब १६ अर्ब १८ करोड रुपैयाँबराबरको वस्तु आयात गरेको छ । निर्यात भने ३५ अर्ब ७६ करोड रुपैयाँबराबरको मात्रै गर्न सकेको छ । यस अवधिमा नेपालले भारतसँगको वस्तु व्यापारमा दुई खर्ब २१ अर्ब ११ करोड रुपैयाँबराबरको घाटा व्यहोरेको छ ।

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपालबाट सबैभन्दा बढी निर्यात हुने वस्तुको सूचीमा स्टिल एन्ड आइरन पर्छ । तर, चालू आर्थिक वर्षको सुरुका चार महिनामा स्टिलको निर्यात १९.८ प्रतिशतले घटेको छ । त्यस्तै, सिमेन्टको निर्यात ८.८ प्रतिशत र क्लिंकरको निर्यात ७१.१ प्रतिशतले घटेको छ । नेपालका यी उत्पादनको निर्यात भारतले भारतीय गुणस्तर चिह्न 'ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड' (बिआइएस)को बखडा झिकेर निकासीमा अवरोध गरेका कारण घटेको हो ।

बिआइएस प्राप्त उत्पादनले मात्र भारत प्रवेश पाउँछन् । तर, भारतले करिब एक वर्षदेखि नेपालको स्टिल, जस्तापाता, सिमेन्ट, जुत्ता, सेनेटरी प्याड, प्लाइउडलगायत उत्पादन निर्यातका लागि बिआइएस दिएको छैन भने पहिल्यै बिआइएस प्राप्त वस्तुको पनि नवीकरण गरिदिएको छैन । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले गत साता दिल्लीमा भारतीय समकक्षी पीयूष गोयल र उपभोक्ता मामिला,

» पृष्ठ ९ मा क्रमशः



उद्योगमन्त्रीले भारतीय समकक्षीलाई भेटेरै अनुरोध गरे, भारतीय दूतावासमार्फत दुईपटक पत्राचार पनि भयो, तर समस्या जहाँको तहीं

१७ र १८ मंसिरमा नयाँदिल्लीमा भएको '२९औं पार्टनरसिप समिट'मा नेपालको तर्फबाट सहभागी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भारतीय पक्षसँग नेपाली वस्तु निर्यातका लागि भारतीय गुणस्तर बिआइएस प्रमाणपत्र दिलाउन आग्रह गरेका थिए । मन्त्रालयका अनुसार भारतीय समकक्षी (उद्योगमन्त्री) पीयूष गोयल र उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरणमन्त्री प्रह्लाद जोशीसँग मन्त्री भण्डारीले बिआइएस प्रमाणपत्र र नवीकरणमा देखिएको समस्या समाधान गर्न आग्रह गरेका थिए । तर, बिआइएस उपलब्ध नगराउनुको कारण पनि स्पष्ट नभनेको भारतीय पक्षले समस्या समाधान हुने आश्वासन दिएर टारिरहेको छ । नेपालले काठमाडौंस्थित भारतीय दूतावासमार्फत पनि दुईपटकसम्म पत्राचार गरेर निर्यातमा देखिएको समस्या समाधान गरिदिन आग्रह गरिसकेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत पछिल्लोपटक करिब दुई साताअघि मात्र यस्तो पत्राचार गरेको थियो । नेपालको निजी क्षेत्रले समेत भारतीय पक्षलाई निर्यातमा सहजीकरण गरिदिन निरन्तर आग्रह गरिरहेको छ । तर, भारतीय पक्षले सहजीकरण गर्छौं भन्ने जवाफ दिए पनि निर्यातको अवरोध कायमै छ ।

प्राविधिकस्तरमा छलफल गरेर समाधान खोज्ने जवाफ पाएको छु

● **दामोदर भण्डारी**, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री



हाम्रो निर्यातको प्रमुख गन्तव्य भारत नै हो । तर, भारतले बिआइएस चिह्न नदिँदा हाम्रा केही वस्तुहरूको निर्यातमा समस्या आएको छ । यो हाम्रा लागि गम्भीर विषय हो । मैले भारतका वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयल र उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरणमन्त्री प्रह्लाद जोशीलाई भेटेर यो समस्या अविलम्ब समाधानका लागि आग्रह गर्ने । हाम्रो निर्यात रोकिनुहुन्न भनेर कडाइका साथ कुरा राखेको छु । उहाँहरूले प्राविधिकस्तरमा छलफल गरेर समस्याको समाधान गर्छौं भन्नुभएको छ । भारतले बिआइएसको समस्या छिट्टै समाधान गरेर निकासी सहजीकरण गरिदिनेमा विश्वस्त छु ।

बिआइएसका कारण हाम्रो निर्यात प्रभावित भएको छ

● **राजेशकुमार अग्रवाल**, अध्यक्ष, नेपाल उद्योग परिसंघ



नयाँ उद्योग/उत्पादनले भारतीय गुणस्तर चिह्न 'बिआइएस' पाएका छैनन् भने पुरानाको नवीकरण हुन सकेको छैन । जसकारण स्टिल, सिमेन्ट, जुत्ता, प्लाइउडलगायत वस्तुको भारततर्फको निर्यात प्रभावित भइरहेको छ । बिआइएस नदिने त भनेको छैन, ढिलाइको कारण पनि खुलाएको छैन, प्रक्रियामा छ मात्रै भन्छ । काठमाडौंस्थित भारतीय राजदूतावास पनि छिट्टै हुन्छ, प्रक्रियामा छ मात्रै भन्छ । यो विषय अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पनि जानकारी गराएँ । मन्त्रालयले दुईपटक पत्र काटेको र प्रक्रियामा रहेको जनाएको छ । तर, प्रगति भएको छैन ।

एमालेनिकट प्राध्यापकको भागबन्डा नमिल्दा त्रिविमा डिन नियुक्ति अनिश्चित




मेरिटका आधारमा डिन नियुक्ति गर्न लागेका उपकुलपतिलाई प्रधानमन्त्रीले नै दिए सातदिने अल्टिमेटम

(विस्तृत पृष्ठ ३)

माघ १९ देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १६ घण्टा चल्ने

अहिले ट्याक्सी-वे विस्तारका लागि विमानस्थल १० घण्टा बन्द गरिँदै आएको छ, फेब्रुअरी १ देखि भने आठ घण्टा बन्द गरिने

तीन महिनायता बढ्न थाल्यो महँगीदर



दुई खर्ब नाघ्यो शोधनान्तर बचत, चार महिनामा पाँच खर्ब २१ अर्ब भित्रियो रेमिट्यान्स

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल उद्यमोन्मुख मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सडकको चार मिटर भ्वाङ टाल्न चार महिना

भौतिक पूर्वाधारका सचिवले रिबन काटेर गरे उद्घाटन





शान्ति तामाङ/नयाँ पत्रिका

भ्वाङ परेको कमलादीस्थित काठमाडौं महानगरपालिका कार्यालयअगाडिको सडक टाल्न सरकारलाई चार महिना लागेको छ । टुकुचा (इच्छुमती) खोलामाथिको बक्स कल्भर्ट गत २५ साउनमा भासिएपछि उक्त सडकखण्डमा यातायात पूर्ण रूपमा अवरुद्ध थियो । बिहीबार भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्माले तामझामका साथ रिबन काटेर उद्घाटन गरेपछि सडक सञ्चालनमा आएको छ ।

४.८४ मिटर भ्वाङ टालिएको सडक भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहालले उद्घाटन गर्ने कार्यतालिका थियो । तर, उनको कार्यव्यस्तताले सचिव शर्मा रिबन काट्न पुगे । कार्यक्रममा सडक विभागका महानिर्देशक रामहरि पोखरेल, सडक डिभिजन काठमाडौंका प्रमुख नारायणदत्त भण्डारीलगायतको पनि उपस्थिति थियो ।

सडक डिभिजन काठमाडौंका सूचना अधिकारी महानन्द जोशीका अनुसार सडक सञ्चालनमा आएको कुरा सबैलाई जानकारी होस् भन्ने हेतुले उद्घाटन गरिएको हो । 'बाजागाजा बजाएर, खसीबोका काटेर वा लाखौं खर्च गरेर सडक उद्घाटन गरेको होइन, यसमा आश्चर्य मान्नुपर्ने कुरा केही छैन,' उनले भने, 'हामीले यस्ता कैयौं कल्भर्ट दैनिक टालेका हुन्छौं । यो सडकको चर्चा धेरै भएकाले सञ्चालनमा आयो भन्ने जानकारी दिन उद्घाटन गरिएको हो ।'

चार मिटर सडक बनाउन चारै महिना लागे पनि सडक डिभिजनले भने कार्यतालिकाभन्दा अगाडि नै सडक निर्माण सम्पन्न गरेको भन्दै ठेकेदार कम्पनीलाई सम्मानसहित प्रमाणपत्रसमेत प्रदान गरेको छ । अत्यधिक चाप हुने यो क्षेत्रमा चार

» पृष्ठ ९ मा क्रमशः

स्काउटले संसदीय समितिमा पठायो खड्काल्यान्डका नाममा पाँच करोड १९ लाख बक्यौता रहेको विवरण



ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्काल्यान्ड एन्ड डेभलपमेन्ट प्रालिले अनधिकृत रूपमा प्रयोग गरिरहेको नेपाल स्काउटको जग्गा । फाइल तस्बिर

सुवास भट्ट/नयाँ पत्रिका

नेपाल स्काउटले ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्काल्यान्डका नाममा पाँच करोड १९ लाख बक्यौता रहेको विवरण संसदीय समितिमा पठाएको छ । स्काउटले बिहीबार राज्यव्यवस्था तथा सुशासन समितिमा बक्यौता विवरण पठाएको छ । यो विवरण केही दिनअघि स्काउटले सार्वजनिक लेखासमितिमा पनि पठाइसकेको छ ।

स्काउटको राष्ट्रिय प्रधान कार्यालयले राज्यव्यवस्था तथा सुशासन समितिमा पठाएको खड्काल्यान्ड डेभलपमेन्ट प्रालिसँगको घरभाडा तथा जग्गा भाडासम्बन्धीको बाँकी बक्यौता विवरणअनुसार ०८० चैत मसान्तसम्मको खुद बाँकी बक्यौता पाँच करोड १९ लाख २७ हजार ८५१ रुपैयाँ छ । त्यसमध्ये साँवा दुई करोड ४० लाख ६६ हजार ३५१ रुपैयाँ र जरिवाना दुई करोड ७८ लाख ६१ हजार ५०० रुपैयाँ छ । यो व्यावसायिक भवन र तीन रोपनी जग्गाको तिर्न बाँकी भाडा हो ।

राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले स्काउटबाट बक्यौता विवरण प्राप्त भएको बताए । यो विवरण अब समिति सदस्यहरूलाई वितरण गर्ने र अध्ययनपछि आवश्यक छलफल गर्ने पनि उनले बताए । 'स्काउटले बक्यौता विवरण पठाएको छ,' उनले भने, 'अब समितिले यस विषयमा छलफल गर्छ ।' मन्त्रीले नै बक्यौता नतिर्ने विषय राम्रो नभएको उनको टिप्पणी छ ।

खड्काल्यान्डले ०६५ देखि स्काउटको तीन रोपनी जग्गा भाडामा लिएकोमा आसपासको करिब १२ रोपनीसमेत कब्जा गरेर व्यापारिक गतिविधि चलाएको थियो । ०७३ देखि स्काउटकै दुई व्यावसायिक भवन पनि भाडामा लिएको थियो । तर, भाडा नतिरेपछि र जग्गा खाली गर्न पनि नमानेपछि स्काउटले दायर गरेको मुद्दामा उच्च अदालतले ०७९ असारमै 'जग्गा खाली गर्न' आदेश दिएको थियो ।

अदालतको आदेश पनि नमानेपछि ११ पुस ०८० मा एकै दिन स्काउटले 'उच्च अदालतको फैसला कार्यान्वयनका लागि आवश्यक सहयोग गरिदिन' भन्दै गृहमन्त्री, खेलकुदमन्त्री, काठमाडौं महानगरका मेयर मात्रै होइन, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सबै दलका संसदीय दलको कार्यालय र तीन संसदीय समितिलाई एउटै व्यहोराको पत्र (उजुरी) पठाएको थियो । तर, सत्ता र शक्तिको बलमा भएका बेथितिविरुद्ध परेका उजुरीमा छलफल गराउने र सरकारलाई जवाफदेही बनाउने भूमिकामा रहेका संसदीय समितिहरू नै सत्ता र शक्तिसामु लाचार बन्दै आएका थिए । कतैबाट न्याय नमिलेपछि स्काउटले 'बहाल रकम दिलाई घरजग्गाबाट निष्कासन गरेर खाली गराइदिन' माग गर्दै गत २४ असारमा काठमाडौं जिल्ला अदालतमा फिराद-पत्र (मुद्दा) दायर गरेको छ, जुन विचाराधीन छ ।



ऊर्जामन्त्री दीपक खड्का

वर्षौंदेखि स्काउटको जग्गा तथा संरचना भाडामा लिएर सम्झौताबमोजिम

» पृष्ठ ९ मा क्रमशः

आकस्मिक सेवाविहीन गेटा अस्पताल

शल्यक्रिया कक्ष र आइसियू नभएको भन्दै अस्पताललले आकस्मिक कक्ष सञ्चालन गरेन

धनगढीमा **तेजराज भट्ट**

सञ्चालनमा आएको वर्ष दिनसम्म कैलालीको गेटा अस्पतालमा आकस्मिक सेवा सुरु हुन सकेको छैन । शल्यक्रिया कक्ष र आइसियू नभएको भन्दै अस्पताललले आकस्मिक कक्ष सञ्चालनमा नल्याएको हो । आकस्मिक कक्ष नहुँदा बिरामीले अस्पतालबाट आकस्मिक सेवा पाएका छैनन् ।

सरकारले गेटामा मेडिकल शिक्षा र ६ सय शय्याको अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधार दुई वर्षअघि नै निर्माण गरेको छ । स्थानीयको व्यापक दबाबपछि गत वर्ष कात्तिकबाट ५० शय्याको अस्पताल सञ्चालन गरिए पनि जनशक्ति र उपकरणको अभावमा अस्पताललले सेवा विस्तार गर्न सकेको छैन । आइसियू र मोडुलर शल्यक्रिया कक्ष निर्माणको क्रममा रहेकाले आकस्मिक सेवा सुरु गर्न नसकिएको अस्पतालका सूचना अधिकारी नैनसिंह कार्कीले बताए । उनले शल्यक्रिया कक्षसँगै १२ शय्याको आइसियू निर्माणको काम अगाडि बढेको जानकारी दिए ।

अस्पताललले गत ३१ साउनदेखि अन्तरंग सेवा सुरु गरेको थियो । बिरामीका लागि ३५ वटा शय्या राखिएका छन् ।



तर, हालसम्म बिरामी भर्ना नभएका सूचना अधिकारी कार्कीले बताए । ओपिडीमा भने दैनिक ५० जनासम्मले सेवा लिइरहेका अस्पताललले जनाएको छ । अस्पतालमा मध्यम खालको शल्यक्रिया गर्ने सुविधा छ । अस्पताल प्रशासनका अनुसार हालसम्म चारवटा सामान्य शल्यक्रिया

» पृष्ठ ९ मा क्रमशः



● **डा. विप्लव सापकोटा**,
कन्सल्टेन्ट ओपिडी सर्जन

आइसियू र मोडुलर अप्रेसन कक्ष बन्दै छ, त्यसको काम सकिएपछि आकस्मिक सेवा सुरु गर्छौं । आइसियू, शल्यक्रिया र इमर्जेन्सी सेवा सुरु भएपछि बिरामीको संख्या पनि बढ्ला ।

सेवाग्राहीलाई वडा कार्यालयबाटै तातोपानीले नुहाउने सुविधा

नौला र फरक काम गर्दै आएको ललितपुर महानगर-३ ले दिन्छ सेवाग्राहीलाई निःशुल्क यातायात सेवा

शिवहरि घिमिरे/नयाँ पत्रिका

वडा कार्यालयले सेवाग्राहीलाई तातोपानीले नुहाउनेसम्मको सुविधा दिन्छ भन्ने सुन्दा अचम्म लाग्ला । अझ वडा कार्यालयबाट हैरानी खेपेकाहरूले त भन् पत्याउने कुरै भएन ।

तर, ललितपुर महानगरपालिका वडा नम्बर ३ कार्यालयले सेवाग्राही तथा वडावासीलाई तातोपानीले नुहाउनेसम्मको सुविधा दिँदै आएको छ । पुल्चोकस्थित वडा कार्यालयले ठाडोढुंगा धोबीघाटमा वडावासीका लागि नुहाउन मिल्ने गरी तातोपानीसहितको युनिक सोलार सावर स्टेसन अर्थात् नुहाउने घर निर्माण गरेको छ । ९ कात्तिकदेखि सञ्चालनमा आएको उक्त सावर स्टेसनमा एकैपटक तीनजना पुरुष र तीनजना महिलाले नुहाउन मिल्छ । वडा कार्यालयको यो सुविधा प्रयोग गर्न अचेल दैनिक २० जनासम्म आउने गरेका छन् । कहिलेकाहीं यो संख्या अझै बढी हुन्छ । चिसोको सिजन भएकाले घरमा तातोपानीको सुविधा नभएकाहरू यहाँ नुहाउन आउने गरेको कार्यालयले जनाएको छ ।

वडाध्यक्ष श्रीगोपाल महर्जनका अनुसार सोलार सावर स्टेसनमा नुहाउँदा आफूले प्रयोग गरेको पानीको आधारमा शुल्क तिर्नुपर्छ । ५० लिटरसम्म पानी खर्च भए ८० रुपैयाँ र त्यसले नपुगे थप पैसा तिर्नुपर्नेछ ।

वडा कार्यालयले ०८१/०८२ को नीति तथा कार्यक्रममा तातोपानीले नुहाउने सुविधासहितको घर निर्माण गर्ने योजना ल्याएको थियो । उक्त योजनामा चिनियाँ कम्पनी हिनानले संरचना निर्माण गरिदिने प्रस्ताव गरेपछि वडा कार्यालयले हिनानलाई नै जिम्मा दिएको थियो । करिब ५० लाखमा बनेको युनिक सोलार स्टेसनमा ट्युब सोलार जडान गरिएको छ । जसले पानी तताउँछ । 'यो अलि फरक किसिमको योजना थियो, यसमा चिनियाँ कम्पनीले आफैं निर्माण गरिदिने प्रस्ताव गऱ्यो, सोहीअनुसार नुहाउने घर निर्माण भयो,' वडाध्यक्ष महर्जनले भने, 'कहिलेकाहीं समूह बनाएरै पनि नुहाउन आउँछन्, घरमा तातोपानीको सुविधा नहुनेहरूलाई यसले राहत मिलेको छ ।' यहाँ



पुल्चोकस्थित वडा कार्यालयले ठाडोढुंगा धोबीघाटमा निर्माण गरेको तातोपानीसहितको युनिक सोलार सावर स्टेसन ।
तस्बिर : संजित परियार/नयाँ पत्रिका

इनारबाट तानेको पानी फिल्टर गरेर ट्यांकीमा भरिन्छ । त्यसपछि सोलारमार्फत तातो पारिन्छ ।

■ विपन्नका लागि मासिक एक बोरा चामल र पाँच किलो दाल

वडा नम्बर ३ ले तातोपानीले नुहाउने व्यवस्था मात्रै होइन, विपन्नका लागि मासिक एक बोरा चामल र पाँच किलो दाल पनि प्रदान गरिरहेको छ । वडाले हरेक महिना ५० परिवारलाई यसरी राहत प्रदान गरिरहेको छ ।

साथै, हाइड्रोपोनिक कौसी खेतीका लागि पाँच हजार सहयोग, योगसम्बन्धी व्यावसायिक तालिम र घरायसी सामान मर्मत, क्लिनिक र प्रयोगशालाको व्यवस्था, हाइड्रोजन ग्यासबाट बत्ती उत्पादन, कुहिने फोहोरलाई मल बनाउन कम्पोस्ट बिन वितरण, प्लास्टिक झोला न्यूनीकरणका लागि एक घर, एक कपडाको झोला वितरणसमेत गर्दै आएको छ ।

■ नौला र फरक काम गर्न सधैं अगाडि वडा नम्बर ३

वडा नम्बर ३ ले गरेका काम सुन्दा धेरैलाई रोचक लाग्छ । यस वडा कार्यालयले 'एक बच्चा एक उपहार' अभियानअनुसार सुत्केरीलाई उपहार पनि दिन्छ । गर्भवती र सुत्केरीलाई पौष्टिक खाद्यान्नका लागि प्रतिव्यक्ति दुई हजार दिने गरेको छ ।

यस्तै वडाले अपांगमैत्री वडा भवन निर्माणका साथै सेवाग्राही लिन र छाड्न निःशुल्क विद्युतीय गाडीको व्यवस्था गरेको छ ।

वडाध्यक्ष महर्जनका अनुसार घरघरमा पुगेर स्वास्थ्य परीक्षण, ७० वर्ष उमेर पुगेका वृद्धवृद्धाका लागि घरघरमै सामाजिक सुरक्षालगायत सेवा सुविधा, अपांगता भएका व्यक्तिका लागि औषधि तथा सामान वितरण, सामुदायिक विद्यालयका



● **श्रीगोपाल महर्जन**, वडाध्यक्ष, ललितपुर महानगरपालिका-३

यो अलि फरक किसिमको योजना थियो, यसमा चिनियाँ कम्पनीले आफैं निर्माण गरिदिने प्रस्ताव गऱ्यो, सोहीअनुसार नुहाउने घर निर्माण भयो । कहिलेकाहीं समूह बनाएरै पनि नुहाउन आउँछन्, घरमा तातोपानीको सुविधा नहुनेहरूलाई यसले राहत मिलेको छ ।

विद्यार्थीलाई छात्रवृत्ति, सहुलियत दरमा कम्पोस्ट बिन वितरण गरिन्छ । यसबाहेक वडा कार्यालयले ज्येष्ठ नागरिक मिलन केन्द्र पनि सञ्चालन गरेको छ । वडाकै अग्रसरतामा रक्तसञ्चार सेवा केन्द्र, पुल्चोकबाट निःशुल्क रगत वितरण हुन्छ । युवा तथा उद्यमीहरूलाई उद्यमशील स्वरोजगार कार्यक्रम सञ्चालन, निःशुल्क कानुनी परामर्श सेवा, घरमै पुगेर पाठेघरको मुखको क्यान्सर परीक्षण, कुहिने र नकुहिने फोहोर संकलनका लागि बाल्टिन वितरण, एक घर एक कपडाको झोला अभियानलगायत कार्यक्रम सञ्चालन गरिरहेको छ ।

वडा नम्बर ३ मा जथाभावी ब्यानर, पोस्टर टाँस्नसमेत मनाही छ । सामुदायिक स्कुलका जेहेनदार विद्यार्थी एक पुरुष र एक महिलालाई २५ हजारका दरले छात्रवृत्ति दिँदै आएको छ । यस्तै, स्वास्थ्य सेवा केन्द्रमा स्वास्थ्य कार्डबाट वर्षमा एकपटक निःशुल्क स्वास्थ्य जाँच र स्वास्थ्य कार्ड वितरणको व्यवस्था गरेको छ । 'हामीले पुरानो कागजबाट ब्रिगेट बनाउने, रौंबाट फर्टिलाइजर तयार पार्ने, दीर्घरोगी (सुगर र प्रेसर) का लागि निःशुल्क औषधि र महिनामा एकपटक सुगर जाँच गर्नेलगायत सेवा दिइरहेका छौं,' वडाध्यक्ष महर्जनले भने, 'आफूले गरे अरूले सिक्छन्, अरूले सिके आफूलाई गर्छन् भन्ने सोचमा नयाँ र सकारात्मक काम गरेका हौं ।'

अमेरिकी डलर देखाई साढे ६ लाख ठगी गर्ने दुईजना पक्राउ

काठमाडौं/ अमेरिकी डलर देखाई प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा प्रहरीले दुईजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-६, गाती घर भई भक्तपुर सूर्यविनायक नगरपालिका-८ गणेशबस्तीमा डेरा गरी बस्ने ३७ वर्षीय विक्रम श्रेष्ठ र भक्तपुर सूर्यविनायक नगरपालिका-९, खत्रीटोल डेरा गरी बस्ने ५५ वर्षीय दिलबहादुर श्रेष्ठ रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए । उनले भने, 'भक्तपुर चाँगुनारायण नगरपालिका-४ एकान्त ठाउँमा यही १३ मंसिरमा ओखलढुंगा लिखु गाउँपालिका-९, पोकली घर भएकी ४१ वर्षीया महिलालाई फोन तथा ह्वाट्सएएमार्फत अमेरिकी डलर सटही दर रेटभन्दा सस्तोमा उपलब्ध गराउने भनी प्रलोभन देखाई ६ लाख ५० हजार ठगी गरेको भन्ने सूचनाको आधारमा पक्राउ गरिएको हो ।' उनीहरूको साथबाट प्रहरीले स्कुटर एक थान र मोबाइल चार थानसमेत बरामद गरी अनुसन्धान गरी कारबाहीका लागि जिल्ला प्रहरी परिसर भक्तपुरमा बुझाइएको सूचना अधिकारी एवं प्रहरी उपरीक्षक आचार्यले बताए ।

टुकुचा करिडोर खुलाउन जनप्रतिनिधिको माग

काठमाडौं/ काठमाडौं महानगरपालिकाका जनप्रतिनिधिहरूले इच्छुमति (टुकुचा)को दायाँबायाँ करिडोर निर्माण गर्न माग गरेका छन् । इच्छुमती किनारको दायाँबायाँ चार-चार मिटर मात्र करिडोर निर्माण गर्दा पनि राजधानीको सवारीजाम कम हुने उनीहरूको भनाइ छ । काठमाडौं महानगरपालिका-२ का वडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठ इच्छुमती किनारको दायाँबायाँ चार-चार मिटरको मात्र करिडोर निर्माण गर्दा पनि राजधानीको जाम कम हुने बताउँछन् । काठमाडौं महानगरपालिका-२ मा इच्छुमतीको करिब ६२० मिटर लम्बाइ पर्छ । उनले आफ्नो मात्रै नभएर स्थानीयले पनि बहाव क्षेत्र चार मिटर छाडेर दायाँबायाँ चार-चार मिटरको सडक बनाउनुपर्ने माग रहेको बताए । काठमाडौं उपत्यका विकास प्राधिकरणले पनि इच्छुमतीको बहाव क्षेत्र चार मिटर र दायाँबायाँ चार-चार मिटरको मापदण्ड तोकेको छ । काठमाडौं महानगरपालिका- २ लाजिम्पाटको नील सरस्वतीस्थान क्षेत्रमा करिब १५० मिटर सडक रहेको वडा कार्यालयले जनाएको छ । अर्को भागमा केही टहरा भएकाले त्यसलाई भत्काएर सडक खोल्न सकिने उनले जानकारी दिए । ६२० मिटर क्षेत्रमा ६ देखि सातवटा घर भने नदीकिनारको चार मिटर मापदण्ड मिचेर निर्माण भएकाले त्यसलाई भत्काउनुपर्ने वडाध्यक्ष श्रेष्ठले बताए । यस क्षेत्रमा नदीको मापदण्ड कसले कति मिचेका छन् भन्ने तथ्य पनि वेलावेलामा सार्वजनिक हुने गरेको छ ।

काठमाडौं महानगरपालिका-२८ ले शंकरदेव क्याम्पसअधिको करिब सय मिटर क्षेत्रमा पनि करिडोर खुला गरेको छ । वडा नं. २८ मा रहेको समाज कल्याण परिषद्को जग्गामा भने अहिलेसम्म करिडोर निर्माण हुन सकेको छैन । वडा नम्बर २८ को सबै भागमा करिडोर निर्माण हुनुपर्छ भन्ने स्थानीयवासीको माग रहेको वडाध्यक्ष भाइराम खड्गी बताउँछन् । वडा नम्बर ११ को भद्रकाली प्लाजामा पनि करिब सय मिटर इच्छुमती करिडोर खुला छ ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: पाल्पारोड बुटवल, रुपन्देही
फोन नं.: ०१-५३८३५०२/३५

शाखा कार्यालय : घनगढी, कैलाली
फोन: ०९१-५२६३४८

शाखा कार्यालय: ४ नं. जीतपुर, कपिलवस्तु
फोन नं.: ०७६-५५०४३३

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०८/२८ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबै लाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: पाल्पारोड बुटवल, रुपन्देही

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/१०/११ मा दर्ता नं. ४९५८५/०७७/७८ कायम भई दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १३, स्थित **एस एस ईलेक्ट्रोनिक सेन्टर** **प्रोप्राइटर : श्याम प्रसाद पंगेनि**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. पुरुषोत्तम पंगेनीको नाति, राम प्रसाद पंगेनीको छोरा, नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने **श्याम प्रसाद पंगेनि (ना.प्र.प.नं. २६९४८, नवलपरासी)**
२. राम प्रसाद पंगेनीको बुहारी, श्याम प्रसाद पंगेनीको पत्नी, नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने **मन्जु पंगेनी (ना.प्र.प.नं. ३६२०२७/२०२३, नवलपरासी)**

धितोमा रहेको सम्पत्तिको विवरण

मन्जु पंगेनीको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, सेमलार गा.वि.स./न.पा. वडा नं. १, (सिट नं. १/ङ) (हाल बुटवल उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. १५८८ र १५७६ को क्रमशः क्षेत्रफल ०-०-३-० र ०-०-६-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/१२/१६ मा दर्ता नं. १२०५०/०७२/७३ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, ठोखा न.पा. वडा नं. २, स्थित **सोलमारी कठेज** **प्रोप्राइटर : छविरमन सिउदेल**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. सेतु पाध्यायको नाति, मोदनाथ सिउदेलको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, सिसाखानी गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ४, बस्ने **छविरमन सिउदेल (ना.प्र.प.नं. ४६५/२६८, काभ्रेपलाञ्चोक)**
२. मोदनाथ सिउदेलको बुहारी, छविरमन सिउदेलको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, मेथिन्कोट गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ४, बस्ने **सुभद्रा देवी सिउदेल (ना.प्र.प.नं. ५०३११, काभ्रेपलाञ्चोक)**
३. मोदनाथ सिउदेलको नाति, छविरमण सिउदेलको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, मेथिन्कोट गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ४, बस्ने **सुशिल सिउदेल (ना.प्र.प.नं. ३०१०६२/१८१५८४, काभ्रेपलाञ्चोक)**
४. छविरमन सिउदेलको बुहारी, सुशिल सिउदेलको पत्नी, दैलेख जिल्ला, तोली गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ४, बस्ने **कविता ढकाल (ना.प्र.प.नं. ६३-०१-७१-०१६०६, दैलेख)**

धितोमा रहेको सम्पत्तिको विवरण

छवि रमन सिउदेलको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला करहिया गा.वि.स./न.पा. वडा नं ५, (हाल तिलोत्तमा नगरपालिका वडा नं. ७, रुपन्देही) स्थित कित्ता नं. १३३७ को क्षेत्रफल ०-०-१३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालय : घनगढी, कैलाली

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०२/२९ मा दर्ता नं. २३७०४१/७६/०७७ कायम भई दर्ता भएको कैलाली जिल्ला, घनगढी उप-महानगरपालिका, वडा नं. ५, हसनपुर स्थित **वेष्टर्न नेपाल उड वर्क्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रामचन्द्र जोशीको नाति, काशीनाथ जोशीको छोरा, डोटी जिल्ला, निरौली गा.वि.स./न.पा., वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **लिलाधर जोशी (ना.प्र.प.नं. ०६८३०२८/४७५, डोटी)**
२. काशीनाथ जोशीको बुहारी, लिलाधर जोशीको पत्नी, डोटी जिल्ला, निरौली गा.वि.स./न.पा., वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **जानीका जोशी (ना.प्र.प.नं. ६८३०२८/६५, डोटी)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **लिलाधर जोशीको** नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, साबिक धनगढी न.पा. वडा नं. २ स्थित कि.नं. १०७३ को क्षेत्रफल १७०.०० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगालगापात समेत ।
२. **लिलाधर जोशीको** नाममा मालपोत कार्यालय बेलौरी, कन्चनपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको कन्चनपुर जिल्ला, कालिका गा.वि.स,/न.पा. वडा नं. ३ स्थित कि.नं. ३४८ को क्षेत्रफल १२६१०.०० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगालगापात समेत ।

३. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बाग्लुङमा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन:**

सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
Toyota Hilux 2.4LTR GUN125R-DTFLH-2019	MRODB8CD100121825	2GD-0770615	प्रदेश-३-०१ ०२३ च ८६२७

शाखा कार्यालय: ४ नं. जीतपुर, कपिलवस्तु

ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. ५, लुम्बिनी, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१५ मा दर्ता नं. ८२३५/०७५/७६ कायम भई दर्ता भएको कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा.वडा नं. ६, निठिलहवा स्थित **मिश्रा एकिकृत कृषि फार्म** **प्रोप्राइटर : सुधिर मिश्रा**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गोकरण मिश्रको नाति, अशोक कुमार मिश्राको छोरा, कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा.वडा नं. ६, निठिलहवा स्थित स्थायी ठेगाना भएको **सुधिर मिश्रा (ना.प्र.प.नं. १०२४-४०५१०, कपिलवस्तु)**
२. अशोक कुमार मिश्राको बुहारी, सुधिर मिश्राको पत्नी, कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा.वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **अन्जनी तिवारी (ना.प्र.प.नं. ३८-०१-७१-०५१०६, कपिलवस्तु)**
३. गोकरण मिश्रको नाति, अशोक कुमार मिश्रको छोरा, कपिलवस्तु जिल्ला, तिलौराकोट गा.वि.स./न.पा.वडा नं. ७, तिलौराकोट स्थित स्थायी ठेगाना भएको **सुजीत मिश्र (ना.प्र.प.नं.३८-०१-७०-०११४१, कपिलवस्तु)**
४. गोकरण मिश्रको बुहारी, अशोक कुमार मिश्रको पत्नी, कपिलवस्तु जिल्ला, तिलौराकोट गा.वि.स./न.पा.वडा नं. ७, तिलौराकोट स्थित स्थायी ठेगाना भएको **अस्मिलेश मिश्रा (ना.प्र.प.नं.२/१७/५६२६, कपिलवस्तु)**
५. तौलेश्वर मिश्रको बुहारी, गोकरण मिश्रको पत्नी, कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा.वडा नं. ६, निठिलहवा स्थित स्थायी ठेगाना भएको **मैदन देवी मिश्रा (ना.प्र.प.नं.९२८-१७०, कपिलवस्तु)**

धितोमा रहेको सम्पत्तिको विवरण

सुधिर मिश्राको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, गोवरी गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं.९/ख) स्थित कित्ता नं. १४८६, १४८८ र १४८९ को क्रमशः क्षेत्रफल ०-१-१६-२, ०-३-१-२ र ०-३-१-२ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०८/२८ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु पाल्पारोड बुटवल, रुपन्देही, घनगढी, कैलाली र ४ नं. जीतपुर, कपिलवस्तुबाट प्राप्त गर्न सकिनेछ ।
२. खुद्टाखुद्टै धितोको लागि खुद्टाखुद्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०९/०४ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०९/०५ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा खुद्टाखुद्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु पाल्पारोड बुटवल, रुपन्देही, घनगढी, कैलाली र ४ नं. जीतपुर, कपिलवस्तुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

एमालेनिकट प्राध्यापकको भागबन्डा नमिल्दा त्रिविमा डिन नियुक्ति अनिश्चित

मेरिटका आधारमा डिन नियुक्ति गर्न लागेका उपकुलपतिलाई प्रधानमन्त्रीले नै दिए सातदिने अल्टिमेटम

शिवहरि घिमिरे/नयाँ पत्रिका

एमालेसँग भागबन्डा नमिल्दा त्रिभुवन विश्वविद्यालयका विभिन्न संकायको डिन नियुक्ति प्रक्रियामा अवरोध भइरहेका वेला प्रधानमन्त्री केपी ओलीले एक साताभित्र डिन नियुक्ति गर्न उपकुलपति प्रा.डा. केशरजंग बराललाई दबाब दिएका छन्। बिहीबार बसेको त्रिवि सभाको साधारण बैठकमा ओलीले अर्को त्रिवि सभा बैठकसम्म डिन नियुक्ति प्रक्रिया सक्न निर्देशन दिएका हुन्। त्रिवि सभा बैठक ७ पुसका लागि बोलाइएको छ।

प्रधानमन्त्रीले अवरोधको गाँठो फुकाइदिनुको साटो समय नै तोकेर उल्टै निर्देशन दिएपछि त्रिवि उपकुलपति दबाबमा परेका छन्। बराल गत जेठमा आफूले बनाएको सावधिक पद नियुक्तिसम्बन्धी विनियम, २०८१ अनुसार मेरिटका आधारमा डिन नियुक्ति गर्ने योजनामा छन्। उनले त्रिविमा हुने राजनीतिक भागबन्डा र नियुक्तिलाई व्यवस्थित तथा मेरिटका आधारमा गर्न गत जेठमा पहिलोपटक विनियम तयार पारेका थिए। सो विनियमअनुसार सिफारिस समितिले तीनजना व्यक्तिको नाम सिफारिस गर्ने र सोहीअनुसार कार्यकारी समितिले नियुक्ति गर्छ। तर, अहिले उपकुलपतिले मेरिट अर्थात् पहिलो नम्बरमा सिफारिस भएका आधारमा नियुक्ति गर्दा एमालेनिकट प्राध्यापक नपर्ने भएपछि त्रिवि रेक्टरसहित कार्यकारी परिषद्का व्यक्तिहरूले विरोध गरेका छन्। त्रिवि कार्यकारी परिषद्मा एमालेको बहुमत छ।


त्रिवि सभा बैठक।

बिहीबार बसेको त्रिवि सभामा डिन नियुक्तिलगायतमा ढिलाइ गरेको प्रश्न उठेपछि उपकुलपति बरालले आफ्ना कारणले मात्रै डिन नियुक्ति ढिलाइ नभएको प्रस्टीकरण दिएका थिए। 'मैलेजस्तो दुई नम्बरको भनेर अरूले आरोप खेप्न नपरोस्, त्यही भनेर मैले डिन नियुक्तिमा ध्यान दिँदै छु, ढिलो हुनुको कारण पनि यही हो,' उनले भने।

हाल त्रिविमा आठ डिन र १८ वटा क्याम्पसमा प्रमुख नियुक्ति गर्न बाँकी छ। डिन नियुक्ति नगरिएका संकाय र क्याम्पसहरूमा निमित्त तोकिएको छ। त्यसैले कानुनी प्रक्रियाबाटै छिटो डिन तथा क्याम्पस प्रमुख नियुक्त गर्न उपकुलपतिलाई दबाब आइरहेको हो। सिफारिस समितिले इन्जिनियरिङ, विज्ञान तथा प्रविधि, चिकित्साशास्त्र, वन, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान तथा व्यवस्थापन, मानविकी र शिक्षाशास्त्र संकायका डिनका लागि तीन-तीनजनाको नाम सिफारिस गरिसकेको छ। तर, कुन आधारमा कसलाई नियुक्ति गर्ने भन्ने अलमल बढेको छ।

डिनको कार्यकाल सकिएपछि ती संकायमा खुला प्रतिस्पर्धाबाट डिन नियुक्तिको प्रक्रिया अघि बढाइएको थियो। त्रिविले बनाएको छनोट तथा सिफारिस समितिले सबैजसो संकायमा डिनका लागि तीन-तीनजनाको नाम सिफारिस गरेको छ, तर त्रिवि कार्यकारी परिषद्ले नियुक्ति गर्नसकेको छैन। राजनीतिक दबाब र भागबन्डामा चर्काचर्की हुने अवस्था देखिएपछि उपकुलपति बरालले निर्णय लिन नसकेको स्रोतले बतायो।

मुख्यतः सिफारिस भएका तीनमध्ये एकजनालाई नियुक्ति गर्ने कि मेरिटका आधारमा पहिलो नम्बरकै नाम सिफारिस गर्ने भन्ने विवाद बढेको छ। त्रिवि कार्यकारी परिषद्मा यसमा मतभेद भएकाले उपकुलपति एक्लैले निर्णय लिन सकेका छैनन्। असारदेखि अधिकांश संकायमा डिनको कार्यकाल सकिएको थियो। तर, ६ महिनामा पनि टुंगो लाग्न नसकेपछि उपकुलपतिमाथि विद्यार्थी नेतादेखि प्रधानमन्त्रीसमेत खनिन थालेका छन्। त्रिवि सभाको बिहीबारको बैठकमा प्रधानमन्त्री ओलीले भने, 'अब ७ पुसमा छलफलमा आउँदा नयाँ डिनसहित आउनोस्, पुरानो होइन। डिन नियुक्ति गर्दा मेरिटोक्रेसीमा प्रश्न नउठोस्, मबाट त्रिविमा हस्तक्षेप भएको छैन।'

पुल्चोक इन्जिनियरिङ क्याम्पसका स्ववियु सभापति विराज अर्यालले डिन नियुक्ति गर्न नसक्नु उपकुलपतिको कमजोरी रहेको बताउँदै त्रिवि उपकुलपतिका कारण अशान्त बनेको आरोपसमेत लगाए। तर, त्रिवि प्रवक्ता यमनसिंह बोहराले सिफारिस समितिले डिनको नाम पठाए पनि कार्यकारी परिषद्मा बहुमत नपुग्दा समस्या हुने गरेको बताए। 'सावधिक पद नियुक्तिसम्बन्धी विनियम, २०८१ यसपटक मात्रै जारी भयो, यो निकै महत्त्वपूर्ण काम हो, उपकुलपतिज्यूले नियम मिच्न खोज्नुभएको छैन, दीर्घकालीन रूपमा नियमसंगत बनाउन मापदण्ड नै तय गर्नुभएको छ,' उनले भने, 'तर, विगतको जस्तै प्रक्रियाबाट डिन नियुक्ति गर्नुपर्ने कुरा उठिरहेको छ, कतिपयले त यो विनियममाथि विरोध जनाएका छन्, सिस्टम बसाल्न खोज्दा चुनौती भइरहेको छ।' गत जेठमा विनियम बनाएर उपकुलपति बरालले मेरिटका आधारमै डिन नियुक्ति प्रक्रिया अघि बढाएका थिए।

पहिलो नम्बरकै व्यक्तिलाई नियुक्ति दिने सोचमा उपकुलपति

उपकुलपति प्रा.डा बराल मेरिटकै आधारमा डिन नियुक्त गर्ने तयारीमा रहेको स्रोतले बतायो। उनले पहिलो नम्बरमा सिफारिस भएकालाई नियुक्ति गर्नुपर्ने अडान लिँदै आइरहेका छन्। तर, रेक्टर खड्ग केसी, रजिस्ट्रार केदार रिजाल, व्यवस्थापनका डिन डिल्लीराज शर्मा, प्राध्यापक प्रेमसागर चापागाईं र महानन्द चालिसेले तीनजनामध्ये एकजनालाई नियुक्ति गर्नुपर्ने बताउँदै आएका छन्। त्यसो गर्दा थप जटिलता र आरोप आउने भएपछि बरालले निर्णय लिन नसकेको उपकुलपति सचिवालय स्रोतले जनायो। उपकुलपतिले चाहेअनुसार नियुक्ति गर्दा एमालेनिकट व्यक्ति नपर्ने देखिएपछि उपकुलपतिलाई तीनजनामध्ये जोसुकैलाई पनि नियुक्ति गर्न सकिने नियमका आधारमा अघि बढ्न राजनीतिक दबाब आएको छ। यसमा उपकुलपति सहमत छैनन्। उपकुलपति बरालले यसअघि त्रिविमा ६ जना सहपरीक्षा नियन्त्रक मेरिटकै आधारमा नियुक्ति गरेका थिए।

त्रिवि स्रोतका अनुसार मानविकी तथा सामाजिकशास्त्र संकायमा सञ्जय आचार्य, दुबीनन्द ढकाल र ताराप्रसाद भुसाल, चिकित्सा शिक्षा अध्ययन संस्थानमा सुधा बस्नेत, मोहनराज शर्मा र दिव्यासिंह शाह, इन्जिनियरिङ अध्ययन संस्थानमा भोलानाथ शर्मा, सुवर्ण शाक्य र सुशील बज्राचार्य, वन विज्ञान अध्ययन संस्थानमा ठाकुर सिलवाल, राजेश राई र राजकुमार कोइराला, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा हरिकृष्ण पन्त, किशोर दाहाल र यमबहादुर गुरुङ, विज्ञान संकायमा चेतराज भट्ट, शंकर खनाल र नारायण अधिकारी, शिक्षाशास्त्र संकायमा वेदराज आचार्य, चित्रबहादुर बुढाथोकी र नारायण बेल्वासे, व्यवस्थापनमा भोजराज अर्याल, महानन्द चालिसे र अच्युत ज्ञवालीको नाम सिफारिस भएको छ।

स्रोतका अनुसार मेरिटका आधारमा जाँदा सबैभन्दा बढी फाइदा कांग्रेसलाई हुन्छ। मेरिटअनुसार जाँदा कांग्रेसनिकट प्राध्यापक पाँच र तीनजना माओवादीनिकट पर्छन्। एमाले निल हुने देखिएपछि उपकुलपति बराललाई एमालेनिकट विद्यार्थी संगठन र राजनीतिक दबाब आएको स्रोतको दाबी छ। मेरिटका आधारमा डिन नियुक्ति गर्दा एमालेलाई घाटा हुने देखिएपछि प्रधानमन्त्री ओलीले समेत मेरिटका आधारमा भन्दा पनि तीनजनामध्ये एकजनालाई नियुक्ति गर्नुपर्ने दबाब दिएका छन्। हाल त्रिवि कार्यकारी परिषद्मा एमालेनिकट व्यक्तिको बहुमत भएकाले पनि उपकुलपति बरालले निर्णय लिन नसकेको स्रोतको दाबी छ।

१२ बुँदे नीति पास, त्रिविका क्याम्पसमा पढाउने शिक्षकले परीक्षा दिनुपर्ने

त्रिवि सभामा १२ बुँदे नीति पास भएका छन्। कुलपति प्रधानमन्त्री केपी ओलीसहित बसेको बैठकले विभिन्न विषयसँग सम्बन्धित नीति पास गरेको हो। यसअघि १५ साउनमा बसेको त्रिवि सभाले नीति तथा कार्यक्रम पास नगरी बजेट पारित गरेको थियो। त्यसवेला प्रधामन्त्रीले आफूले नीति तथा कार्यक्रम हेर्न र पढ्न नपाएको भन्दै रोकेका थिए। बिहीबार बसेको बैठकमा सोही नीति तथा कार्यक्रमसहितको बुँदा पेस गरी पास गरिएको हो। नीतिमा समेटिएको एउटा बुँदा भने होल्ड गरिएको छ।

त्रिवि सभाको बिहीबारको बैठकले त्रिविका सबै क्याम्पसमा पढाउने सबै प्रकारका शिक्षकले परीक्षा दिनुपर्ने नीति पास गरेको छ। त्रिविको शैक्षिक गुणस्तरीयता कायम गर्न प्रा.डा. बरालले यो नियम अघि सारेका हुन्। यो नीति पास गरेसँगै अब यसलाई कार्यान्वयनमा लैजाने तयारी त्रिविको छ। शिक्षकहरूको न्यूनतम योग्यताको पुनर्विचार गर्न यस्तो नियम अघि सारिएको हो। बैठकले अब त्रिवि कीर्तिपुर क्याम्पसमा अध्ययन गराउने शिक्षकहरू पिएचडी गरेको हुनुपर्ने नीति पनि पास गरेको छ।

प्रधानमन्त्री ओलीविरुद्ध कर्मचारीको नाराबाजी




त्रिवि सभा बैठकमा सहभागी हुन पुगेका प्रधानमन्त्री केपी ओलीलाई कर्मचारीले बाटोमै रोक्न खोजेका थिए। त्रिविअन्तर्गतका विभिन्न संघसंस्थामा कार्यरत कर्मचारी, प्राध्यापकहरूले बढुवा, तलब सुविधालगायत माग राख्दै धर्ना दिएका थिए। प्रदर्शनमा त्रिवि शिक्षण अस्पतालमा कार्यरत नर्सहरूले पनि आफूहरूको २५ वर्षदेखि पदोन्नति नभएको भन्दै सघाएका थिए। उपकुलपति कार्यालय परिसरमा धर्ना बसेका कर्मचारीलाई बेवास्ता गर्दै ओली त्रिवि सभाको बैठक हलमा पुगे। सभाको बैठक सुरु भएपछि त्रिवि कर्मचारी ट्रेड युनियनका अध्यक्ष छत्र कार्कीले कर्मचारीलाई थाहै नदिई सभा आयोजना गरिएको बताउँदै विरोध गरे। 'कर्मचारीको वृत्तिविकास र अन्य मागहरूलाई बेवास्ता गरिएको छ, सभाबारे सदस्यलाई जानकारी नै भएन,' उनले भने, 'यो त एकलौटी भयो प्रधानमन्त्रीज्यू।' नेपाल पब्लिक क्याम्पसका प्रमुख शत्रुघ्नप्रसाद गुप्ताले सामुदायिक क्याम्पसहरूको मर्का त्रिविले सम्बोधन नगरेको बताउँदै आपत्ति जनाए। 'अहिले ६ सय सामुदायिक क्याम्पस पीडामा छन्, त्रिविका क्याम्पसहरूमध्ये सबैभन्दा धेरै विद्यार्थी सामुदायिकमा छन्, तर ती क्याम्पसहरूको अवस्था दयनीय छ,' उनले भने, 'सामुदायिक क्याम्पसको पहिचान स्थापित हुनुपर्छ, कुलपति बढी जिम्मेवार हुनुपर्छ।'

संसदीय छानबिन समितिको प्रतिवेदनभन्दा बाहिर गएर मुद्दा लगाउन खोजियो : लामिछाने

कास्कीमा **रोहितराज पराजुली**

सहकारीको रकम अपचलन गरेको आरोपमा कास्की प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले संसदीय छानबिन समितिको प्रतिवेदनले भनेको भन्दा बाहिर गएर आफूविरुद्ध सरकारले मुद्दा लगाउन खोजेको बताएका छन्। बिहीबार कास्की जिल्ला अदालतका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासमा उनले पछिल्लो समय नियतवश सिर्जना गरिएको परिस्थितिमा आफूलाई फसाउन च्याप्न खोजिएको जिकिर गरेका थिए।



लामिछानेले इजलासमा आफूविरुद्ध योजनाबद्ध रूपमा जिल्ला-जिल्लामा एउटा जिल्लामा जाहेरी हाल्न लगाएको दाबी गरे। 'एउटा मान्छेमाथि नभएको र संसदीय छानबिन विशेष समितिको प्रतिवेदनले भनेभन्दा बाहिर गएर मुद्दा लगाउन अनुसन्धान गरिएको छ। एउटा जिल्लामा नभएर विभिन्न जिल्लामा जाहेरी हाल्न लगाइएको छ। त्यसैका आधारमा बयानका लागि भनेर जिल्ला-जिल्ला घुमाइएको छ। यो कथामा सम्भवतः मध्यान्तरसम्म जे-जे भनियो त्यही-त्यही गरियो। मध्यान्तरपछि पनि भनेअनुसार नै गर्छौं भन्दैछन्,' उनले भने। लामिछानेले यत्रो दिन हिरासत बस्दा पनि सरकारी पक्षले आफूविरुद्ध प्रमाण जुटाउन नसकेको बताए।

'अनुसन्धान गरेर प्रतिवेदन ल्याउने संसदीय विशेष समितिको सभापतिले नै सिर्जना गरिदिएको 'प्लट'मै अहिले छायांकन भइरहेको हो कि श्रीमान् ? जे-जे भन्नुभएको थियो सबै कुरा पूरा भएर अहिले म ५६ दिनदेखि हिरासतमा छु। सम्मानित अदालतमा म पटक-पटक म्याद थपको सन्दर्भमा आएको छु। बहस पनि राम्रो हुन्छ। तर, अहिलेसम्म अदालत घटना साक्षी मात्रै भइरहेको त हैन भन्ने अनुभूत गरेको छु,' लामिछानेले भने, 'मैले यसो भनेर अदालतप्रतिको विश्वास घटाएको होइन। उस्तै आस्था र सम्मान छ। अहिले सबैले रवि लामिछानेलाई दुःख दिने नियतमै यो सब भइरहेको हो। तर, अदालतले सायद त्यही कुरा बुझेन वा प्रक्रिया नै यस्तै हो।'

त्यसपछि न्यायाधीश पौडेलले लामिछानेलाई मन्त्री भइसकेको व्यक्तिले कानुन र प्रक्रिया बुझेकै होला भनेका थिए। 'प्रहरीले अनुसन्धान गर्दै छौं भनेपछि अदालतले म्याद थपका सन्दर्भमा कानुनअनुसार गर्ने हो। तपाईं मन्त्री भइसकेको व्यक्ति कानुन र प्रक्रिया बुझ्नु भएकै छ। सामान्य व्यक्तिलाई अनुसन्धानको प्रक्रिया जसरी चल्छ त्यसरी नै। फरक किसिमले गर्नुपर्ने अवस्था भए गर्नु पनि पर्छ। मुख्य कुरा कानुन, प्रमाण र दशीपछि अब मुद्दा आउँदा के हुन्छ, त्यो हेर्न बाँकी छ,' उनले भने, 'साक्षीको रूपमा भन्दा पनि अदालतले अनुसन्धान अगाडि बढाउनुस् भनेर कानुनअनुसार म्याद थप गर्ने हो। त्यसमा हाम्रो नियणन्त्रण तपाईंको स्वास्थ्य र मानव अधिकारका कुरामा हुन्छ।'

लामिछानेसँगै पाँचजनालाई पाँच दिन म्याद थप

रास्वपा सभापति लामिछानेसँगै पाँचजनालाई कास्की जिल्ला अदालतले पाँच दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको छ। लामिछानेलाई हिरासतमा राखेर अनुसन्धान गर्न म्याद थप भएको यो सातौँपटक हो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत पाँचैजनालाई नौ दिन म्याद थपका लागि अनुमति माग गरेकोमा न्यायाधीश पौडेलको एकल इजलासले पाँच दिन मात्र म्याद थप गरेको हो।

अदालतले लामिछानेसँगै गोर्खा मिडिया नेटवर्कका तत्कालीन उपाध्यक्षसमेत रहेका पूर्वडिआइजी छविलाल बन्जाडे जोशी, गुल्मी मुसिकोट नगरपालिका- ४ घर भई हाल ललितपुर महानगरपालिका- १५ खुमलटार बस्ने वर्ष ३२ की लीला पछाई, नेचर हर्ब्स इन्टरनेसनल प्रालि, गोर्खा ग्रुप अफ कम्पनी लिमिटेडका सञ्चालक तनहुँ भानु नगरपालिका- ८ बगालेफाँटका ४८ वर्षीय रामबहादुर खनाल र पोखराका कृष्णबहादुर गुरुङलाई म्याद थप गरेको हो।

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको बचत रकम ठगी प्रकरणमा पक्राउ परेका लामिछाने र जोशीलाई प्रहरीले सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अनुसन्धान गरिरहेको छ। लामिछानेलाई प्रहरीले गत २ कात्तिकमा काठमाडौं वनस्थलीस्थित रास्वपा केन्द्रीय कार्यालयबाट पक्राउ गरी पोखरा ल्याएको थियो। पोखरा ल्याएसँगै लामिछानेलाई ४ कात्तिकमा पहिलोपटक ६ दिन, दोस्रोपटक ८ कात्तिकमा सात दिन, तेस्रोपटक तिहार बिदासमेत जोडेर २० कात्तिकमा १० दिन, चौथोपटक २५ कात्तिकमा १३ दिन, पाँचौंपटक ९ मंसिरमा १५ दिन र २३ मंसिरमा चार दिन म्याद थप भएको थियो। थपिएको पाँच दिनको समयमा प्रहरीले जिल्ला सरहकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाउने गरी अन्तिम तयारी गरिरहेको छ।

निजामती सेवा विधेयकमा कांग्रेस

विद्यालय तह पास गरेपछि मात्रै निजामती सेवामा आउन पाउने प्रस्ताव

नयाँ पत्रिका

सत्तारूढ कांग्रेसले विद्यालय तह उत्तीर्ण गरेपछि मात्रै निजामती सेवामा आउन पाउने व्यवस्था गर्नुपर्ने प्रस्ताव गरेको छ। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलमा रहेको संघीय निजामती विधेयकमा आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्दै कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेले कक्षा १२ विद्यालय तह भइसकेकाले सुब्बा र खरदारभन्दा तल भर्ना खोल्न आवश्यक नरहेको धारणा राखे।

'चालकहरू, कार्यालय सहयोगीका लागि हामीले निजी क्षेत्रका कम्पनीबाट न्यूनतम तलब सुविधा तोकेर हायर गर्ने व्यवस्था गरौं। यसबाट निजी क्षेत्रले काम पनि पाउँछ। मान्छे पनि आपूर्ति हुन्छ र सरकारको व्ययभार पनि घट्छ,' घिमिरेले भने।

विधेयकमा दोस्रो तहबाट भर्ना लिने भन्ने राखिएको भन्दै उनले यसलाई हटाएर पाँचौं तहबाट मात्रै भर्ना सुरु गर्नुपर्ने बताए। 'विद्यालय तह पास गरेपछि मात्रै निजामती सेवामा आउन पाउने व्यवस्था गर्दा राम्रो हुन्छ,' उनले भने। घिमिरेले निजामती प्रशासनका समूहहरूलाई अझै बढाउनुपर्ने धारणा पनि राखे। 'अहिले ६ वटा समूह छ। यसले पुगेन। अझै बढाउँ। भूमि, गृह, स्वास्थ्यलगायत बाँकी सेवाको पनि छुट्टै बनाउँ,' उनले भने।

संशोधनकर्ता माओवादी सांसद माधव सापकाटाले समयमा खबर नगरेको असन्तुष्टि जनाउँदै आफ्नो संशोधन प्रस्ताव राखेनन्। '१२ बजेको बैठकका लागि साढे १० बजे फर्मान जारी गर्ने काम राम्रो भएन। एक रात त दिनुस् तयारी गर्न। राम्रो व्यवस्थापन गर्नुपर्‍यो,' उनले भने।

कांग्रेस सचेतक सुशीला थिङले निजामती विधेयकमा महिला कर्मचारीलाई विभेद गर्न नहुने धारणा राखिन्। 'महिला विकासको १२ सय कर्मचारीलाई अन्याय गर्नुहुँदैन। ऐन कार्यान्वयनमा आएपछि उपसचिवबाट माथि जाने बाटो खोल्नुपर्छ,' उनले भनिन्। थिङले निजामती सेवा प्रवेश उमेर घटाउन नहुने धारणा पनि राखिन्। 'सेवा प्रवेशको अधिकतम उमेर पुरुषको ३२ र महिलाको ३७ वर्ष उमेरहद राख्ने प्रस्ताव न्यायोचित छैन,' उनले भनिन्, 'औसत उमेर बढिरहेको सन्दर्भमा साबिककै प्रावधानअनुसार पुरुष ३५ वर्ष र महिला ४० वर्षसम्म प्रतिस्पर्धामा सहभागी हुन पाउने गरी जानु उपयुक्त हुन्छ। यो वैज्ञानिक पनि छ।' ट्रेड युनियनको विषयमा भने कांग्रेस प्रमुख सचेतक र सचेतक मौन रहे।



- **श्यामकुमार घिमिरे**, प्रमुख सचेतक, कांग्रेस

विद्यालय तह पास गरेपछि मात्रै निजामती सेवामा आउन पाउने व्यवस्था गर्दा राम्रो हुन्छ। चालकहरू, कार्यालय सहयोगीका लागि हामीले निजी क्षेत्रका कम्पनीबाट न्यूनतम तलब सुविधा तोकेर हायर गर्ने व्यवस्था गरौं।


स्वतन्त्र सांसद अमरेशकुमार सिंहले निजामती कर्मचारीलाई वर्षमा ३० दिनभन्दा बढी बिदा दिन नहुने धारणा राखे। 'निजामती कर्मचारीलाई ५२ दिन त बिदा नै हुन्छ। अरू बिदा पनि धेरै भयो,' उनले भने, 'वर्षमा ३० दिनभन्दा बढी बिदा नपाउने व्यवस्था गरौं।' सांसद सिंहले कर्मचारी प्रशासनलाई चाकडी प्रथाबाट मुक्त गर्न कुनै पनि कर्मचारी सिंहदरबारमा पाँच वर्षभन्दा बढी बस्न नपाउने व्यवस्था गर्नुपर्नेमा जोड दिए।

समिति सभापति रामहरि खतिवडाका अनुसार विधेयकमा आफ्नो संशोधन राख्न बिहीबार आठजना सांसद उपस्थित थिए। विधेयकमा १२४ सांसदले एक हजार ५८३ वटा संशोधन राखेका छन्। हालसम्म २८ जनाले संशोधन प्रस्तुत गरेका छन्। संशोधनकर्तासँग छलफल गर्न ३ पुसमा अर्को बैठक बोलाइएको छ। मुलुक संघीयतामा गइसकेपछि निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न सरकारले २१ फागुन ०८० मा विधेयक प्रतिनिधिसभामा दर्ता गरेको थियो।

दुर्गा प्रसाईं फेरि समातिए

साइबर अपराधमा ४० हजार धरौटीमा छुटेलगत्तै आपराधिक लाभ र संगठित अपराध कसुरमा सिआइबीद्वारा पक्राउ

नयाँ पत्रिका



विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं अदालतबाट धरौटीमा छुटेलगत्तै पुनः पक्राउ परेका छन्। उनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले काठमाडौं जिल्ला अदालत परिसरबाट बिहीबार पक्राउ गरेको हो।

साइबर अपराध कसुरमा प्रसाईं जिल्ला अदालत काठमाडौंबाट ४० हजार रुपैयाँ धरौटी तिरेर हिरासतमुक्त भएका थिए। तर, आपराधिक लाभ र संगठित अपराध कसुरमा समेत अनुसन्धान भइरहेको हुँदा सिआइबीले उनलाई रिहालगत्तै पक्राउ गरेको हो। सिआइबीका प्रवक्ता एसपी होविन्द्र बोगटीले आपराधिक लाभ र संगठित अपराध कसुरमा समेत अनुसन्धान भइरहेकाले उनलाई पुनः पक्राउ गरिएको बताए। 'साइबर अपराधसम्बन्धी कसुरमा धरौटीमा छुटे पनि उनीविरुद्ध आपराधिक लाभ र संगठित अपराध कसुरमा अनुसन्धान भइरहेकाले पुनः पक्राउ गरिएको हो,' उनले भने।

प्रसाईंविरुद्ध गत १७ मंसिरमा आपराधिक लाभ (एक्स्टर्सन) लिन नहुने कसुर र संगठित अपराध कसुरअन्तर्गत पक्राउ पुर्जी जारी भएको थियो। भारतीय गुन्डा नाइके 'लरेन्स विस्नोई'को नाममा व्यवसायीलाई धम्की दिने झापाको मेचीनगर नगरपालिका- १३ का हरिचन्द्र फुयाँलसँग उनको 'कनेक्सन' देखिएपछि प्रहरीले उनीविरुद्ध आपराधिक लाभ कसुरअन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढाउएको थियो। विद्युतीय कारेबार ऐनअन्तर्गत गत ४ मंसिरमा पक्राउ परेका उनीविरुद्ध सिआइबीले अनुसन्धान गरिरहेको छ।

सिआइबीले ३६ वर्षीय फुयाँललाई गत १४ मंसिरमा झापाबाट पक्राउ गरेको थियो। उनले विभिन्न भारतीय र दुबईको नम्बरबाट टेलिफोन गरी नेपाल व्यवसायीलाई धम्क्याउँदै आएका थिए। त्रासमा रहेका चार व्यवसायीले उजुरी दिएपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो। अनुसन्धानका क्रममा पक्राउ पर्नुअघिसम्म पनि प्रसाईं र फुयाँलबिच टेलिफोन संवाद भइरहेको थियो।

प्रहरीका अनुसार फुयाँलले प्रसाईंकै निर्देशन र योजनाअनुसार नेपाली व्यवसायीलाई धम्की दिँदै आएका थिए। प्रसाईंले धम्की दिनुपर्ने व्यवसायीको सूची नै बनाएर राखेका थिए। सोही सूची उनले फुयाँललाई पठाउँथे। निर्देशनअनुसार फुयाँल झापाको पानीट्यांकी नाका हुँदै भारत पुग्थे। र, लरेन्स विस्नोईको नाम लिँदै नेपाली व्यवसायीलाई भटाभट ज्यान मार्ने धम्की दिन्थे। फुयाँलसँग भारतीय आधार कार्डसमेत भेटिएको छ। आधार कार्डमा टाँसिएको फोटोमा नाम भने नवीन प्रधान लेखिएको छ।

बाणगङ्गा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
बाणगङ्गा कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/८/२८

बाणगङ्गा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका दरभाउपत्रहरू मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्र सँग सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

सि.न.	ठेक्का नं	कामको विवरण	छनोट भएको बोलपत्रदाता/ दरभाउपत्र	कबोल अंक रकम मु.अ.कर सहित रु	कैफियत
१	Re42/SQB/BMO/ KAPIL/WORKS/81-82	Guruhawa Chowk Hudai Sano Thekahi Gaun Sadak ,Ward 10	तावाश्री निर्माण सेवा	८,२४,२९८।३४	
२	Re43/SQB/BMO/ KAPIL/WORKS/81-82	Gangoliya Durga Mandir Dekhi New Vision Sadak Kalopatre,Ward 3	तावाश्री निर्माण सेवा	७,७१,४१९।९९	
३	Re44/SQB/BMO/ KAPIL/WORKS/81-82	Thakurapur Gadesh Mandir Dekhi Durga Mandir Sammako Adhuro Sadak Kalopatre, Ward 4	तावाश्री निर्माण सेवा	९,९६,८२९।००	
४	45/NCB/BMO/ KA-PIL/WORKS/81-82	Construction of First Floor of Laxmanghat Ma.Vi, Ward 6	रेसुङ्गा कन्ट्रक्सन	४६,५६,१५७।५६	
५	46/NCB/BMO/ KA-PIL/WORKS/81-82	Construction of Parking Area and site Devel-opment in Banganga Municipality Office	तावाश्री निर्माण सेवा	२२,६५,२१३।००	
६	49/SQB/BMO/ KA-PIL/WORKS/81-82	Paderiya Nawaraj Khadkako Ghar Purba Paschim Nahar Nirman , Ward 9	विन्ध्यवासिनी निर्माण सेवा	१४,२१,३८९।४५	

UAE मा बैदेशिक रोजगार | कम्पनी : ARMED FORCE OFFICERS CLUB & HOTEL
शहर : UAE

पूर्व स्वीकृत मिति : २०८०/१०/१९ चलानी नं. ६०२१४२२७ LT. No.: 299294

सि.न.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना/ बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने.रु.						
1.	Kitchen Helper	32	0	स. काममा दक्ष	800	२९.५३७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८१ पुष ५ गते (20 Dec. 2024) मा हुने छ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्टाम्पिङ कति लाग्ने र कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १५००/- कामदारले तिर्ने	निशुल्क

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १. आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४. विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, चाहबलमा सम्पर्क गर्नुहोला।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

रवि, माओवादी र राज्यको चरित्र

एउटै काण्डमा मुछिएका एउटा आरोपीलाई जोगाउने र अर्कालाई फसाउने, नंग्याउने, धरपकड गर्ने तथा जेलमा हाल्ने राज्यको प्रवृत्ति घातक छ



● राजेश विद्रोही

अग्रलेख

कुर्सीको प्रतिनिधि हुँदैमा राज्य कसैको निहित स्वार्थ पूरा गर्ने शक्ति वा पेवा बन्नुहुँदैन । तर, यहाँ त्यस्तै भइरहेको छ । इतिहासको पुनरावृत्ति नै राज्यका लागि यतिवेला अभिशाप सिद्ध भएको छ । व्यवस्था परिवर्तनपछि पनि आन्दोलनकारी शक्तिलाई सम्मान गर्ने संस्कारको विकास राज्यसँग भएन । उनीहरूलाई अपमान गर्ने र शासकलाई सेवा गर्ने राज्य चरित्रकै निरन्तरता छ । हिजो जसरी गाउँमा एउटा मान्छे (मुखिया) लाई काखी च्यापेर सिंगो बस्तीमाथि दमन, शोषण, उत्पीडन र कुशासन चलाइन्थ्यो, अहिलेको व्यवस्थाका शासकले पनि त्यसै गरिरहेका छन् । किनकि, उनीहरू पनि सोही पुरानो पुस्ताका प्रतिलिपि शासक हुन् ।

राज्यसत्तामा रहेका मान्छे लोकतान्त्रिक भएनन् भने राज्य शक्ति, प्रणाली र विधिको कसरी दुरुपयोग हुन्छ भन्ने कुराको नमुना र पछिल्लो उदाहरण बनेको छ, सहकारी अपचलनमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथिको छानबिन । तानाशाही राज्य-व्यवस्थाविरुद्ध दशवर्षे माओवादी आन्दोलनमा जसरी सरकार र प्रहरी प्रशासनले माओवादी नेता-कार्यकर्तालाई पक्राउ गरी भए-नभएका सम्पूर्ण घटना उसको टाउकामा थुपार्ने र घटना भएका विभिन्न जिल्ला र ठाउँमा लगेर मुद्दा लगाउने, चरम दुःख र यातना दिने, कारागार चलान गर्ने या दोहोरो भिडन्तका नाउँमा हत्या गर्ने जुन खालको प्रवृत्ति थियो, आजको व्यवस्थामा पनि रविमाथि भइरहेको राज्यको व्यवहार त्योभन्दा फरक छैन ।

आज पनि कतिपय माओवादी नेता-कार्यकर्ता तथा मधेशलगायत आन्दोलनमा सहभागी योद्धा कि त जेलमा छन्, कि अदालत धाइरहेका छन् । शान्ति सम्झौता र प्रक्रियाको कुनै वास्ता गरिएको छैन । कतिपयको त अदालतको दैलो चहार्दाचहार्दै जीवन सकिइसकेको छ । परिवार ध्वस्त भएको छ । आजको व्यवस्था पनि विगतको भन्दा माथि उठ्न सकेको छैन । जबकि उनीहरूकै कारण यो राज्यव्यवस्था सम्भव भएको हो । सत्तामा आन्दोलनरत शक्ति पुग्दा पनि यसको टुंगो लगाउन सकेको अवस्था छैन ।

हाम्रो राज्यसत्ताले जहिले पनि प्रतिशोध साध्ने काम मात्र गऱ्यो । रवि लामिछाने काण्ड एउटा सानो पक्ष हो । रवि जोडिएको भन्दा पनि ठुला अपराधमा मुछिएका आफ्ना नेता-कार्यकर्ता र आसेपासेलाई काँधमा बोकेर यथास्थितिवादी शक्तिहरू हिँडिरहेका छन् । राज्यशक्ति आफ्नो हातमा हुँदा एउटै काण्डमा मुछिएका एउटा आरोपीलाई जोगाउने र अर्कालाई फसाउने, नंग्याउने, धरपकड गर्ने तथा जेलमा हाल्ने राज्यको प्रवृत्ति घातक छ । जबकि रविले कानुनलाई सघाउँछु, अनुसन्धानमा सहयोग गर्छु, छानबिन गर, समिति बनाऊ भनेकै थिए ।

फौजदारी मुद्दामा घटना जोडिएको ठाउँमा जहाँबाट पनि मुद्दा हाल्न सकिन्छ । र, त्यो मुद्दा त्यहींको अदालतले हेर्नुपर्छ । शासक, प्रशासकका लागि यो ठुलो हतियार हो । फौजदारी अभियोग पनि बाहिरै राख्ने र पूर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने दोहोरो चरित्रको भयो । यसले पहुँचवाला र शासक, प्रशासकले जोसँग पनि प्रतिशोध साधेर थुनामा राखी बदनाम गर्ने, चरित्र हत्या गर्ने, जसरी पनि दोषी करार गर्ने खालको प्रयास हुन थालेको छ । यो ठुलो अन्याय र मानव अधिकार उल्लंघनको विषय हो । त्यसैले, अनुसन्धान समान रूपमा हुनुपर्छ । कारबाही पनि समान रूपमै हुनुपर्छ ।

रवि जोडिएका घटनामा पाँच-६ वटा जिल्ला मुद्दा हाल्न लगाएर रविलाई गलाउने, सकाउने, हैरान पार्ने, दुःख दिने र चुनाव लड्न नसक्ने गरी उनको राजनीतिक भविष्य र दल सकाउने गरी प्रायोजित हमला भएको देखिन्छ । किनभने, सहकारीलगायत विभिन्न क्षेत्रमा सत्ताधारी शक्तिकै नेता-कार्यकर्ता र संगठनको हालीमुहाली छ । राम्रोसँग अनुसन्धान गर्ने हो भने लामो समयदेखि राज्यसत्तामा बसेर मोज गरेका विपक्षी दलका कोही पनि बाँकी रहँदैनन् । त्यसैले, उनीहरू पारदर्शी ढंगले एउटा शक्तिशाली आयोग बनाएर नियमन गर्ने वा समस्याको दीर्घकालीन समाधान गर्ने पक्षमा देखिँदैनन् । उनीहरू व्यक्ति विशेषमै केन्द्रित भएर नागरिकलाई भ्रमित गरिरहेका छन् ।

रविमाथि जहाँ-जहाँ सकिन्छ, त्यहाँ-त्यहाँ मुद्दा



हाल्ने, लैजाने, बदनाम गराउने, सता र शक्तिको विधि र प्रक्रियाको चरम दुरुपयोग गर्ने नियत देखिन्छ सत्ताको । संसारकै मूल्य-मान्यता उल्लंघन हुने गरी, लोकतन्त्रको धज्जी उडाउने गरी, हिजोको तानाशाही व्यवस्थाको झल्को दिने गरी बन्दीलाई रातोदिन सुत्न र आरामसमेत गर्न नदिई, खानपिन र स्वास्थ्योपचारसमेतलाई ख्याल नगरी रातारात दौडाउनु निन्दनीय छ । राज्य यसरी किन खनिइरहेको छ, रविविरुद्ध ? रवि नामुद बदमास नै हो भनेर मान्छेमा कसरी छाप पार्न सकिन्छ भन्नेतिर अनुसन्धान उन्मुख छ । भोलि मुद्दा जिल्ला हुँदै पुनरावेदन र सर्वोच्चसम्म पुग्छ । अदालतले दोषी ठहर गरेपछि मात्र रवि दोषी ठहरिने हुन्, तबसम्म सत्ताले चाहँदैमा उनी दोषी साबित हुने होइनन् ।

> विगतमा आफूहरूले गरेका गलत क्रियाकलापविरुद्ध प्रश्न उठाउने रविहरूलाई सत्ताबाटै विस्थापित गर्ने, बेदखल गर्ने र आफ्नो साम्राज्य कायम राख्ने यथास्थितिवादी दलहरूको सिन्डिकेटका कारण अहिले छानबिनको नाटक चलिरहेको बुझ्न कठिन छैन

अनुसन्धानलाई प्रभावित पार्न सत्ताले आफ्नो 'फेवर'को सिडिओ या प्रहरीका हाकिम सरुवा गरिरहेकै छ । न्यायालयमा राजनीतिक भागबन्डाका आधारमा न्यायाधीश नियुक्ति छँदै छ । कानुनको कुन धारा उपधारा प्रयोग गर्न सकिन्छ, जोडघटाउ भइरहेकै छ । सबै कुराको टुंगो लागेपछि रवि दोषी भए दोषी हो, कारबाही हुन्छ, हुनु पनि पर्छ । तर, नयाँ राजनीतिक शक्तिलाई टाउको उठाउनै नदिने नियतले यसरी आक्रमण गरिनु भने स्वीकार्य हुन सक्दैन । रविले बदमासी गरेकै छन् भने पनि सत्तामा बसेकाहरू पनि रविभन्दा कम छैनन् । यस्तोमा उनीहरूमाथि चाहिँ अनुसन्धान गरिनुपर्दैन ? कानुन प्रयोगमा समेत सत्ताले दोहोरो मापदण्ड अपनाउन मिल्छ र ?

रविले सत्तामा बसेर अपराध कर्म गरेका होइनन् । अन्य दलका नेता, कार्यकर्ता र आसेपासेले लामो समय सत्तामा बसेर अपराध र दुष्कर्म गरेका छन् । यती, ओम्नी, वाइडबडी, एनसेल, सुन काण्ड, भुटानी शरणार्थी काण्ड, बालुवाटार र बाँसबारी जुत्ता कारखाना जग्गा प्रकरण, बुढीगण्डकीलगायत कति छन् कति, काण्डैकाण्ड र प्रकरणहरू । रविले गरेको भनिएको सहकारी बचत अपचलन वा जे भन्नुस्, त्यसको तुलनामा कैयौं गुणा ठुला छन् यी काण्ड । तर, त्यसको छानबिन र अनुसन्धान किन भइरहेको छैन ? कहाँ छ सरकार र तिनको अख्तियार तथा सम्पत्ति शुद्धीकरण गर्ने निकाय ? सत्ता, सरकार र निजी क्षेत्रमा समेत उनीहरूकै हालीमुहाली छ । राज्यलाई आलोपालो गरी मिलेर दोहन गर्ने, ऐन-कानुनलाई समेत प्रभावमा पार्ने गरिएको छ । जति पनि बेथिति, भ्रष्टाचार र कुसंस्कार चलिरहेको छ । त्यसमा सुधार खोज्नेलाई उनीहरूले सहन सकेका छैनन् । राजनीतिमा जस्तो खालको लुट, बेथिति र कुसंस्कार चलाइरहेका छन्, मोजमस्ती गरिरहेका छन्, जनताको करमा लुट मच्चाइरहेका छन् । नागरिकले कुनै सुविधा पाएका छैनन् । सत्ताधारीहरू नागरिकप्रति चरम अनुदार छन् । यसबारे प्रश्न उठाउने रविहरूलाई सत्ताबाटै विस्थापित गर्ने, बेदखल गर्ने र आफ्नो साम्राज्य कायम राख्ने यथास्थितिवादी दलहरूको सिन्डिकेटका कारण अहिले छानबिनको नाटक चलिरहेको बुझ्न कठिन छैन । त्यसैले उनीहरूको साम्राज्य ढाल्ने गरी शक्तिशाली बन्दै गएको उदीयमान नयाँ दल र राजनीतिक शक्ति उनीहरूका लागि सबैभन्दा ठुलो राजनीतिक शत्रु देखिएको हुनाले यो हत्कण्डा प्रयोग भइरहेको छ ।

रास्वपामा संसारकै ठुला विश्वविद्यालयमा पढेलेखेका उत्कृष्ट र दिग्गज पात्र छन् । स्वास्थ्य, शिक्षा, कानुन र आर्थिक क्षेत्रमा आफ्नो अब्बल सुझबुझ भएकाहरू छन् । उनीहरूले पनि रविमाथि कपटपूर्ण तरिकाले छानबिनको नौटंकी हुँदै छ भनेर जनतामाझ स्थापित गराउन सकेका छैनन् । रविमाथि भइरहेको अन्यायविरुद्ध उनीहरूले सशक्त आवाज उठाउन सक्नुपर्थ्यो । हाम्रा नेतामाथि मात्र होइन, आरोप लागेजति सबैमाथि छानबिन गर भनेर सामूहिक ढंगले अगाडि बढ्नुपर्थ्यो । तर, उनीहरू पनि तिम्रामाथि अनुसन्धान गर्दैनौ भने हाम्रामाथि चाहिँ किन गर्छौ भन्ने प्रश्नमै सीमित देखिए । उनीहरूले सत्तामा रहेका दल र तिनका नेता-कार्यकर्ताको कमजोरी र अन्यायलाई मुद्दा बनाएर अगाडि बढ्नुपर्थ्यो, त्यसमा उनीहरू चुकेको देखियो । सत्ताधारी र तिनका आसेपासेहरू मुछिएका विभिन्न काण्डको खोजी गरी सार्वजनिक गरेर त्यसलाई हतियार बनाई आन्दोलन अगाडि बढाउनुपर्थ्यो । उनीहरूले भनेको 'निलो क्रान्ति'लाई बिस्तारै 'रातो क्रान्ति'का रूपमा अगाडि बढाउँदै लानुपर्थ्यो । सत्ता, सरकार र पुरानो दलप्रतिको वितृष्णालाई क्यास गर्दै नयाँप्रतिको आशा र भरोसा जगाउँदै लानुपर्थ्यो । तर, यसमा रास्वपाका दिग्गज नेताहरू चुकेको देखियो । त्यसैले, अबका दिनमा उनीहरूले आफूलाई पुनर्तालगी गराउनुपर्छ । आफ्नो आन्दोलन र पार्टी सञ्चालनको शैली बदल्नुपर्छ । ठुला मुद्दाप्रति उनीहरूले आफ्नो आन्दोलन सामूहिक रूपमा विस्तार गर्नुपर्छ । सत्तासीनले काखी च्यापेका ठुला अपराधी, आरोपीलाई जनतासामु नंग्याउँदै कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ । अर्बौं अरब रकम डुबेको सहकारीपीडितका लागि पनि सबैभन्दा उत्तम उपाय के हुन सक्छ, यसबारे गम्भीरतापूर्वक बहस गरी विकल्प निकाल्न सक्नुपर्छ । एउटा पारदर्शी खालको शक्तिशाली आयोग गठन गर्ने, प्रभावकारी ऐन-कानुन बनाउने तथा सबैमाथि छानबिन र कारबाही गर्ने पहलकदमी लिनुपर्छ । यो सहकारी छानबिन काण्ड सानोतिनो काण्डका रूपमा मात्र रहन सक्दैन । किनकि, यहाँ सर्वसाधारणको अर्बौं रुपैयाँ फसेको छ । यस समस्याको समाधान खोज्नु सबैको दायित्व हो ।

३ प्रश्न

कांग्रेसको इतर समूहका नेता **गुरुराज घिमिरे**लाई



के उद्देश्यले महाधिवेशनकेन्द्रित दबाब अभियान थालनी गर्नुभएको हो ?

१५औं महाधिवेशनलाई समयमै सम्पन्न गराउनु दबाब अभियानको प्रमुख उद्देश्य हो । हामीले सम्पर्क कार्यालय खोलेर सबैलाई जोड्नेगरी अभियान थालेका छौं । कांग्रेस केन्द्रीय समितिको कार्यकाल चार वर्ष हो । त्यसमा हामी प्रवेश गरिसकेका छौं । अहिले म्याद थपका लागि कुनै विशेष परिस्थिति पनि नभएकाले चारवर्षे अवधिभित्रै महाधिवेशनका लागि राजनीतिक र सांगठनिक पूर्वाधार तयार गर्नुपर्छ । त्यसका लागि केन्द्रीय समिति अग्रसर भएको र पार्टीले पनि पहलकदमी लिएको देखिएन । यो आमपार्टी कार्यकर्ताको चासो र चिन्ताको विषय भएकाले हामीले दबाब अभियान सुरु गरेका हौं ।

सभापतिले समयमै महाधिवेशन हुन्छ भनिरहँदा पनि ०८२ मा महाधिवेशन नहुने संशय किन ?

महाधिवशेनमा ढिलाइ हुन्छ कि भन्ने हामीलाई आशंका छ । महाधिवेशन गर्न त तयारी हुनुपऱ्यो । व्यावहारिक तदारुकताविना महाधिवेशन हुँदैन । विधानको व्यवस्थाअनुसार ०८२ मंसिरमा महाधिवेशन हुनुपर्छ । सदस्यता वितरणदेखि अन्य प्रारम्भिक गतिविधि कहिलेदेखि सुरु गर्ने भन्ने कार्यतालिका बनेर काम सुरु हुनुपर्ने हो । कुनै तयारी नै नभई कसरी विश्वास गर्न सकिन्छ ? यसका लागि हामीले केन्द्रीय समितिमार्फत दबाब बढाउन लागेका छौं । हामी पार्टीलाई सुझाव र दबाब दुवै दिन्छौं ।

आफ्नो अभियानका गतिविधि कसरी अघि बढाउनुहुन्छ त ?

हामी यसबारे आवाज उठाउन सबैलाई आह्वान गर्छौं । आवश्यकता पर्दा हामी जिल्ला जिल्लामा पुगेर अन्तर्क्रिया गर्छौं । यथोचित सबै प्रयास गर्छौं । हामी पार्टीको निर्वाचन प्रणालीबारे पनि बहस चलाउँछौं । अभियानमा सबैका लागि ढोका खुला छ । हामी गुटगत बहस गर्दैनौं । यसले संस्थागत कुरा गर्छ र सबैलाई जोड्ने कोसिस गर्छ ।

प्रेरक प्रसंग

घृणा र ईर्ष्याको बोझ

एकपटक एक महात्माले आफ्ना शिष्यहरूसित भोलिपल्टको प्रवचन सुन्न आउँदा कुहिएका आलुमा आफूले सबैभन्दा ईर्ष्या र घृणा गर्ने व्यक्तिका नाम लेखेर ल्याउन अह्राए । महात्माले जति जनामाथि ईर्ष्या र घृणा छ, त्यति नै आलु ल्याउनुपर्ने आदेश दिएका थिए । भोलिपल्ट सबै शिष्य आलु लिएर आए । कसैका साथमा चार, कसैसित ६ त कसैसित आठ-दश आलु थिए । सबैमा उनीहरूले आफूले ईर्ष्या र घृणा गर्ने गरेका मानिसका नाम लेखेका थिए । प्रवचनको समयमा सबैका साथमा रहेको आलुको झोलातिर संकेत गर्दै महात्माले भने- मेरा प्रिय शिष्यहरू हो ! तपाईंहरूले मेरो अनुरोधलाई स्विकार्दै आफूले ईर्ष्या र घृणा गर्ने पात्रका नाम लेखी जुन आलु ल्याउनुभएको छ, त्यसलाई आगामी सात दिनसम्म खाँदा, सुत्दा, हिँड्दा, काम गर्दा जतिखेर पनि आफूसँगै राख्नुहोला ।

शिष्यहरूले महात्मा के चाहन्छन् भन्ने अनुमान लगाउन सकेनन् । तैपनि, उनीहरूले आदेशको अक्षरशः पालना गरे । दुई-तीन दिनपछि नै शिष्यहरू एक-अर्कासित गुनासो गर्न थाले । जोसित बढी आलु थियो, तिनीहरू बढी नै कष्टमा थिए । जसोतसो उनीहरूले सात दिन बिताए । सात दिनपछि उनीहरू महात्माको शरणमा पुगे ।

उनीहरूको हालत देखेर महात्माले भने- अब तपाईंहरू सबैले आआफ्नो आलुको झोला निकालेर बाहिर फोहोर राख्ने स्थानमा छाडेर आउनुहोस् । सबैले त्यसै गरे । त्यसपछि पुनः महात्माले प्रश्न गरे- बितेका सात दिन कस्ता रहे ? शिष्यहरूले आआफ्ना कष्टबारे सुनाए । आलुको दुर्गन्धले सताएको र अहिले निकै हल्का महसुस भइरहेको पनि उनीहरूले बताए ।

महात्माले भने- मात्र सात दिनमै तपाईंहरूलाई यी आलु यति ठुलो बोझ बने भने जो-जो मानिसलाई तपाईंहरू ईर्ष्या या घृणा गर्नुहुन्छ, उनीहरूको बोझ तपाईंहरूको दिमागमा पक्कै पर्छ । र, यो बोझ तपाईंहरू जीवनभर बोकिरहनुहुन्छ । एकछिन सोच्नुहोस् त, ईर्ष्या र घृणाको बोझबाट तपाईंको मस्तिष्कमा कस्तो प्रभाव पर्ला ? त्यसैले, आजैदेखि ईर्ष्या र घृणालाई मनबाट निकालिदिनुहोस् र मनलाई स्वच्छ र स्वस्थ राख्नुहोस् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मन्त्रीको दादागिरी कहिलेसम्म ?

नेपाल स्काउटको जग्गा र भवन भाडामा लिएर पार्टी प्यालेस र रेस्टुरेन्ट चलाउँदै आएका ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्काल्यान्डले लामो समयदेखि बाँकी राखेको भाडा तिर्न सहमति जनाएछ । सायद, मिडिया र सचेत सर्वसाधारणको निरन्तरको खबरदारीका कारण कम्पनी बक्यौता भाडा तिर्न सहमत भएको हुन सक्छ । तर, उसले समयमै भाडा नतिर्दा लागेको जरिवाना भने नतिर्ने दाबी गरेको समाचार पढेपछि केही लेख्न मन लाग्यो । यसरी समयमै भाडा नतिर्ने र नियमानुसार लाग्ने जरिवाना नतिरी पचाउन खोज्ने मन्त्रीको दादागिरी कहिलेसम्म चल्ने हो ? के मन्त्रीले यहाँ जे गरे पनि हुन्छ हो ?

● **स्वरूप केसी**, लाजिम्पाट, काठमाडौं

तीनकुनेको पुल कहिले बन्छ ?

कुनै वेला सँगै निर्माण थालेको काठमाडौंको बबरमहलको धोबीखोलामाथि बनेको पुल सम्पन्न भई सञ्चालन भएको आठ वर्ष भइसक्दा पनि तीनकुने शान्तिनगरको बागमती नदीमाथिको पुलको बिजोग देख्दा नेपालको राजधानीमै विकासको बेथिति, नेताहरूको अक्षमता र भ्रष्टाचारको नमुनाले हामी सबैलाई जिस्क्याएजस्तो लाग्न थालेको छ । यति लामो समयसम्म पनि त्यो पुल नबनेको देख्दा हामी राजधानीवासीलाई लाज लाग्न थालिसक्यो । तर, राज्य सञ्चालकलाई भने त्यसबारे थाहासम्म छैन कि जस्तो देखिनु विडम्बना हो ।

● **चन्द्र श्रेष्ठ**, काठमाडौं
cmst555@gmail.com

भ्रातृ संस्था किन भद्रगोल ?

कांग्रेसले आफ्ना भ्रातृ संस्थाको महाधिवेशन आगामी चैत मसान्तभित्र गरिसक्ने गरी निर्देशन समिति गठन गरेको समाचार पढियो । तर, यसपालि पनि तिनको महाधिवेशन हुन्छ नै भनेर ढुक्क हुन सकिने स्थिति भने छैन । किनकि, कांग्रेसले आफ्ना भ्रातृ संस्थालाई सुदृढ र सशक्त बनाउन चाहेकै छैन । उसलाई त आफ्ना भ्रातृ संस्था भद्रगोल अवस्थामै चल्दा खुसी लाग्छ । भद्रगोल संस्थाका नेताहरू दास बन्न पनि तयार हुन्छन् नि त, होइन र ?

● **सबिना मुल्मी**
कुपन्डोल, ललितपुर

सम्झौताको कानुनी व्याख्या चाहियो

'टेक्निकल सपोर्ट एन्ड एड फाइनान्सिङ' को शाब्दिक अर्थ के हो ? शाब्दिक व्याख्या गर्दा यसको अर्थ अनुदान लाग्छ कि ऋण ? वा दुवै अर्थ लाग्छ ? यसको उत्तर खोज्ने वेला आएको छ । अन्तर्राष्ट्रिय कानुनको ज्ञान भएका प्रतिष्ठित कानुनविद्हरूले आआफ्ना धारणा व्यक्त गरी यसबारे प्रस्ट पार्नु आवश्यक भएको छ । यो उनीहरूको नागरिक दायित्व पनि हो । नेपाली समाजले राजनीतिक दलहरूको व्याख्यामा हत्तपत्त विश्वास गर्दैन । दल र तिनका नेता आआफ्ना स्वार्थका लागि जे पनि बोल्छन्, जे पनि गर्छन् भन्ने आमनेपालीलाई थाहा छ ।

यसर्थ बिआरआईको सम्झौताबारे प्रधानमन्त्री, मन्त्री, कांग्रेस वा एमालेले बोल्दा या व्याख्या गर्दा जनताले विश्वास गर्दैनन्, स्वतन्त्र विज्ञ वा स्वतन्त्र कानुनविद्ले बोलेमा मात्र विश्वास गर्छन् । प्रधानमन्त्री ओली र उहाँको आर्थिक सल्लाहकार युवराज खतिवडाले बिआरआई सम्झौताले अनुदान र सहुलियतपूर्ण ऋण दुवै लिन सक्ने बाटो खोलेको बताइरहनुभएको छ । अझ खतिवडाले त एक कदम अगाडि बढेर सम्झौता गर्दा चीनले अनुदान अर्थात् 'ग्रान्ट' शब्द हटाएर 'एड फाइनान्सिङ' लेख्न लगाएको बताएका छन् ।

चर्चित अधिवक्ता गान्धी पण्डितले एड फाइनान्सिङ लेखेपछि अनुदान लिने बाटो सदाका लागि बन्द भएको र अब केवल ऋण मात्र नेपाललेलिन सक्ने दाबी गरेका छन् । गान्धीको दाबी र तर्कमा कांग्रेस र एमालेको धारणा के छ ? जनता जान्न चाहन्छन् । यसबारे तिनले तत्काल मुख खोलून् ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

सधैं हाम्रा मित्र हुँदैनन् साम्राज्यवादका शत्रु

साम्राज्यवादविरोधी अभियान त्यतिवेला मात्र सफल हुनेछ, जब साम्राज्यवादविरोधीले न्यूनतम नैतिक मापदण्ड कायम राख्नेछन्



देश / विदेश

● यानिस भारुफाकिस

१५ अगस्ट २०२१ मा जब काबुलमा अमेरिका समर्थित सत्ता ढल्यो, मैले अमेरिकी साम्राज्यवाद पराजित भएकामा राहत व्यक्त गरेको थिएँ । तर, जिहादी तालिबानको हातमा अफगान महिलाले भोग्नुपर्ने पीडालाई लिएर भय पनि व्यक्त गरेको थिएँ । लगत्तै अमेरिकी उदार-साम्राज्यवादी समूहले मलाई तालिबानको विजयोत्सव मनाएको आरोप लगायो । साम्राज्यवादीका अनुसार अमेरिकी साम्राज्यवादको समर्थन गर्नुहुन्न भने तपाईं जिहादीहरूको समर्थक हुनुपर्छ । वास्तवमा अमेरिकी साम्राज्यवाद र यसको क्रूरताले बलियो बनाएका जिहादी दुवैको समान रूपमा विरोध गर्नु हाम्रो दायित्व थियो र गर्यौं । तर, साम्राज्यवादी सोचले यो बुझ्न सक्दैन । यो तप्काले अमेरिकी साम्राज्यवादी आक्रमणले तिनै जिहादीलाई सशक्त बनायो, जसले अफगान महिलालाई लैंगिक विभेदको कठोर नियन्त्रण राखेको थियो भन्ने बुझ्दैनन् । गत आइतबार सिरियामा असद सत्ताको पतन भयो र जिहादीले दमास्कस कब्जा गरे । र, यसपटक मैले एक अत्याचारी सत्ताको पतन भएकामा राहत व्यक्त गरेँ र लेखेँ- 'सिरियालीले पर्याप्त दुःख भोगिसके । सिरियालीले इराकी र लिबियालीजस्तै आफ्ना तानाशाहको पतनपछि थप दुःख भोग्न नपरोस् भन्ने सुनिश्चित गर्नुपर्छ । र, त्यसका लागि पश्चिमा वा गैरपश्चिमा विदेशी शक्तिलाई मुलुकबाट टाढा राख्नुपर्छ ।' काबुलको पतनको घटनामा झैं मलाई फेरि जिहादीका लागि विजयोत्सव मनाएको आरोप लगाइयो र यसपटक यो आरोप अमेरिकी साम्राज्यवादविरोधीले लगाएका थिए । यो तप्काले पनि अमेरिकी साम्राज्यवादका समर्थकले 'तपाईं हाम्रो पक्षमा हुनुहुन्न भने तपाईं हाम्रो विपक्षमा हुनुहुन्छ' भन्ने कुतर्क गरेका थिए । मेरा साम्राज्यवादविरोधी आलोचकले असदको तानाशाही शासनले उनलाई अपदस्थ गर्ने जिहादीलाई नै बलियो बनाएको थियो भन्ने बुझ्न सकेनन् ।

असद (वा उनीभन्दा अगाडिका इराकका सद्दाम हुसेन) जस्ता तानाशाहलाई समर्थन गर्नु राम्रो ठान्ने साम्राज्यवादविरोधीलाई मेरो सन्देश यसप्रकार छ । साम्राज्यवादविरुद्ध लड्न र दीर्घकालीन रूपमा विजय प्राप्त गर्न हामीले जनताको मन एवं मस्तिष्क जित्नुपर्छ । र, हामीले तानाशाहहरूलाई समर्थन गरेर यसो गर्न सक्दैनौं, अर्थात् यी तानाशाह हाम्रा शत्रुका शत्रु हुन् भन्दैमा जनताले घृणा गर्ने पात्रलाई समर्थन गर्न मिल्दैन । तर, के इराक अमेरिकी सेनाले सद्दामलाई अपदस्थ गर्नुअघि राम्रो अवस्थामा थिएन ? केहीले सोध्छन् । पक्कै पनि राम्रो थियो । के पश्चिमले गद्दाफीलाई हटाउनुअघि लिबियाको अवस्था ठिक थिएन र ? पक्कै पनि थियो । असदको पतनपछि सिरिया झन् ठुलो रक्तपातको सिकार हुने जोखिममा छैन र ? पक्कै पनि छ । यसका बाबजुद सद्दाम, गद्दाफी वा असदलाई साम्राज्यवादको विकल्पका रूपमा 'समाधान' मान्न सकिँदैन । यी पात्रको तानाशाही सत्ताले आफ्नै जनतालाई टाढा पार्छ र अन्ततः पतन हुन्छ, अर्थात् यी पात्र साम्राज्यवादको प्रतिरोध गर्न असमर्थ हुन्छन् । केही समयका लागि ती प्रमुख साम्राज्यवादी मुलुक अमेरिकाका शत्रु हुन सक्छन् । तर, यसले यी तानाशाह पात्रलाई साम्राज्यवादविरोधीको मित्र बनाउँदैन ।

संक्षेपमा भन्ने हो भने साम्राज्यवादविरोधी अभियान त्यतिवेला मात्र सफल हुनेछ, जब साम्राज्यवादविरोधीले न्यूनतम नैतिक मापदण्ड कायम राख्नेछन् । यही नैतिकता हाम्रो सबभन्दा ठुलो हतियार हो, न कि एके ४७ वा एन्टी-एयरक्राफ्ट मिसाइल हो । किनभने, हामी न्यूनतम नैतिक मापदण्डमा अडिग रह्यौं भने हामी विश्वव्यापी रूपमा ती जनसमुदायको समर्थन जित्न सक्छौं, जसले सैद्धान्तिक मानवतावादी अडानको कदर गर्छन् । यसले हामीलाई एकातिर जिहादीलाई काबुल कब्जा गर्नबाट रोक्न अफगानिस्तानमा दुई दशक लामो कब्जा अनिवार्य भएको भन्ने र अर्कातर्फ दमास्कसलाई जिहादीले कब्जा गरेकोमा उत्सव मनाउने पश्चिमा मिडियाको द्वैध चरित्रलाई सजिलै उदांगो बनाउन पनि मद्दत गर्नेछ । दुर्भाग्य, हामीले न्यूनतम नैतिक मापदण्ड कायम राखेनौं र आफ्ना शत्रुका विपक्षमा रहेका तानाशाहलाई समर्थन गऱ्यौं भने शत्रुका प्रिय तानाशाहको विरोध गर्ने हाम्रो अडान पनि पश्चिमा मिडियाको जत्तिकै पाखण्डी सुनिनेछ । र, विश्वास गर्नुस्, त्यो नै पश्चिमा मिडिया, साम्राज्यवाद र तानाशाहीलाई सबैभन्दा ठुलो उपहार हुनेछ, किनभने यो अवस्था तिनका 'तानाशाह' र हाम्रा 'तानाशाह'बिचको प्रतिस्पर्धामा सीमित हुनेछ ।



तस्बिर : एपी

सद्दाम हुसेनको तानाशाही र जर्ज डब्लु बुसको इराकमाथिको आपराधिक आक्रमणको विरोध गर्न कुनै द्विविधा मान्नुपर्दैन । न त मिलोसेभिक नै सही थिए, न त सर्बियाली नागरिकलाई तारो बनाएर गरिएको नेटोको बमबारी सह्य थियो । न त तालिबानको अत्याचार ठिक थियो, न त अफगानिस्तानमाथि अमेरिकी आक्रमण नै जायज थियो । न त असदको सत्ता उचित थियो, न उनलाई अपदस्थ गर्न अमेरिकी समर्थन प्राप्त जिहादीको सत्ता उचित हुनेछ । यो कुनै विरोधाभास होइन, बरु साम्राज्यवादविरोधीका लागि एक मात्र सही र प्रभावकारी उपाय हो ।

असदको पतनपछि हाम्रासामु पश्चिमा मिडियाले नयाँ सिरियाको जन्मको प्रशंसा लेखिरहेको छ । तर, नयाँ सिरियाभरि खसिरहेको अमेरिकी र इजरायली बमबारे एक शब्द पनि बोलेको छैन वा इजरायलले गरिरहेका अतिक्रमणबारे चुइँक्क पनि बोलिँदैन । के तपाईंले गाजामा भइरहेको निरन्तर नरसंहारबारे अब धेरैले कुरा गर्न छाडेको महसुस गर्नुभएको छैन ? वास्तवमा मौनताले यसरी खुट्टा पसार्नु नेतन्याहु तथा उनका अमेरिकी र युरोपेली नरसंहार समर्थकको ठुलो विजय हो । त्यसैले कमरेडहरू ! साम्राज्यवादको विरोध गर्दा न्यूनतम नैतिक मापदण्ड कायम गरौं । र, प्यालेस्टाइनका पक्षमा बोल्न नछोडौं ।

(ग्रिसका पूर्वअर्थमन्त्री भारुफाकिस एथेन्स विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक हुन्)
एक्स डटकमबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कोशीमा पहिचानवादीसँग वार्ता गर्न फेरि समिति

विराटनगर/ कोशी प्रदेश नाम खारेज गराएर पहिचानका आधारमा नामकरण गराउन माग गर्दै आएको पहिचानवादी संघर्ष समितिले निर्णायक आन्दोलन घोषणा गरेपछि कोशी प्रदेश सरकारले वार्ताका लागि तेस्रोपटक मन्त्रीस्तरीय समिति गठन गरेको छ। यसअघि नामकरणको विषयमा पहिचानवादीसँग वार्ता गर्न सरकारले दुईपटक मन्त्रीस्तरीय समिति बनाए पनि वार्ता हुन सकेको थिएन।

बिहीबार बसेको कोशी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर थापा मगरको नेतृत्वमा तीन सदस्यीय वार्ता समिति गठन गरेको हो। समिति सदस्यहरूमा कोशी सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारी र भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राई छन्। आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिवलाई वार्ता समिति सचिव तोकिएको छ। कोशी प्रदेशमा हाल मुख्यमन्त्री हिक्मतकुमार कार्कीको नेतृत्वमा एमाले र कांग्रेस गठबन्धनको सरकार छ। माओवादी, एकीकृत समाजवादी, जसपा, वैज्ञानिक समाजवादी पार्टीलगायतले पहिचानवादीलाई साथ दिने प्रतिबद्धता जनाएका छन्।

प्रदेश सभाले १७ फागुन ०७९ मा तत्काल प्रदेश नं. १ को नाम दुईतिहाइ बहुमतले कोशी नामकरण गरेको थियो। तर, पहिचान पक्षधरहरूले कोशी नाम अस्वीकृत भएको भन्दै पटक-पटक आन्दोलन गर्दै आएका छन्। कोशी नामकरण भएपछि पहिचानवादीले गर्दै आएको पटक-पटकको आन्दोलनमा प्रहरीसँग भिडन्त भइसकेको छ।

राजदूत ओलीले बुझाए चिनियाँ राष्ट्रपतिलाई ओहदाको प्रमाणपत्र

काठमाडौं/ चीनका लागि नेपाली राजदूत डा.कृष्णप्रसाद ओलीले चिनियाँ राष्ट्रपति सी जिनपिङलाई बिहीबार ओहदाको प्रमाणपत्र प्रदान गरेका छन्। 'ग्रेट हल अफ द पिपुल'मा विशेष समारोहबिच २८ जना अन्य विदेशी राजदूतसहित ओलीले ओहदाको प्रमाणपत्र बुझाएका हुन्। कार्यक्रममा चिनियाँ विदेशमन्त्री वाङ यीसहित उच्च चिनियाँ अधिकारी सहभागी रहेको बेइजिङस्थित नेपाली दूतावासले बिहीबार जनाएको छ। राजदूत ओली एक महिनाअघि मात्रै कार्यभार सम्हाल्न चीन गएका थिए।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०८/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्वन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

टाँडी शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
१. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था विभाग, विरगंजमा र.प.नं. ३७७०७१६०७४२४२ अन्तर्गत मिति २०७७/०७/२३ मा दर्ता कायम भएको **सरीभ फार्मेसी** फर्म दर्ता ठेगाना : रत्ननगर न.पा. -८, चितवन स्थायी लेखा नं. ३०५०५७६४०, मिति २०७७/०७/२५ **प्रोप्राइटर : भक्त श्रेष्ठ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा** **२. भक्त श्रेष्ठ** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**भक्त श्रेष्ठ** ना.प्र.नं. २४७ जारी मिति २०५२/०७/१२ जि.प्र.का. चितवन बाबुको नाम : श्रीलाल श्रेष्ठ बाजेको नाम : बल बहादुर श्रेष्ठ स्थायी ठेगाना : कुमरोज -२, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -८, चितवन	**काजीमान श्रेष्ठ** ना.प्र.नं. २४६ जारी मिति २०४३/१०/०२ जि.प्र.का. चितवन बाबुको नाम : श्रीलाल श्रेष्ठ बाजेको नाम : बल बहादुर श्रेष्ठ स्थायी ठेगाना : कुमरोज -२, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -८, चितवन	**तुलसी कुमारी श्रेष्ठ** ना.प्र.नं. २९५ जारी मिति २०४३/०९/३० जि.प्र.का. चितवन पतिको नाम : श्रीलाल श्रेष्ठ ससुराको नाम : बल बहादुर श्रेष्ठ स्थायी ठेगाना : कुमरोज -२, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -८, चितवन

धितोको विवरण

घर/जग्गाको विवरण

ऋणी भक्त श्रेष्ठका लागि मात्र धितो सुरक्षण रहेको

बल बहादुरको बुहारी, श्रीलाल श्रेष्ठको पत्नी, तुलसी कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, कुमरोज गा.वि.स./न.पा. वडा नं. २ क (चन्द्र सूर्य चोक नजिक) स्थित कि.नं. ६९८ को क्षेत्रफल ०-८-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी सरीभ फार्मेसीका लागि धितो मात्र सुरक्षण रहेको

बल बहादुर श्रेष्ठको नाति, श्रीलाल श्रेष्ठको छोरा, भक्त श्रेष्ठको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, देवौली गा.वि.स./न.पा. वडा नं. ४ क (चित्रसारी चोक नजिक) स्थित कि.नं. ६९०, ७१७ र ७१९ को क्षेत्रफल क्रमश: ०-०-७-०, ०-०-६.७५-० र ०-०-१०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
३. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा प्रा.फ.द.नं. ९१९/२०६८-०६९ अन्तर्गत मिति २०६८/१२/२३ मा दर्ता कायम भएको **अम्बिका प्लाई एण्ड ग्लास हाउस** फर्म दर्ता ठेगाना : रत्ननगर न.पा. -१३, चितवन स्थायी लेखा नं. ६००६०१५४६, मिति २०६९/०१/१४ **प्रोप्राइटर : अम्बिका तिवारी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा फोर्स कर्जा** **४. अम्बिका तिवारी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**जीवलाल गौतम** ना.प्र.नं. ६८८९/०४४ जारी मिति २०५८/०५/२८ जि.प्र.का. चितवन बाबुको नाम : गजाधर गौतम बाजेको नाम : दशरथ गौतम स्थायी ठेगाना : भरतपुर -९, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१३, चितवन	**अम्बिका तिवारी** ना.प्र.नं. २९०२४, जारी मिति २०५९/०८/१५ जि.प्र.का. नवलपरासी बाबुको नाम : चन्द्र प्रसाद तिवारी पतिको नाम : जीवलाल गौतम ससुराको नाम : गजाधर गौतम स्थायी ठेगाना : अमरापुरी -२, नवलपरासी हालको ठेगाना : रत्ननगर न.पा. -१३, चितवन

धितोको विवरण

घर/जग्गाको विवरण

१. टिकाराम तिवारीको नातिनी, चन्द्र प्रसाद तिवारीको छोरी, अम्बिका तिवारीको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. ९ ख (जयमंगला चोक नजिक) स्थित कि.नं. ३६८ को क्षेत्रफल ०-०-९-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. दशरथ गौतमको नाति, गजाधर गौतमको छोरा, जीवलाल गौतमको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ६ च (स्टेप बाइ स्टेप बोर्डिङ्ग स्कुल नजिक) स्थित कि.नं. १९३० र १९२९ को क्षेत्रफल क्रमश: ०-०-११-० र ०-०-११-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
५. प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, वागमति प्रदेश, भरतपुर, चितवनमा प्रा.फ.र.नं. १८८६/२०७७/२०७८ अन्तर्गत मिति २०७८/०१/०५ मा दर्ता कायम भएको **एस एस वयर** फर्म दर्ता ठेगाना : रत्ननगर न.पा. -१, चितवन स्थायी लेखा नं. ६१५८५२९७९, मिति २०७८/०१/०६ **प्रोप्राइटर : लक्ष्मी देवी अर्याल दवाडी** **कर्जा शिर्षक : आवधिक कर्जा** **६. कृष्ण प्रसाद दवाडी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**लक्ष्मी देवी अर्याल दवाडी** ना.प्र.नं. ३५१६७३ (पाल्पा) जारी मिति २०४४/११/१९ जि.प्र.का. चितवन बाबुको नाम : धातानन्द अर्याल पतिको नाम : कृष्ण प्रसाद दवाडी ससुराको नाम : टोकनाथ दवाडी स्थायी ठेगाना : रत्ननगर -९, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१, चितवन	**कृति किरण दवाडी** ना.प्र.नं. ३५-०१-७२-०४४०३ जारी मिति २०७२/०४/१९ जि.प्र.का. चितवन बाबुको नाम : कृष्ण प्रसाद दवाडी बाजेको नाम : टोकनाथ दवाडी स्थायी ठेगाना : रत्ननगर न.पा. -९, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१, चितवन	**कृष्ण प्रसाद दवाडी** ना.प्र.नं. २१८७ जारी मिति २०४४/११/०२ जि.प्र.का. चितवन बाबुको नाम : टोकनाथ दवाडी बाजेको नाम : डण्डपाणी दवाडी स्थायी ठेगाना : पंचकन्या -८, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१, चितवन

धितोको विवरण

घर/जग्गाको विवरण

१. धावानन्द अर्यालको छोरी, टोकनाथ दवाडीको बुहारी, कृष्ण प्रसाद दवाडीको पत्नी, लक्ष्मी देवी अर्याल दवाडीको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेस्ता कायम रहेको
   क. चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. ८ क (शान्तिकुञ्ज टोल नजिक) स्थित कि.नं. १८२८ र १८३० को क्षेत्रफल क्रमश: ०-१-१८-० र ०-०-१०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
   ख. चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. ८ क (शान्तिकुञ्ज टोल नजिक) स्थित कि.नं. २६९६ को क्षेत्रफल १६९.३० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
   ग. चितवन जिल्ला, देवौली गा.वि.स./न.पा. वडा नं. २ ख (हरिहर मन्दिर नजिक) स्थित कि.नं. ९८४ को क्षेत्रफल ०-०-९-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. डण्डपाडी दवाडीको नाति, टोकनाथ दवाडीको छोरा, कृष्ण प्रसाद दवाडीको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. ८ क (शान्तिकुञ्ज टोल नजिक) स्थित कि.नं. ७२१ र १६७८ को क्षेत्रफल क्रमश: ०-४-८-० र ०-०-१८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सिन्धुली शाखा, सिन्धुली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २६९४०१/०७८/०७९ अन्तर्गत मिति २०७८/०५/१० मा दर्ता कायम भएको **अन्सु नेशनल इन्टरप्राइजेज कम्पनी प्रा.लि.** कम्पनी दर्ता ठेगाना : कमलामाई न.पा. -६, सिन्धुली स्थायी लेखा नं. ६१००७०८७७, मिति २०७८/०५/१० **संचालक : अन्सु गिरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा फोर्स कर्जा**	**अन्सु गिरी** ना.प्र.नं. २४१३९, जारी मिति २०५९/०१/१६, जि.प्र.का. सिन्धुली बाबुको नाम : रामजी गिरी बाजेको नाम : बाबुराम गिरी स्थायी ठेगाना : दुधौली न.पा. -९, सिन्धुली हालको ठेगाना : कमलामाई न.पा. -६, सिन्धुली

व्यक्तिगत जमानत दिनेको विवरण

सपना गिरी ना.प्र.नं. २०१०४५/२९८ जारी मिति २०६८/०९/०७, जि.प्र.का. सिन्धुली बाबुको नाम : मान बहादुर गिरी पतिको नाम : अन्सु गिरी ससुराको नाम : रामजी गिरी स्थायी ठेगाना : दुधौली -४, सिन्धुली हालको ठेगाना : कमलामाई न.पा. -६, सिन्धुली	**मिना गिरी** ना.प्र.नं. १२८१/३३/१३७६ जारी मिति २०५१/१२/१७, जि.प्र.का. सिन्धुली बाबुको नाम : गंगा लाल गिरी पतिको नाम : रामजी गिरी ससुराको नाम : बाबुराम गिरी स्थायी ठेगाना : दुधौली -४, सिन्धुली हालको ठेगाना : दुधौली न.पा. -९, सिन्धुली	**रामजी गिरी** ना.प्र.नं. २१५५, जारी मिति २०५१/१२/१० जि.प्र.का. सिन्धुली बाबुको नाम : बाबुराम गिरी बाजेको नाम : कृष्ण बहादुर गिरी स्थायी ठेगाना : दुधौली -४, सिन्धुली हालको ठेगाना : दुधौली न.पा. -९, सिन्धुली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
२. प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बागमती प्रदेश, सिन्धुलीमा प्रा.फ.नं. ४४४१/०७८/०७९ अन्तर्गत मिति २०७८/०६/०४ मा दर्ता कायम भएको **प्रवेश किराना पसल** फर्म दर्ता ठेगाना : दुधौली न.पा. -९, सिन्धुली स्थायी लेखा नं. ६१६७७५८७१, मिति २०७८/०६/०४ **प्रोप्राइटर : यम कुमारी गिरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**यम कुमारी गिरी** ना.प्र.नं. २०३०४६/१७१६ जारी मिति २०६३/१२/०८ जि.प्र.का. सिन्धुली बाबुको नाम : सोम बहादुर गिरी पतिको नाम : अनु गिरी ससुराको नाम : रामजी गिरी स्थायी ठेगाना : टाडी -९, सिन्धुली हालको ठेगाना : दुधौली न.पा. -९, सिन्धुली	**अनु गिरी** ना.प्र.नं. ४१०९१ जारी मिति २०६१/१२/१९ जि.प्र.का. सिन्धुली बाबुको नाम : रामजी गिरी बाजेको नाम : बाबुराम गिरी स्थायी ठेगाना : दुधौली -४, सिन्धुली हालको ठेगाना : दुधौली न.पा. -९, सिन्धुली	**रामजी गिरी** ना.प्र.नं. २१५५, जारी मिति २०५१/१२/१० जि.प्र.का. सिन्धुली बाबुको नाम : बाबुराम गिरी बाजेको नाम : कृष्ण बहादुर गिरी स्थायी ठेगाना : दुधौली -४, सिन्धुली हालको ठेगाना : दुधौली न.पा. -९, सिन्धुली

धितोको विवरण (ऋणी अन्सु नेशनल इन्टरप्राइजेज कम्पनी प्रा.लि. र ऋणी प्रवेश किराना पसलका लागि)

जग्गाको विवरण

कृष्ण बहादुर गिरीको नाति, बाबुराम गिरीको छोरा, रामजी गिरीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला, महेन्द्र लदाभिर गा.वि.स./न.पा. वडा नं. ३ क (सुवास कन्ट्रयाक्टर हार्डवयर नजिक) स्थित कि.नं. २९ को क्षेत्रफल ०-१५-६.५०-० विगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
३. अन्सु गिरी ना.प्र.नं. २४१३९, जारी मिति २०५९/०१/१६ जि.प्र.का. सिन्धुली बाबुको नाम : रामजी गिरी बाजेको नाम : बाबुराम गिरी स्थायी ठेगाना : दुधौली न.पा. -९, सिन्धुली हालको ठेगाना : कमलामाई न.पा. -६, सिन्धुली **कर्जा शिर्षक : आवधिक कर्जा**	**सपना गिरी** ना.प्र.नं. २०१०४५/२९८ जारी मिति २०६८/०९/०७, जि.प्र.का. सिन्धुली बाबुको नाम : मान बहादुर गिरी पतिको नाम : अन्सु गिरी ससुराको नाम : रामजी गिरी स्थायी ठेगाना : दुधौली -४, सिन्धुली हालको ठेगाना : कमलामाई न.पा. -६, सिन्धुली	मान बहादुर गिरीको छोरी, रामजी गिरीको बुहारी, अन्सु गिरीको पत्नी, सपना गिरीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ६ (रातामाटे प्लानिङ्ग नजिक) स्थित कि.नं. ३५१ को क्षेत्रफल ०-०-७-० विगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धनगढी मेनरोड शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.नं. २५८३०/०७५/७६ अन्तर्गत मिति २०७५/०५/०३ मा दर्ता कायम भएको **लक्ष्मीश्वरी सप्लायर्स** फर्म दर्ता ठेगाना : टिकापुर न.पा. -१, कैलाली स्थायी लेखा नं. ६०८२७२६०३, मिति २०७५/०५/०४ **प्रोप्राइटर : नेत्र बहादुर विष्ट** **कर्जा शिर्षक : ओभरड्राफ्ट, फोर्स तथा सवारी साधन कर्जा**	**नेत्र बहादुर विष्ट** ना.प्र.नं. ९७३८, जारी मिति २०५९/०५/१३ जि.प्र.का. बर्दिया बाबुको नाम : नवलसिंह विष्ट बाजेको नाम : नर बहादुर विष्ट स्थायी ठेगाना : दौलतपुर -७, बर्दिया हालको ठेगाना : टिकापुर न.पा. -१, कैलाली

व्यक्तिगत जमानत दिनेको विवरण

नवलसिंह विष्ट ना.प्र.नं. २९(०३०)३१ जारी मिति २०३०/०४/०५, जि.प्र.का. बर्दिया बाबुको नाम : नर बहादुर विष्ट बाजेको नाम : रनदल विष्ट स्थायी ठेगाना : दौलतपुर -७, बर्दिया हालको ठेगाना : टिकापुर न.पा. -१, कैलाली	**हिरा देवी विष्ट** ना.प्र.नं. ४/२९६ जारी मिति २०४६/०२/०१, जि.प्र.का. बर्दिया पतिको नाम : नवलसिंह विष्ट ससुराको नाम : नर बहादुर विष्ट स्थायी ठेगाना : दौलतपुर -७, बर्दिया हालको ठेगाना : टिकापुर न.पा. -१, कैलाली	**प्रतिभा विष्ट** ना.प्र.नं. १४६६१, जारी मिति २०६०/०७/२६, जि.प्र.का. बर्दिया बाबुको नाम : कर्ण बहादुर सोडारी पतिको नाम : नेत्र बहादुर विष्ट ससुराको नाम : नवलसिंह विष्ट स्थायी ठेगाना : दौलतपुर -७, बर्दिया हालको ठेगाना : टिकापुर न.पा. -१, कैलाली

धितोको विवरण

घर/जग्गाको विवरण

१. नर बहादुर बिष्टको नाति, नवल सिं बिष्टको छोरा, नेत्र बहादुर बिष्टको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको
   क. कैलाली जिल्ला, सितापुर (मनिकापुर) गा.वि.स./न.पा. वडा नं. ८ (टिकापुर बसपार्क नजिक) स्थित कि.नं. ७८५४ को क्षेत्रफल ६७७.२६ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
   ख. कैलाली जिल्ला, मनिकापुर गा.वि.स./न.पा. वडा नं. ८ (टिकापुर बसपार्क नजिक) स्थित कि.नं. ७८५३ को क्षेत्रफल ६७७.२६ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. नर बहादुर बिष्टको बुहारी, नवल सिंह बिष्टको पत्नी, हिरादेवी बिष्टको नाममा मालपोत कार्यालय राजापुर, बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला, दौलतपुर गा.वि.स./न.पा. वडा नं. ३ (राजापुर न.पा. वडा नं. ३ को कार्यालय नजिक) स्थित कि.नं. १३४ को क्षेत्रफल १-१९-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Mahindra Bolero SC XC 2WD	भे १ च ३०१५	२०१८	GHJ1L13405	MA1ZN2GHKJ1L89140

नोट : यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधन हाल बैंकको नियन्त्रणमा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

कोहलपुर शाखा, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
हरिसरा वि.क. ना.प्र.नं. ६३३०४६/५६, जारी मिति २०६३/११/२४, जि.प्र.का दैलेख बाबुको नाम : नैने कामी पतिको नाम : मन बहादुर वि.क ससुराको नाम : टिके कामी स्थायी ठेगाना : मालीका -१, दैलेख हालको ठेगाना : विरेन्द्रनगर न.पा. -४, सुर्खेत **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**सुनिता वि.क.** ना.प्र.नं. ६५१०१५/१०२९ जारी मिति २०६८/०९/१७, जि.प्र.का. बर्दिया बाबुको नाम : सेते कामी पतिको नाम : श्याम बहादुर वि.क. ससुराको नाम : पदमे कामी स्थायी ठेगाना : डेउढाकला -३, बर्दिया हालको ठेगाना : बैजनाथ गा.पा. -५, बाँके

व्यक्तिगत जमानत दिनेको विवरण

मन बहादुर वि.क. ना.प्र.नं. ५०३२/२१, जारी मिति २०६१/०२/२४ जि.प्र.का. दैलेख बाबुको नाम : टिके कामी बाजेको नाम : दत्त बहादुर कामी स्थायी ठेगाना : मालीका -१, दैलेख हालको ठेगाना : विरेन्द्रनगर न.पा. -४, सुर्खेत	**श्याम बहादुर वि.क.** ना.प्र.नं. १५७१९, जारी मिति २०५८/०८/२८, जि.प्र.का. बर्दिया बाबुको नाम : पदमे कामी बाजेको नाम : नेउले वि.क स्थायी ठेगाना : डेउढाकला -३, बर्दिया हालको ठेगाना : बैजनाथ गा.पा. -५, बाँके	**सुरविर कामी** ना.प्र.नं. २६८९, जारी मिति २०४५/०१/१७ इ.प्र.का. बाँसगढी, बर्दिया बाबुको नाम : पदमे कामी बाजेको नाम : नेउले वि.क स्थायी ठेगाना : बाँसगढी न.पा. -९, बर्दिया

धितोको विवरण

जग्गाको विवरण

टिके कामीको बुहारी, मन बहादुर वि.क. को पत्नी, हरिसरा वि.क. को नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, बनकटवा गा.वि.स./न.पा. वडा नं. ४ (जिगाउँ चोक नजिक) स्थित कि.नं. ४५०, ५७५ र ४५२ को क्षेत्रफल क्रमश: १२१.००, १७३.२६ र ४४.३७ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Ashok Leyland ICV Truck	भे १ ख ३८५९	२०२१	MDHZ412397	MB1A2GAC9MRDP8072

लिलाम बिक्री सम्वन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वत: जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुन: लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुन: निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ पौष १२ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८१ पौष १४ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

Godawari Municipality
Office of Municipal Executive
Bajrabarahi, Lalitpur
Bagmati Province, Nepal

Invitation for Bids (IFB)

Date of publication:- 2081/08/28 BS. (2024/12/13 AD.)

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

A. Single Stage: Single-Envelope Bidding Procedure

SN	Contract Identification No.	Name of Project	Estimate Amounts NRs (Without VAT but including PS)	Cost of Bidding Document NRs	Bid Security NRs	Date of Pre-bid Meeting	Last Date and Time of Bid Submission	Bid opening Date and Time	Remarks
1	Godawarimun/lalitpur/W/NCB/21/081/82	Interior furnishing works at municipal hall of godawari municipality office, Bajrabarahi, Lalitpur	1,71,62,285.09	3,000/-	4,85,000/-	2081/09/19 BS (2025-01-03 AD) Time: 13:00 hrs.	2081/09/28 BS (2025-01-12 AD) Time: 12:00 hrs.	2081/09/28 BS (2025-01-12 AD) Time: 13:00 hrs.	

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- www.bolpatra.gov.np/egp/
6. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

Chief Administrative Officer

Bakaiya Rural Muncipality
Office of Rural Municipal Executive
Hattisunde, Makawanpur
Bagmati Province, Nepal

Invitation for Electronic Bid

Date of publication: Dec **13 2024 (2081 Mangsir 28)**

1. **Bakaiya Rural Muncipality, Hattisude, Makwanpur** invites electronic bid from eligible bidders for below mentioned **Procurement of Medicines and Surgical Items for Bakaiya Rural Municipality** under National Competitive bidding procedures goods as specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Bakaiya Rural Muncipality, Hattisunde Makwanpur, Mob:9855088066, 9845904682 website:bakaiyamun.gov.np*** of office or may visit e-GP system: www.bolpatra. gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www. bolpatra. gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank: Prabhu Bank, Hattisunde, Makawanpur
   Name of the Office: Bakaiya Rural Muncipality, Hattisunde Makwanpur
   Office Account No.: 2537088849200028 (BAKAIYA GA.PA. ANTARIK RAJASWA KHATA)
   2537088849200128 (BAKAIYA GA.PA. STHANIYA TAHA DHARAUTI KHATA)
4. **Bid Submission Deadline:** ***12:00 hrs 12 Jan 2025 (2081 Paus 28)***

Contract ID No.	Name of Works	Estimated Amount NRs.(without VAT)	Bid Security NRs.	Bid Doc Cost NRs.
BRM/ NCBG/02/2081-082	Procurement of Medicines and Surgical Items for Bakaiya Rural Municipality.	3,511,000.00	90,000.00	3000.00

5. Other information shall be collected from our PPMO's e-GP system: www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

युनलाई पुनः महाभियोग लगाउने तयारी



मार्सल ल लगाउने युनको कदमका कारण दक्षिण कोरिया अहिले वर्षौंपछि गहिरो राजनीतिक उथलपुथलमा फसेको छ

●●●

सियोल / दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले गत साता सैनिक शासन घोषणा गर्ने उनको निर्णयको बचाउ गरेका छन् । सैनिक शासन लागू भएपछि देशको संसद्मा सेना तैनाथ गरिएको थियो । दक्षिण कोरियाली नेतालाई डिसेम्बरको पहिलो साता भएको सैनिक कानुनको घोषणा गर्ने 'नाटकीय राजनीतिक भूमिका'का सम्बन्धमा अनुसन्धानको एक भागको रूपमा विदेश यात्रामा प्रतिबन्ध लगाइएको छ ।

युनको यस कदमले आमनागरिक मात्र होइन, धेरै राजनीतिज्ञलाई स्तब्ध पारेको थियो । यही कदमका कारण दक्षिण कोरिया अहिले वर्षौंपछि गहिरो राजनीतिक उथलपुथलमा फसेको छ । शनिबार युनविरुद्ध पुनः महाभियोगको प्रस्तावमाथि मतदान आयोजना गराउने तयारीबारे प्रतिक्रिया दिँदै युनले भने, 'मैले अन्तिम क्षणसम्म दक्षिण कोरियाली जनताको पक्षमा लड्ने प्रतिबद्धता प्रकट गरेको छु ।'

महाभियोगको मतदान स्थानीय समयअनुसार आगामी शनिबार (डिसेम्बर १४) साँझ ५:०० बजे हुनेछ । यसअघि राष्ट्रपतिविरुद्ध विपक्षी गठबन्धनले दर्ता गरेको महाभियोगको प्रस्ताव मतदानलाई सत्तारुढ पार्टीका करिब सबै सांसदले मतदान बहिष्कार गरेपछि प्रस्ताव विफल भएको थियो । महाभियोगको आवश्यक दुईतिहाइ बहुमत प्राप्त गर्न सत्तारुढ पिपुल्स पावर पार्टी (पिपिपी) का आठ सदस्यको समर्थन आवश्यक छ ।

प्रमुख विपक्षी डेमोक्याटिक पार्टीले राष्ट्रपतिका कर्मचारी र सुरक्षा निकायले कानुन कार्यान्वयनमा अवरोध पुऱ्याए थप कानुनी प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ । युनको कदमविरुद्ध दक्षिण कोरियाको राजधानी सियोलमा गत हप्तादेखि दैनिक प्रदर्शन भइरहेको छ । हजारौँ मानिस युनको राजीनामा मागिरहेका छन् । गत हप्ताको 'सैनिक कानुन (मार्सल ल)' घोषणामा उहाँको कथित भूमिकाका लागि युनका निकट सहयोगी गहन अनुसन्धानको भागिदार बनेका छन् । बिहीबार प्रहरीले सेनाको राजधानी रक्षा कमान्डको मुख्यालयमा छापा मारेको बताएको थियो । युनलाई सैनिक शासन लागू गर्न आग्रह गरेको आरोप लागेका पूर्वरक्षामन्त्री किम योङ ह्युनले मंगलबार जेलमै आत्महत्याको प्रयास गरेको बताइएको छ । किमलाई आइतबार हिरासतमा लिइएको थियो र पछि 'विद्रोहको समयमा महत्त्वपूर्ण कर्तव्यमा संलग्न भएको' र 'नागरिक अधिकारको प्रयोगमा बाधा पुऱ्याउन पदीय अधिकारको दुरुपयोग गरेको' आरोपमा औपचारिक रूपमा गिरफ्तार गरिएको थियो ।

पूर्वगृहमन्त्री र 'मार्सल ल' भूमिकाको जिम्मेवारी सम्हालेका जनरललाई पनि विदेश यात्रामा प्रतिबन्ध लगाइएको छ । दुईजना वरिष्ठ प्रहरी अधिकारीलाई पनि बुधबार बिहान पक्राउ गरिएको छ । पिपिपीले युनको प्रधानमन्त्री हान डक सो र पार्टी प्रमुख हानलाई सत्ता हस्तान्तरण गर्न सक्ने जनायो । तर, युनले विपक्षीले देशलाई 'राष्ट्रिय संकट'मा धकेलेको आरोप लगाउँदै बिहीबार त्यस्तो सम्भावनाको खण्डन गरे ।

इतिहासमा आज



डिसेम्बर १३

सन् २००१ : भारतको नयाँदिल्लीस्थित केन्द्रीय संसद्मा आतंकवादी आक्रमण भयो । आक्रमणमा ६ जना दिल्ली प्रहरी, दुई संसदीय सुरक्षा सेवाका अधिकारी र संसद्का माली मारिए । सुरक्षाकर्मीको कारबाहीमा सबै आक्रमणकारी मारिए ।

सन् १६४२ : डच अन्वेषक अबेल तासमानले न्युजिल्यान्ड टापुलाई पहिलोपटक देखे । सुरुमा उनले यस टापुको नाम 'स्टेटेन ल्यान्ड्ट' राखेका थिए, जसलाई एक वर्षपछि बदलेर निउ जिल्यान्ड राखे ।

सन् १९२० : लिग अफ नेसनलले हेगमा 'परमानेन्ट कोर्ट अफ इन्टरनेसनल जस्टिस (पिसिआइजे)' स्थापना गऱ्यो । यो अदालत दोस्रो विश्वयुद्धपछि हालको इन्टरनेसनल कोर्ट अफ जस्टिस(आईसिजे) मा विकसित भयो ।

सन् १९६१ : नाजी जर्मनीका शीर्ष अधिकारी एडोल्फ एकम्यानविरुद्ध जेरुसेलममा चलेको सुनुवाइको नेतृत्व गरेको अधिवक्ता गिदेओन होस्नरले एकम्यानविरुद्ध मृत्युदण्डको सजायको माग गरे ।

सन् १९८१ : पोल्यान्डको कम्युनिस्ट सरकारले मजदुर संगठनको बढ्दो सरकारविरोधी कदमलाई नियन्त्रण गर्नका लागि सैनिक कानुन लागू गऱ्यो । सैनिक कानुन लागू भएपछि कैयौँ नागरिक अधिकार कटौती गरिए ।

सन् १९८८ : 'प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसन (पिएलओ)'का नेता यासेर अराफातले संयुक्त राष्ट्र संघको महासभामा सम्बोधन गरे ।

सन् २००२ : युरोपेली संघले साइप्रस, द चेक गणतन्त्र, एस्टोनिया, हंगेरी, लात्भिया, लिथुआनिया, माल्टा, पोल्यान्ड, स्लोभाकिया र स्लोभानियालाई सन् २००४ मे १ मा एकैपटक संघको सदस्य हुने घोषणा गऱ्यो ।

सन् २००३ : अमेरिकी फौजले इराकका अपदस्थ राष्ट्रपति सद्दाम हुसेनलाई उनको गृहनगर टिक्रिटनजिक लुकिरहेको अवस्थामा फेला पाऱ्यो ।

सन् २०१७ : वैज्ञानिकहरूले सौर्यमण्डलभन्दा बाहिरबाट आएको वस्तु ओमुआमुआमाथि रेडियो सिग्नल प्रयोग गरेर एलियन प्रविधि नभएको पुष्टि गरे । पछिको अध्ययनले सो वस्तु सौर्यमण्डलबाहिरको ग्रहको टुक्रा भएको देखायो ।

बुल्गेरिया र रोमानिया सेन्जेन क्षेत्रको पूर्ण सदस्य बन्ने

ब्रसेल्स / युरोपेली संघ (इयू) का सदस्य राष्ट्रहरूले बुल्गेरिया र रोमानियालाई अर्को वर्षको प्रारम्भदेखि सीमारहित 'सेन्जेन क्षेत्र'को पूर्ण सदस्य बन्न स्वीकृति दिएका छन् । 'बुल्गेरिया र रोमानियालाई स्वागत गर्न पाउनु ऐतिहासिक क्षण हो,' हंगेरीका गृहमन्त्री स्यान्डर पिन्टरले भने । सन् २००७ देखि युरोपेली संघका सदस्य रहेका यी दुई देशलाई मार्चमा आंशिक रूपमा स्वतन्त्र आवागमन क्षेत्रमा जोडिएको थियो, जसले सीमा क्षेत्रमा विनाजाँच हवाई र समुद्री यात्रा खुला गरेको थियो । यद्यपि, अस्ट्रियाले आप्रवासनको चिन्तालाई लिएर आफ्नो मुलुकमा पूर्ण प्रवेशमा रोक लगाएको थियो र यसले गर्दा स्वतन्त्र रूपमा आवतजावतमा समस्या रहेको थियो ।

भियनाले सोमबार इयूका मन्त्रीहरूको बिहीबारको बैठकमा आफ्नो भिटो प्रयोग नगर्ने घोषणा गरेको छ, जसले जनवरी १, २०२५ देखि दुवैलाई पूर्ण सदस्य बन्ने मार्ग प्रशस्त गरेको छ । बुखारेस्ट र सोफियाले सन् २०१० मा ब्रसेल्सले तोकेका सबै प्राविधिक मापदण्ड पूरा गरेका थिए । तर, विभिन्न सदस्य राष्ट्रले उनीहरूको प्रवेशमा अवरोध गरेपछि सेन्जेन क्षेत्रमा सामेल हुन एक दशकभन्दा बढी समय पर्खिनुपरेको थियो ।

सन् २०२२ देखि अस्ट्रियाले उनीहरूको आवेदन रोकेको छ, जसले वर्षौंदेखि असुरक्षित बाह्य सेन्जेन सीमाहरूको परिणामस्वरूप कागजातविहीन आप्रवासीहरूको असमान संख्याको होस्टिङबारे गुनासो गर्दै आएको थियो । बुडापेस्टमा तीन देशले 'सीमा सुरक्षा प्याकेज' सम्झौतामा हस्ताक्षर गरेपछि अस्ट्रियाले आफ्नो आपत्ति फिर्ता लिएको थियो ।

सम्झौतामा बुल्गेरियाली-टर्की सीमामा संयुक्त रूपमा सीमा रक्षकको तैनाथी र स्थलमार्गमा अस्थायी सीमा नियन्त्रणको प्रारम्भिक अवधि ६ महिनाका लागि हुने अस्ट्रियाका गृहमन्त्री गेरहार्ड कार्नरले बताए । सन् १९८५ मा स्थापना भएको सेन्जेन जोनमा हाल २९ सदस्य रहेका छन् ।

ट्रम्प 'टाइम वर्ष व्यक्ति' घोषित

वासिंटन डिसी / टाइम म्यागजिनले बिहीबार नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई 'पर्सन अफ द इयर (वर्ष व्यक्ति)' घोषित गरेको छ । ऐतिहासिक पुनरागमनलाई संगठित गर्न, एक पुस्ताको राजनीतिक पुनर्संरचना गर्न, अमेरिकी राष्ट्रपतिलाई पुनः आकार दिन र विश्वमा अमेरिकाको भूमिकालाई परिवर्तन गर्न भूमिका खेलेकाले डोनाल्ड ट्रम्पलाई टाइम २०२४-पर्सन अफ द इयर दिइएकोहो । चुनावी अभियानका क्रममा दुईपटक हत्याको प्रयासबाट बचेका ट्रम्प राष्ट्रपति मात्र चुनिएका छैनन् । केन्द्रका दुवै सदनमा आफ्नो दल रिपब्लिकनलाई बहुमत दिलाउन सफल भएका छन् । 'हामीले पपुलिजको उदयले पछिल्लो शताब्दीलाई परिभाषित गर्ने संस्थाहरूप्रति बढ्दो अविश्वास र उदार मूल्य-मान्यताले अधिकांश मानिसको राम्रो जीवनमा नेतृत्व गर्नेछ भन्ने विश्वासलाई बिगार्दै गएको देखिरहेका छौं । ट्रम्प यी सबैको एजेन्ट र लाभार्थी दुवै हुन्,' पत्रिकाले एक विज्ञप्तिमा भनेको छ ।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. वागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८१/०८/२८ गते

यस बैंकको शाखा कार्यालय दूधपाटीबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

सम्बन्धित कार्यालयको नामः कृषि विकास बैंक लि. **शाखा कार्यालय** : दूधपाटी, भक्तपुर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	बाजे/ससुराको नाम	ग्रहकको पिता/पति/पत्नीको नाम	कर्जाको उद्देश्य	साँवा रकम रू.	मिति २०८१।०७।३० सम्मको व्याज रकम रू.	जम्मा तिर्नुपर्ने रकम रू.	धितो मञ्जूरीनामा/व्यक्तिगत जमानत दिने	कैफियत ग्राहक नम्बर
१.	न्यू महाशक्ति हार्डवेयर (प्रो. सरला सिन्ताकला)	ब्यासी-१०, भक्तपुर	लव अवाल	दिजन अवाल	ब्यापार कर्जा	३२,८०,०००।००	३,४०,०००।००	३६,२०,०००।००	लव अवाल	७२६२०
२.	जयराम रिजाल	बागेश्वरी-०५, भक्तपुर	राम प्रसाद रिजाल	अर्जुन प्रसाद रिजाल	व्यक्तिगत ओ.डि. कर्जा	२५,००,०००।००	३,४०,०००।००	२८,४०,०००।००	निर्मला रिजाल	१९५७२६९
३.	सुदरसन बन	छालिङ -०१, भक्तपुर	नन्द प्रसाद बन	राम कृष्ण बन	सरल कृषि कर्जा	१०,००,०००।००	३,७०,०००।००	१३,७०,०००।००	सुदिप प्रसाद बन	१५८२३६२
४.	श्री महादेव प्राडगारिक फर्म (प्रो. प्रवीण शर्मा दुङ्गेल)	कटुन्जे-०४, भक्तपुर	बासुदेव शर्मा दुङ्गेल	कल्पना दुङ्गेल	सरल कृषि कर्जा र सहुलियत कर्जा	३०,००,०००।००	३,४०,०००।००	३३,४०,०००।००	कल्पना दुङ्गेल	१०८७८६०
५.	नगरकोट सनराईज होमस्टे (प्रो. लक्ष्मी लामिछाने)	चाँगुनारायण-०६, भक्तपुर	हरि प्रसाद लामिछाने	राम शरण लामिछाने	महिला उद्यमी सहुलियत कर्जा	१५,००,०००।००	६५,०००।००	१५,६५,०००।००	राज कुमार लामिछाने	१५७३६१७
६.	दाहाल कृषि फर्म (प्रो. विन्दु दाहाल)	सिपाडोल-०३, भक्तपुर	चण्डी प्रसाद दाहाल	भरत प्रसाद दाहाल	सरल कृषि कर्जा	२०,००,०००।००	७०,०००।००	२०,७०,०००।००	भरत प्रसाद दाहाल	१०९३१४७

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय
काठमाडौं ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २८ मंसिर ०८१

माघ १९ देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १६ घण्टा चल्ने

अहिले ट्याक्सी-वे विस्तारका लागि विमानस्थल १० घण्टा बन्द गरिँदै आएको छ, फेब्रुअरी १ देखि भने आठ घण्टा बन्द गरिने



फाइल तस्बिर

नयाँ पत्रिका

आगामी १९ माघदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १६ घण्टा चल्ने भएको छ। हाल धावनमार्गबाट ७५ मिटरभित्र पर्ने ट्याक्सी-वे विस्तारका लागि १० घण्टा विमानस्थल बन्द गरेर १४ घण्टा मात्रै सञ्चालन गरिँदै आएको छ। माघदेखि भने दैनिक आठ घण्टा मात्रै विमानस्थल बन्द गरेर विस्तारको काम गरिने भएको हो।

अहिले विमानस्थल बिहान ८ बजेदेखि बेलुकी १० बजेसम्म मात्रै सञ्चालन हुँदै आएको छ। आगामी १ फेब्रअरी (१९ माघ)देखि भने बिहान ७ बजेदेखि बेलुकी ११ बजेटसम्म विमानस्थल सञ्चालन गरिने भएको हवाई यातायात क्षमता अभिवृद्धि आयोजना प्रमुख दीपेन्द्र श्रेष्ठले जानकारी दिए।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्याम)ले गत २३ कात्तिकदेखि दैनिक १० घण्टा उडान बन्द गरेर विमानस्थल विस्तारको काम गरिरहेको छ। विस्तारको काम आगामी १८ चैतभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। 'एकातर्फ ट्याक्सी-वे विस्तारको कामले राम्रै गति लिएको छ भने अर्कातर्फ धेरै समय विमानस्थल बन्द हुँदा यात्रुलाई समस्या परिरहेको छ,' उनले भने, 'प्राविधिक समस्या नदेखिएको तथा काममा कुनै प्रभाव नपर्ने भएपछि उडान संख्यालाई समेत ध्यानमा राखेर अब आठ घण्टा मात्रै विमानस्थल बन्द गरेर काम गरिने भएको हो।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गबाट ७५ मिटरभित्र पर्ने ट्याक्सी-वे विस्तारको काम २२ प्रतिशत सकिएको उनले बताए। धावनमार्गबाट ७५ मिटरभन्दा बाहिर पर्ने अन्तर्राष्ट्रिय एप्रोन, समानान्तर ट्याक्सी-वेलगायतका काम यसअघिदेखि नै निर्माण भइरहेका थिए।

तीन महिनायता बढ्न थाल्यो महँगीदर

दुई खर्ब नाघ्यो शोधनान्तर बचत, चार महिनामा पाँच खर्ब २१ अर्ब भित्रियो रेमिट्यान्स

पवन तिमिल्सिना / नयाँ पत्रिका

पछिल्लो तीन महिनायता (भदौदेखि) महँगीदर (मुद्रास्फीति) बढ्न थालेको छ। साउनमा ४.०९ प्रतिशत रहेको मुद्रास्फीति भदौमा ३.८६ प्रतिशतमा सीमित थियो। तर, भदौपछि लगातार मुद्रास्फीति बढ्दो क्रममा देखिन थालेको छ। असोजमा ४.८२ प्रतिशत पुगेको मुद्रास्फीति कात्तिकमा आइपुग्दा ५.६ प्रतिशत कायम भएको राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंको तथ्याङ्कले देखाए झै पछिल्लो समय बजार भाउ बढ्दो अवस्थामा देखिएको उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले बताए। 'पछिल्लो समय घोषित र अघोषित रूपमा मूल्यवृद्धि बढिरहेको छ। खासगरी निर्माण र खाद्य सामग्रीको भाउ बढिरहेको छ' उनले भने 'व्यवसायीहरूले कार्टेलिङ गरेर अस्वभाविकरुपमा मूल्य बढाइरहेका छन्।'

उपभोक्ताको दैनिक जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध राख्ने महँगी बढ्दा पनि अर्थशास्त्रीहरू भने माग बढेर आर्थिक गतिविधि चलायमान भएका कारण यसलाई अर्थतन्त्रको सकारात्मक सूचक मान्नुपर्ने तर्क गर्छन्।


नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक केशव आचार्यले विगत दुई वर्षयता वस्तु तथा सेवाको माग बढ्न नसकेर अर्थतन्त्र संकुचनमा गएर निराशालाग्दो अवस्थामा देखिएको समयमा सीमान्त रूपमा मुद्रास्फीतिको वृद्धिले माग बढेको सुखद सन्देश प्रवाह गरेको बताए। उनले भने, 'महँगी सधैँ खराब हुँदैन। अहिलेको मुद्रास्फीति वृद्धिले दुई वर्षदेखि आर्थिक गतिविधि चलायमान नभएको चिन्ता खेपिरहेको अवस्थामा पुनः अर्थतन्त्र लयमा फर्किने आशा जगाएको छ।'

बैंकहरूको कुल निक्षेपमा मुद्दतीको अंश घटिरहेको छ। ब्याजदर घटेपछि मुद्दतीको पैसा बचतमा राख्न थालेको र यस्तो पैसा उपभोगमा खर्च भएको हुन सक्ने उनको बुझाइ छ। उनले भने, 'सीमान्त रूपमा मुद्रास्फीति अलिकति बढेको छ। खासगरी खाद्य पदार्थको मुद्रास्फीति बढेको देखिन्छ। गैरखाद्यको अलिकति मत्थर भएको छ। खाद्यमा पनि तरकारी, घिउ, तेल र दालको बढी योगदान देखिन्छ।'

मुद्रास्फीति बढ्नुमा आपूर्ति वा माग कुन पक्ष हाबी भएको छ भन्ने बुझ्न सूक्ष्म अध्ययन गर्नुपर्ने अर्थशास्त्री आचार्यको विश्लेषण छ। उनले भने, 'अहिलेको मुद्रास्फीति वृद्धि हुनुमा आपूर्ति वा मागको कारण भन्न सकिने अवस्था छैन। आपूर्ति कम भएर मुद्रास्फीति बढी भएको हो कि, माग बढेर हो ?'

कारण जेजस्तो भए पनि मुद्रास्फीतिको दर बढ्दा लगानीकर्तालाई भने प्रोत्साहन गर्ने उनको बुझाइ छ। केन्द्रीय बैंकका अनुसार यो अवधिमा बैंक तथा वित्तीय संस्थामा जाने कर्जा प्रवाह एक खर्ब २८ अर्ब ४७ करोड रुपैयाँले बढेको छ। यो २.५ प्रतिशतको वृद्धिदर हो। गत आवको सोही अवधिमा ९९ अर्ब ४० करोडले मात्रै बढेको थियो। आचार्यका अनुसार निजी क्षेत्रलाई जाने कर्जा उत्साहजनक नभए पनि सीमान्त रूपले बढ्दा माग बढेको देखिएको उनले बताए। उनले भने, 'कर्जा नतिरेर ब्याजलाई पुँजीकरण गरेकाले पनि कर्जा प्रवाह बढ्न सक्छ। यद्यपि, झट्ट हेर्दा कर्जा बढ्नु राम्रो विषय हो। वैदेशिक व्यापार बढेको हुनाले त्यता कर्जा गएको अनुमान लगाउन सकिन्छ।'

कर्जा प्रवाह बढे पनि सरकारी वित्त ऋणात्मक हुँदा कृषि, उद्यमजस्ता क्षेत्रमा सहुलियत कर्जा प्रवाह हुन सकेको छैन। विद्युतीय सवारीसाधनको आयात बढ्दा पेट्रोलियमको आयात घट्नु अर्को सकारात्मक विषय भएको उनको बुझाइ छ।



मुद्रास्फीतिले लय समात्न खोजेको देखिन्छ

● **केशव आचार्य**, अर्थशास्त्री



धेरैपछि मुद्रास्फीतिले लय समात्न खोजेको जस्तो देखिन्छ। सेवाभन्दा खाद्य पदार्थको मुद्रास्फीति बढेको छ। हामीलाई दुई वर्षयता माग नबढेको चिन्ता थियो, त्यसमा सुधार हुन लागेको हो कि भन्ने संकेत देखिएको छ। मुद्रास्फीतिको दर बढ्दा लगानीकर्तालाई प्रोत्साहन गर्छ। अलिकति निजी क्षेत्रलाई जाने कर्जा उत्साहजनक नभए पनि सीमान्त रूपले बढेको छ। यसले माग बढेको हो कि भन्ने अनुमान लगाउन सकिन्छ।

अनुगमन र नियमन कमजोर हुँदा उपभोक्ता मारमा

माधव तिमिल्सिना, उपभोक्ता अधिकारकर्मी



पछिल्लो समय घोषित र अघोषित रूपमा मूल्यवृद्धि बढिरहेको छ। खासगरी निर्माण र खाद्य सामग्रीको भाउ बढिरहेको छ। व्यवसायीहरूले कार्टेलिङ गरेर मूल्य बढाइरहेका छन्। उदाहरणका रूपमा सिमेन्टलाई लिन सकिन्छ। कुनै पनि कारणविनै ह्वात्तै भाउ बढाइयो। यसमा राज्यका निकायहरूको अनुगमन र नियमन कमजोर हुँदा उपभोक्ताले अस्वाभाविक मूल्यवृद्धिको मार खेप्नुपरेको छ।

सरकारी खर्च वृद्धि

केन्द्रीय बैंकका अनुसार चार महिनामा गत आवको सोही अवधिको तुलनामा सरकारी खर्च १६.७ प्रतिशत र राजस्व १६.८ प्रतिशतले बढेको छ। उनले भने, 'चार महिनाको सरकारी वित्त आशालाग्दो देखिन्छ। पुँजीगत खर्च बढेको छ, राजस्व बढेको छ। राजस्व बढ्नु भनेको आर्थिक क्रियाकलापले गति लिएको हो कि भन्न सकिन्छ।'

गत आर्थिक वर्षमा नेपालको मुद्रास्फीति भारतको तुलनामा न्यून हुँदै गइरहेको थियो। चालू आवमा भने नेपालमा भारतभन्दा बढी मुद्रास्फीति देखिन थालेको छ । यसले नेपालको निर्यात गर्ने वस्तुको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने जोखिम बढाएको आचार्यको विश्लेषण छ। अहिले भारतको मुद्रास्फीति ५.४८ प्रतिशत हुँदा नेपालमा ५.६ प्रतिशत पुगेको छ।

दुई खर्ब नाघ्यो शोधनान्तर, पाँच खर्ब भित्रियो रेमिट्यान्स

देशभित्र वस्तु तथा सेवाको माग अपेक्षाकृत वृद्धि नहुँदा बाह्य क्षेत्रको सुविधा चुलिँदै गइरहेको छ। बाह्य क्षेत्रको प्रमुख सूचक शोधनान्तर स्थिति दुई खर्ब पाँच अर्ब ८३ करोडले बचतमा गएको छ। गत आवको सोही अवधिमा यो एक खर्ब ५० अर्ब २४ करोडले बचतमा थियो। अमेरिकी डलरमा भने एक अर्ब ५३ करोड डलरले बचतमा छ। गत आवको सोही अवधिमा एक अर्ब १३ करोडले बचतमा थियो। त्यस्तै, चालू खाता एक खर्ब ४३ अर्ब ४२ करोडले बचतमा पुगेको छ। गत आवको सोही अवधिमा चालू खाता ९७ अर्ब १० करोडले बचतमा थियो।

रेमिट्यान्स आप्रवाहमा ९.१ प्रतिशतले बढेर पाँच खर्ब २१ अर्ब ६३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह २२.५ प्रतिशतले बढेको थियो। गत आवको सोही अवधिमा चार खर्ब ७८ अर्ब रेमिट्यान्स पुगेको थियो।

समीक्षा अवधिमा पाँच अर्ब ७६ करोड प्रत्यक्ष वैदेशिक (इक्विटी मात्र) लगानी भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह तीन अर्ब ६५ करोड मात्रै थियो। विदेशी मुद्राको सञ्चिति २२ खर्ब ५५ अर्ब ३५ करोड रुपैयाँ पुगेको छ। असार मसान्तसम्म यो २० खर्ब ४१ अर्ब १० करोड मात्रै थियो।



सिद्धार्थनगरमा एडिबीको तेस्रो योजना लागू

एक अर्ब १८ करोडको योजना निर्माण गर्न नगरपालिका र निर्माण व्यवसायीबिच सम्झौता

भैरहवामा **दिपेश पछाई**

एसियाली विकास बैंक (एडिबी), नेपाल सरकार र सिद्धार्थनगर नगरपालिकाको संयुक्त लगानीमा सञ्चालन हुने युआरएलआइपी योजनाअन्तर्गतका विभिन्न सहरी सडक निर्माणका लागि नगरपालिका र निर्माण व्यवसायीबिच सझौता भएको छ।

एक अर्ब १८ करोड लागतको उक्त योजनामा बिहीबार सिद्धार्थनगर नगरपालिका र निर्माण कम्पनी इकेके इन्फ्रास्ट्रक्चर लिमिटेड भारतबिच सम्झौता भएको हो। सम्झौतापश्चात् कार्यादेश पाएको नौ सय दिनभित्र निर्माण कम्पनीले योजना सम्पन्न गरिसक्नुपर्नेछ। योजनाअन्तर्गत नाला, फुटपाथ, सेफ्टी रेलिङ, खानेपानी, बिजुली, स्ट्रिटलाइट, सडक कालोपत्र, आरसिसी ढलान तथा नगर सुन्दरीकरणलगायत काम हुने सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमदखानले जानकारी दिए।

यसअघि एडिबीका आइयुडिपी र आरयुडिपीका योजनाहरू सफतापूर्वक सम्पन्न गरेपश्चात् नगरपालिकाले तेस्रो चरणको योजना सुरु गरेको हो। अघिल्ला दुई योजनाको उत्कृष्ट व्यवस्थापन गरेबापत नगरपालिका पुरस्कृतसमेत भएको थियो। सिद्धार्थनगर नगरकी उपप्रमुख उमा अधिकारीले ठेक्का प्रक्रिया छिटो भएर योजना लागू हुने चरणमा पुगेको बताइन्।

युआरएलआइपी योजना रुपन्देहीका सिद्धार्थनगरसहित तिलोत्तमा, देवदह, सैनामैना र लुम्बिनी सांस्कृतिक नगरपालिकामा लागू हुनेछ। त्यसमध्ये सिद्धार्थनगरमा ठेक्का सम्झौता भइसकेको छ भने अन्या पालिकाहरूमा अध्ययन भइरहेको छ। यो योजनाअन्तर्गत विभिन्न २७ वटा सडकतर्फ साढे २३ किलोमिटरभन्दा बढी लम्बाइको सडक निर्माण हुनेछ। सडकतर्फ खासगरी सुगरमिल, सुकुनीपथदेखि डन्डा करिडोर जाने सडक, भीमकालीपथ, दुर्गा कोलिनिका भित्री सडकहरू निर्माण हुनेछन्।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले सम्झौतापश्चात् दुई महिनाभित्र योजना कार्यान्वयनको चरणमा जाने बताए। निर्माण कम्पनी इकेके इन्फ्रास्ट्रक्चर लिमिटेडका प्रतिनिधि विक्रम गौतमले नगरको गौरवको योजना समयमै पूरा गर्ने प्रतिबद्धता जनाए। एडिबीको ऋण लगानीमा हुने यो योजनामा ७५ प्रतिशत नेपाल सरकारको अनुदान, १८ प्रतिशत नगर विकास कोष र नगरपालिकाको ऋण सम्झौता तथा बाँकी ७ प्रतिशत नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोरिने नगरपालिकाका योजना शाखाका इन्जिनियर साकार श्रेष्ठले जानकारी दिए।

स्टार्टअप कार्यक्रम सञ्चालनको सम्झौता

काठमाडौं / व्यवसाय संवर्द्धन केन्द्र तथा स्टार्टअप कार्यक्रम सञ्चालनका लागि उद्योग संगठन मोरङ र पूर्वाञ्चल विश्वविद्यालयले सहकार्य गर्ने भएका छन्। स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमका संयोजक सुरेन्द्र गोल्छा र विश्वविद्यालयका फेकल्टी अफ म्यानेजमेन्टका डिन डा. सन्देशदास श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। संगठनले विगत तीन वर्षदेखि स्टार्टअप एन्ड इनोभेसन कार्यक्रम सञ्चालन गर्दै आएको छ। संघीय सरकारले पनि चालू आर्थिक वर्षको बजेटमार्फत सात प्रदेशमा व्यवसाय संवर्द्धन केन्द्र तथा स्टार्टअप कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ।

कार्यक्रममा कोशी प्रदेशमा उद्योग संगठन मोरङसँग सहकार्य गरी व्यवसाय संवर्द्धन केन्द्र सञ्चालन गर्नु निजी क्षेत्रका लागि गौरवको विषय भएको संगठनका कार्यक्रम संयोजक गोल्छाले बताए। उनले उद्यमशीलता विकासका सन्दर्भमा निजी क्षेत्रको प्रयासलाई संघीय सरकारले पहिचान गरी सहकार्य गर्नुले आफूहरूलाई उत्साहित बनाएको बताए।

सम्झौताअनुसार कार्यक्रमलाई टिपल हेलेक्स पद्धतिअनुसार निजी क्षेत्र, शैक्षिक संस्था तथा स्थानीय सरकारको सहकार्यमा र संघीय सरकारको सहयोगमा विराटनगरमा स्थापना हुने व्यवसाय संवर्द्धन केन्द्रले स्टार्टअप कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने संगठनका वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठीले बताए। उनले उद्योग संगठन, पूर्वाञ्चल विश्वविद्यालय र विराटनगर महानगरपालिकाको सहकार्यमा स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमलाई थप संस्थागत गरिँदै लगिने स्पष्ट पारे।

पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति बिजु थपलियाले युवाहरूलाई उद्यमशीलतातर्फ आकर्षित गर्न संवर्द्धन केन्द्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै केन्द्रबाट प्रदान हुने सेवालाई आवश्यकताअनुसार आगामी दिनमा परिमार्जन र परिष्कृत गरी थप प्रभावकारी बनाउने धारणा राखे।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव छविन्द्र पराजुलीले नेपाल सरकारले युवा उद्यमशीलता प्रवर्द्धन गर्न सातै प्रदेशमा व्यवसाय संवर्द्धन केन्द्र तथा स्टार्टअप कार्यक्रम सञ्चालनका लागि कार्यक्रम बनाएको, उक्त कार्यक्रम कार्यान्वयनका लागि उद्योग संगठन मोरङमा सञ्चालित स्टार्टअप तथा इनोभेसन कार्यक्रमलाई नै थप व्यवस्थित गरी अघि बढाउन लागेको बताए।

चितवन हात्ती महोत्सव हुँदै

कास्की / चितवनको सौराहामा १८औँ संस्करणको चितवन हात्ती तथा पर्यटन महोत्सव २०८१ हुने भएको छ। क्षेत्रीय होटेल संघको नेपाल चिवतनको आयोजना, युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था र रेस्टुरेन्ट एन्ड बार एसोसिएसन नेपालको सहआयोजनामा ११ पुसदेखि १५ पुससम्म महोत्सव हुने भएको हो। अग्रेजी नयाँ वर्षसँगै क्रिसमस डेको अवसर पारी सौराहामा आन्तरिक र बाह्य पर्यटक प्रवर्द्धन गर्ने उद्देश्यले १७ वर्षदेखि महोत्सव आयोजना गर्दै आएको आयोजक संघका उपाध्यक्ष ओमप्रकाश पाण्डेले जानकारी दिए। उनका अनुसार रत्ननगर- ७ स्थित बाघमारा मध्यवर्ती सामुदायिक वनको चौरमा हुने महोत्सवको मुख्य आकर्षणमा जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानी घोषणा कार्यक्रम रहेका छन्।

नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/०५)

महालक्ष्मी नगरपालिका वडा नं. ५, साविक टीकाथली - १, कित्ता नं. १२९ क्षेत्रफल १०२.६२ व.मी. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८१ मंसिर १० मा महालक्ष्मी नगरपालिका वडा नं. ५, कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जादाँ सम्बन्धित तपसीलमा उल्लेखित सँधियारहरूसंग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

उल्लेखित कित्ता जग्गामा घर निर्माण हुदाँ तपाई साँधसँधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिकाको ५ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसँधियारको जानकारीको लागि सुचित गरिन्छ। म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसर निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिश भईजाने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

पूर्व तर्फ : कि. नं. १३०

महालक्ष्मी नगरपालिका कार्यालय

५ नं. वडा कार्यालय, टिकाथली, ललितपुर

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१ मंसिर २८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक)

सुकु महर्जनको छोरी वर्श नारायण डंगोलको श्रीमती वागमती प्रदेश काठमाडौं जिल्ला महानगरपालिका १६ बस्ने वर्ष ७३ को चन्द्रमाया डंगोलको मिती २०८०/१०/२९ मा मृत्यु भएकोले निजको नाउँमा यस जयश्री माता नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.को आवधिक बचत खाता नं. ००१-१०४०१०५०००११८१ मा भएको निक्षेप उपर हकदावि निज को छोराहरू काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने देवेन्द्र महर्जन र राजेन्द्र डंगोल ले दावि निवेदन पेश गरेको हुदा अन्य अरुकोहि भए वित्तिय संस्था सम्बन्धी ऐन बमोजिम अग्राधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मिति ले ३५ दिन भित्र यस सहकारी संस्थाको कार्यालय बालाजु मा सबुत प्रमाण सहित दावी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने र म्याद भुक्तान पश्चात कसैको दावी परेमा मान्य नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

जयश्री माता नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.

बालाजु-१६, बाईपास, काठमाडौं, ०१-४९५२३६६

Shahidnagar Municipality

Office of the Municipal Executive

Shahidnagar, Dhanusha

Madhesh Pradesh, Nepal

Invitation for Bid

First Date of Publication : 13th Dec 2024 A.D. (2081/08/28)

1. Shahidnagar Municipality, Office of the Municipal Executive, Dhanusha invites electronics bids from eligible bidders for the following procurement of works under National Competitive Bidding-Single Stage: Two Envelope Bidding Procedures. Bidding is open to all eligible Nepalese Bidders.

S.N	Contract Name	Contract ID No.	Bid Document Price (Non Refundable)	Bid Security	Last Date of Bid Purchase	Last Date of Bids Submission	Bid Opening Date
1	Construction of Hospital Building	SNM/NCB/ WORKS/01/ 2081/082	Nrs.10,000	Nrs. 3100,000	12th JAN 2025, during office hrs.	13th JAN 2025, (Within 12:00 hrs)	13th JAN 2025, Within 13:00 hrs

2. Eligible Bidders may obtain further information from the Shahidnagar Municipality, office of the Municipal Executive or Visit https://www.bolpatra.gov.np/egp .
3. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064, the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

Chief Adminstrative Officer

सान्जेन जलविद्युत कम्पनी लिमिटेड

महाराजगंज, कपनमार्ग, काठमाडौं ।
फोन नं. ०१-४३७४२७५, फ्याक्स: ०१-४३७५३१९
ईमेल: sanjenhcl@gmail.com, वेवसाईट: www.sjcl.com.np

सम्पति वीमाको लागि शिलवन्दी प्रस्ताव आव्हान

(प्रकाशित मिति : २०८१/०८/२८ गते)

यस कम्पनीले तपशील अनुसार वीमा गर्नुपर्ने भएको हुँदा ईच्छुक वीमा कम्पनीहरूले कम्पनी दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, कुनै निकायबाट स्वीकृति लिनु पर्ने भए सो को अद्यावधिक प्रमाणपत्र, अन्तिम लेखापरीक्षण भएको ३ आर्थिक वर्ष (आ. व. २०७९/०८०) को वित्तिय बिवरणहरु, वीमा सम्झौताका शर्तहरु (मस्यौदा वीमा लेख), वीमा शुल्क र Deductible/Excess समेतको ब्यवस्था समेत प्रष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (अर्थात मिति २०८१/०९/१२ गते शुक्रवार) दिनको १:०० वजेभित्र शिलवन्दी खाममा प्रस्ताव पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

थप जानकारी तथा आवश्यक कागजातका लागि कम्पनीको वेवसाईट www.sjcl.com.np र यस कम्पनीको केन्द्रीय कार्यालय महाराजगंज, कपनमार्गमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन पनि अनुरोध छ । साथै माथि माग गरिए अनुसारको कागजपत्रहरु पेश नगर्ने आवेदकले पेश गरेको प्रस्ताव मूल्यांकन प्रकृयामा समावेश नगरिने ब्यहोरा जानकारी गराइन्छ ।

तपशील:

१) यस कम्पनी अन्तर्गत सञ्चालित सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा.) का विभिन्न सम्पत्तिहरूको वीमा ।
२) कम्पनी तथा अन्तर्गतको कार्यालयमा सञ्चालनमा रहेका सवारी साधनहरूको वीमा ।
३) कम्पनी तथा अन्तर्गतको कार्यालयमा कार्यरत कर्मचारीहरूको सामूहिक दुर्घटना तथा पारिवारीक औषधि उपचार वीमा ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८१/०८/२८

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाईनान्स लिमिटेड) को शाखा कार्यालय, राजविराज सप्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ,ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति २०७९/१०/२९ र २०८०/१२/२६ मा "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना र मिति २०८१/०७/२५ गतेको "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहको चल अचल सम्पति लिलाम बिक्रिको १५ (पन्ध्र) दिने सूचना र मिति २०८१/०८/१४ गतेको "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहको चल अचल सम्पति लिलाम बिक्रिको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औ दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, राजविराजमा दिनको १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज अधिविकर्ष कर्जा

ऋणीको नाम र ठेगाना

नाम	**: सुखराम यादव**
बुबा	: खटर यादव
बाजे	: नथु यादव
ठेगाना	: राजविराज न.पा. वडा नं. ०६, सप्तरी
हाल	: राजविराज न.पा.वडा नं. ०७, सप्तरी
ना.प्र.नं.	: ७६०८४६५८
जारी मिति	: २०४१/०९/१०
जि.प्र.का.	: सप्तरी

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	**: शान्ति देवी यादव**	**२. नाम**	**: जेन्द्र यादव**
बुबा	: जगदेव यादव	बुबा	: सुखराम यादव
पती	: सुखराम यादव	बाजे	: खटर यादव
ठेगाना	: राजविराज न.पा. वडा नं. ०६, सप्तरी	ठेगाना	: राजविराज न.पा. वडा नं. ०६, सप्तरी
हाल	: राजविराज न.पा.वडा नं.०७, सप्तरी	हाल	: राजविराज न.पा.वडा नं.०७, सप्तरी
ना.प्र.नं.	: ४९७९	ना.प्र.नं.	: १६१००१/५३४७
जारी मिति	: २०४५/०२/१७	जारी मिति	: २०६८/०३/२०
जि.प्र.का.	: सप्तरी	जि.प्र.का.	: सप्तरी

धितो राखिएको सम्पत्ति विवरण

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (बि.क.धु)	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	सप्तरी	राजविराज	६	११५०	०-०-३	सुखराम यादव	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
२.	सप्तरी	बोरीया	२	८७२	०-०-१७		
३.	सप्तरी	लालापट्टी	२क	८४२	०-९-१४.५०	शान्ति देवी यादव	
४.	सप्तरी	लालापट्टी	२क	७७५	०-३-१		
५.	सप्तरी	बोरीया	२	४५१	०-०-८		
६.	सप्तरी	चनौरा पडरिया	१क	३४८	०-२-२.७५		

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय र शाखा कार्यालय राजविराज, सप्तरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८१/०९/०५ गते, शुक्रबार
समय :- दिनको १:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजविराज, सप्तरी ।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

नबिल एसएसई फेलोसिप सुरु



काठमाडौं/ नबिल स्कुल अफ सोसियल इन्टरप्रेनरसिप (नबिल एसएसई)ले चौथो ब्याचको फेलोसिप कार्यक्रम सुरु गरेको छ। नबिल बैंकले सामाजिक उद्यमशीलता विकासमा निरन्तर आफ्ना कार्यक्रम सञ्चालन गरेको छ। यसैअन्तर्गत नबिल एसएसई चौथो ब्याज सुरु भएको हो।

सोमबार त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्टमा चौथो ब्याचको फेलोसिप कार्यक्रमको औपचारिक रुपमा सुरुवात गरिएको हो। त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्ट (सोमटियू)सँगको सहकार्यमा सञ्चालित यस कार्यक्रममा उद्यमी बन्न चाहने २० जनाले सहभागिता जनाएका छन्। बैंकले सामाजिक उद्यमशीलतामा रुचि राख्ने, नवीन सोच भएका तथा उद्यमशील क्रियाकलापमा संलग्न नवउद्यमलाई आवश्यक ज्ञान र मार्ग निर्देशन प्रदान गर्ने उद्देश्य राखेर यो कार्यक्रम सञ्चालन गर्दै आएको छ।

यसअघि नबिल एसएसईले तीन समूहलाई उद्यमशीलतासम्बन्धी तालिम प्रदान गरिसकेको छ।

चौथो चरणको फेलोसिप कार्यक्रमलाई सम्बोधन गर्दै बैंकका अध्यक्ष उपेन्द्र पौडेलले बैंक केवल निक्षेप संकलन र कर्जा लगानीमा मात्रै केन्द्रित रहँदै आएकोमा क्रमशः दायरा विस्तार गरेको बताए। बैंकका सञ्चालक निर्वाण चौधरीले सामाजिक उद्यमशीलतामा रुचि राख्नेहरूलाई सधैँ उत्कृष्ट प्लेटफर्म नबिलले प्रदान गर्दै आएको बताए। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले उद्यमशीलता विकासमा महत्त्वपूर्ण योगदान दिइरहेको बताए।

फेलोसिप कार्यक्रममा सहभागीहरूले ६ महिनाको अवधिमा १८ दिनको एक्सन-बेस्ड आवासीय तालिम लिने, एक वर्षसम्मको परामर्श सेवासमेत उपलब्ध गराइने जानकारी दिइएको छ। तीन महिनाको नबिल एसएसई सर्टिफिकेट कोर्सले सामाजिक उद्यम सञ्चालन र व्यवस्थापनका लागि आवश्यक ज्ञान तथा सीप प्रदान गर्दै आएको ज्ञवालीले बताए। नबिल एसएसई कार्यक्रममार्फत हालसम्म ५६ जना सामाजिक उद्यमीलाई प्रशिक्षित गरिएको छ।

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
स्टक्स्कार्टस् सेक्युरिटीज लिमिटेड
डिल्लीबजार, काठमाण्डौं
ब्रोकर नं. ८६

दोश्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१।०८।२८)

यस कम्पनीको मिति २०८१ साल मंसिर २७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दोश्रो वार्षिक साधारणसभा देहायका बिषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सभा हुने मिति,स्थान र समय :
मिति : बि.सं.२०८१ साल पौष २० गते (सन् जनवरी ४,२०२५) शनिवार ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजार-२९,काठमाण्डौको सभाकक्ष ।
समय : विहान ११.:०० बजे ।

२. छलफलका विषयहरू:
क. सामान्य प्रस्ताव :
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), आ.व.२०८०/०८१ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका बाषिक वित्तीय विवरण छलफल गरी पारित गर्ने।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने।
४. संस्थाको रिक्त भएको सञ्चालक पदमा बाँकी अवधिको लागि सञ्चालक समितिले नियुक्त गरेको संचालकको नियुक्ति अनुमोदन गर्ने।
५. विविध।

संचालक समितिको निर्णयानुसार
कम्पनी सचिव

Banganga Municipality Office
Office of Municipal Executive
Banganga, Kapilvastu
Lumbini Province, Nepal

Invitation for Online Bids

Date of publication: 2081-08-28

1. The Banganga Municipality Office invite eligible bidder for the contracts named below.

S. N.	Contract Package No./Works	Bid Security Amount (Nrs.)	Fee for Bid Document	Estimated amount without PS and VAT	Remarks
1	54/NCB/BMO/KAPIL/GOODS/81-82, Supply and Delivery of Laptop, Printer, Switch, Router and Desktop	70,000	3,000		
2	55/NCB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of Bhaglapur Badki Sadak, Ward 06	58,000	3,000	20,16,287.70	
3	56/NCB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of Baidauli Kopawa Deuwapar Sonpur Sadak, Ward 11	2,50,000	3,000	85,41,630.11	
4	57/SQB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of Mudhebaba Dekhi Dhaneshpur Sadak, Ward 07	50,000	1,000	17,23,312.79	
5	58/SQB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of 4 No. Shine Bank Dekhi Uttar Jane bato, Ward 01	31,000	1,000	10,75,585.50	
6	59/SQB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of Aadibasi Adhuro Vawan Nirman, Ward 03	33,000	1,000	11,35,296.94	
7	60/SQB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of Agricultural Building at office	45,000	1,000	15,45,653.56	
8	Re51/SQB/BMO/KAPIL/GOODS/81-82, Supply and Delivery of Bike and Scooter	50,000	1,000		Re-Bid

2. Interested bidders may obtain further information at Banganga Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egp and Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following specified bank from Rajaswa Portal (https://sutrarevenue.fcgo.gov.np)
Name of the Bank : Agricultural Development Bank Ltd., Banking Branch Office : Jitpur 4 No, Name of the Office : Banganga Municipality Office, Office Account no : 0415601617188014, Office Code no : 801054903, Rajaswa (revenue) Shirshak no : 14229
3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's Web site www.bolpatra.gov.np/egp. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Office

नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/२८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तानगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

	तपसिल
१	**ऋणीको नाम र ठेगानाको विवरण (पि.एल.यू, काठमाडौं)**
	पंच नारायण मानन्धरको नाति, चैत्य नारायण मानन्धरको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं १७ बस्ने, ना.प्र.नं. ११७०६/३२६ (जारी मिति: २०४८/०३/०९, स्थान काठमाडौं) भएको **गौतम बुद्ध मानन्धर । र** बोख नारायण मानन्धरकी छोरी, चैत्य नारायण मानन्धरकी बुहारी, गौतम बुद्ध मानन्धरकी श्रीमती, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं १७ बस्ने, ना.प्र.नं. ८०२८ (जारी मिति: २०३०/०३/२४, स्थान काठमाडौं) भएकी **अमिता मानन्धर ।**
	धितोको विवरण
	काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं १७ बस्ने, **गौतम बुद्ध मानन्धर** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला काठमाडौं वडा नं १७ मा अवस्थित कमश: कि.नं. १११, ११२, ११४, ११५,११८ र ११९ कमश: क्षेत्रफल ०-०-१-१, ०-०-१-१, ०-०-१-२, ०-०-१-३, ०-०-३-१ र ०-०-३-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२	**ऋणीको नाम र ठेगानाको विवरण (बिजुलीबजार शाखा, काठमाडौं)**
	फणिन्द्र गौतमको नाति केशव राज गौतमको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. १२७० (जारी मिति: २०४१/०४/२२, स्थान काठमाडौं) भएका **हृदय राज गौतम ।**

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

ग्लोबल आइएमईको ५.५% बोनस सेयर पारित



काठमाडौं/ ग्लोबल आइएमई बैंकको १८औँ वार्षिक साधारणसभाले ५.५ प्रतिशत बोनस सेयर लाभांश पारित गरेको छ। बिहीबार सम्पन्न साधारणसभाले गत आर्थिक वर्ष ०८०/८१ को सञ्चित मुनाफा तथा पुँजी समायोजन कोषसमेतबाट बैंकले सेयरधनीलाई प्रस्ताव गरेको ५.५ प्रतिशत बोनस सेयर लाभांश दिने प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो। साधारणसभाले सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन र एकीकृत वित्तीय विवरणलाई अनुमोदन गरेको छ। साथै, बोनस सेयर वितरणपश्चात् कायम हुने पुँजी वृद्धिको हदसम्म हुने गरी प्रबन्धपत्र र नियमावली संशोधनको प्रस्ताव पनि पारित गरेको छ।

बैंकले गत आवमा १२ अर्ब ४८ करोड रुपैयाँ सञ्चालन मुनाफा र ६ अर्ब १३ करोड रुपैयाँ करपछिको मुनाफा आर्जन गरेको थियो। प्रस्तावित बोनस सेयर वितरणपछि बैंकको चुक्ता पुँजी ३८ अर्ब ११ करोड ५८ लाख रुपैयाँ पुग्नेछ।

प्रभु स्टिल्सको आइपिओ निष्कासन कुमारी क्यापिटल

काठमाडौं/ प्रभु स्टिल्स एन्ड हाइड्रो इन्भेस्टमेन्ट कम्पनीले आइपिओ निष्कासन गर्ने भएको छ। कम्पनीको आइपिओ निष्कासन तथा बिक्री प्रबन्ध गर्न कुमारी क्यापिटललाई नियुक्त गरिएको छ। यससम्बन्धी सम्झौतामा प्रभु स्टिल्सका सिइओ दिलप्रसाद अधिकारी र कुमारी क्यापिटलका प्रमुख मर्चेन्ट बैंकिङ सबिन बुढाथोकीले हस्ताक्षर गरे।

कम्पनीले ९८ करोड रुपैयाँबराबरको ५० रुपैयाँ अंकित दरमा एक करोड ९६ लाख कित्ता आइपिओ जारी गर्नेछ। प्रभु ग्रुप्स एन्ड कम्पनिजअन्तर्गतका कम्पनीको मुख्य यस कम्पनीमा प्रभु केबलकार एन्ड टुरिजम लिमिटेड, प्रभु होल्डिङ्स एन्ड हाइड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड र हाइड्रो होल्डिङ्स एन्ड पावर डेभलपमेन्ट कम्पनी लिमिटेडको मुख्य लगानी रहेको छ।

हेराल्ड कलेजका ६ सय २१ विद्यार्थी दीक्षित

काठमाडौं/ हेराल्ड कलेजका विद्यार्थी दीक्षित भएका छन्। ९ डिसेम्बरमा सम्पन्न दीक्षान्त समारोहमा कलेजका कुल ६ सय २१ जना विद्यार्थी दीक्षित भएका हुन्। जसमध्ये चार सय २८ जना स्नातक (ब्याचलर्स) र एक सय ९३ स्नातकोत्तर (मास्टर्स) डिग्री प्राप्त गर्ने विद्यार्थी हुन्।

विद्यार्थीको जीवनको कोसेढुंगा मानिने दीक्षान्त समारोहले विद्यार्थीको शैक्षिक उपलब्धि माइलस्टोन र नयाँ अध्ययनको सुरुवातको सन्देश दिने कलेजले जनाएको छ। वार्षिक दीक्षान्त समारोहले उत्कृष्ट विद्यार्थीलाई प्रतिष्ठित इनोभेट नेपाल ग्रुप पोस्टग्र्याजुएट छात्रवृत्ति प्रदान गरेर सम्मान गर्ने परम्परालाई निरन्तरता दिएको छ। यी विद्यार्थीले भविष्यको सम्भावनालाई मद्दत पुर्‍याउँदै इनोभेट नेपाल ग्रुपका कलेजमा आफ्नो स्नातकोत्तर शिक्षा जारी राख्ने कलेजको भनाइ छ।

यस वर्षको छात्रवृत्ति हेराल्ड कलेज बिएस्सी (अनर्स कम्प्युटर साइन्सका विद्यार्थी धीरजकुमार साह कानुलाई प्रदान गरिएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८८ मा SMS पठाउनुहोस्
दुलेगौंडा शाखा, शुक्लागण्डकी नगरपालिका
सम्पर्क फोन: +९७७-०६५-४१४३३२/७७

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री मीत्र लाल श्रेष्ठको नाति, कुल बहादुर श्रेष्ठको छोरा, गण्डकी प्रदेश तनहुँ जिल्ला, ढोफिर्दी गाबिस वडा नं. ६ हाल शुक्लागण्डकी नगरपालिका वडा नं. १० बस्ने ६१ वर्षको श्री लाल बहादुर श्रेष्ठको मिति २०८१/०६/१४ (ई.सं. ३०/०९/२०२४) मा मृत्यु भएकोले स्व. लाल बहादुर श्रेष्ठकी पत्नी हाल शुक्लागण्डकी नगरपालिका वडा नं. १० बस्ने श्रीमती लक्ष्मी श्रेष्ठले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको दुलेगौंडा शाखा, शुक्लागण्डकी नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८८ मा SMS पठाउनुहोस्
कमलादी शाखा, काठमाडौं महानगरपालिका, कमलादी
सम्पर्क फोन: +९७७-०१-५३६२२७७/५३२२३३६

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री नारायण दत्त अधिकारीको नातिनी, वसन्त अधिकारीको छोरी, गण्डकी प्रदेश पर्वत जिल्ला, कुश्मा नगरपालिका वडा नं. ९ हाल काठमाडौं-१६, बनस्थली बस्ने २४ वर्षकी सुश्री स्मृती शर्माको मिति २०८१/०३/२७ (ई.सं. ११/०७/२०२४) मा मृत्यु भएकोले स्व. स्मृती शर्माकी आमा हाल ज्यादी - ०२, कुश्मा, पर्वत बस्ने श्रीमती पार्वती कुमारी शर्माले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको कमलादी शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८८ मा SMS पठाउनुहोस्
गोपीगञ्ज शाखा, प्रतापपुर गाउँपालिका, नवलपरासी
सम्पर्क फोन: +९७७-०७८-४००१९३/१९४

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री शिव शरण भुसालको नाति, भुपाल भुसालको छोरा, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला, प्रतापपुर गाउँपालिका वडा नं. ०१ हाल प्रतापपुर - ०१ बस्ने ५६ वर्षको श्री तेजराम भुसालको मिति २०८१/०८/०१ (ई.सं. १६/११/२०२४) मा मृत्यु भएकोले स्व. तेजराम भुसालकी पत्नी हाल प्रतापपुर - ०१ बस्ने श्रीमती पार्वती भुसालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको गोपीगञ्ज शाखा, प्रतापपुर गाउँपालिका, नवलपरासीमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

गुणस्तरको बखेडा...

पृष्ठ १ बाट क्रमशः

खाद्य तथा सार्वजनिक वितरणमन्त्री प्रह्लाद जोशीसँग आग्रह मात्रै होइन, काठमाडौंस्थित भारतीय दूतावासमार्फत दुईपटक पत्राचार गर्दासमेत भारतले अटेरी गरेको छ।

उद्योगमन्त्री भण्डारीले भारतीय पक्षले प्राविधिकस्तरमा छलफल गरेर समस्याको समाधान खोज्ने जवाफ दिएको बताए। छिट्टै निकासी सहजीकरण हुनेमा विश्वस्त रहेको उनको भनाइ छ। 'मैले भारतका वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयल र उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरण मन्त्री प्रह्लाद जोशीलाई भेटेर यो समस्या अविलम्ब समाधानका लागि आग्रह गरे। हाम्रो निर्यात रोकिनुहुन्न भनेर कडाइका साथ कुरा राखेको छु। उहाँहरूले प्राविधिकस्तरमा छलफल गरेर समस्याको समाधान गर्छौं भन्नुभएको छ,' उनले भने, 'भारतले बिआइएसको समस्या छिट्टै समाधान गरेर निकासी सहजीकरण गरिदिनेमा विश्वस्त छु।'

उद्योग, वाणिज्यसचिव गोविन्दबहादुर कार्कीले बिआइएसको समस्या सुल्झाउन भारतीय पक्षसँग निरन्तर आग्रह गरेको बताए। 'कूटनीतिक पत्राचारदेखि औपचारिक-अनौपचारिक वार्ताका माध्यमबाट समस्या समाधानका लागि प्रयास गरिएको छ,' उनले भने, 'हामीले समस्या छिटो हल गर्न आग्रह गरेका छौं। तुलनात्मक रूपमा हामीसँग थोरै उत्पादन छन्, थोरै निर्यात हुन्छ, यो पनि प्रभावित भयो भने हाम्रो भारतसँगको व्यापार अझ खस्कन्छ। भारतले यो समस्या छिट्टै समाधान गर्न सहजीकरण गर्ने विश्वास छ।'

भारतीय पक्षले भने यसबारे खुलेर जानकारी दिन चाहेको छैन। एक भारतीय कूटनीतिक अधिकारीले बिआइएसबारे नेपाल सरकारबाट भारतलाई अनुरोध आएको र यसको समाधानका लागि प्रयत्न भइरहेको बताए। 'हामीलाई यसको जानकारी आएको छ, नेपाली पक्षसँग छलफल गरेर निकास दिन प्रयत्नशील छौं,' उनले भने। तर, नेपाली वस्तुलाई बिआइएस जारी तथा नवीकरण नगरिनुका कारणबारे भने खुलाउन चाहेनन्।

बिआइएस नवीकरण हुन नसकेकै कारण अर्घाखाँची, बालाजीलगायत सिमेन्टको निर्यात रोकिएको छ। बिआइएसका लागि दर्जनजति नेपाली सिमेन्टले निवेदन दिए पनि पाउन सकेका छैनन्। स्टिलको पनि उस्तै समस्या छ। भारतमा धेरै स्टिल निर्यात गर्नेमा हुलास स्टिल पर्छ। तर, हुलासकै बिआइएस नवीकरण नहुँदा निर्यात रोकिएको छ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले भारतले भारतीय गुणस्तर चिह्न बिआइएस दिन तथा नवीकरणमा करिब एक वर्षयता कडाइ गरे पनि नेपालको निर्यात प्रभावित भएको बताए। 'पहिला नेपाली उत्पादनले सजिलै बिआइएस पाउँथे। तर, गत वर्षदेखि कडाइ गरिएको छ। नयाँ उद्योग/उत्पादनले बिआइएस पाएका छैनन् भने पुरानाको नवीकरण हुन सकेको छैन,' उनले भने, 'यसले भारततर्फको हाम्रो निर्यात प्रभावित भइरहेको छ। स्टिल, सिमेन्ट, प्लाइउड, जुत्तालगायतको निर्यातमा समस्या देखिएको छ।'

नेपाली प्लाइउडले भारत निर्यातका लागि पाएको बिआइएसको म्याद पनि आगामी फेब्रुअरीसम्म मात्रै रहेकाले नवीकरण नभए त्यसपछि निर्यात रोकिने अवस्था छ। नेपाल प्लाइउड उत्पादक संघका अध्यक्ष होमप्रसाद घिमिरेले भने, 'प्लाइउडको हकमा एक वर्षका लागि बिआइएस नवीकरण गरेर निर्यात खुला गरिएका थियो, तर त्यो पनि फेब्रुअरीमा सकिँदै छ, त्यसपछि निर्यात अनिश्चित छ,' उनले भने, 'नेपाल सरकारले विशेष पहल नगरे भारततर्फको निर्यात अझ घट्नेछ, व्यापार घाटा बढ्नेछ।'

नेपाल सेनेटरी प्याड तथा डाइपर उत्पादक संघका अध्यक्ष डोलराज अधिकारीले आगामी जनवरी महिनादेखि सेनेटरी प्याड तथा डाइपरको निर्यात समेत रोकिने जानकारी दिए। 'भारतले ६-७ महिनाअघिदेखि सेनेटरी प्याड तथा डाइपरको आयातमा बिआइएस अनिवार्य गऱ्यो, त्यसपछि हाम्रो निर्यात रोकियो,' उनले भने, 'भारतले पुनः गत अक्टुबरमा एक सूचना जारी गरेर दुई महिनाका लागि सेनेटरी प्याड र डाइपरलाई बिआइएस अनिवार्य नगर्ने भन्यो, त्यसअनुसार अब डिसेम्बरसम्म हाम्रा उत्पादन भारतमा निर्यात हुनेछ, त्यसपछि भने रोकिनेछ।' भारतले आफ्ना उद्योग संरक्षण गर्ने नीतिअनुसार नेपाली उत्पादनको आयातलाई बिआइएसको बहाना गरेर रोक्न खोजेको उनले बताए। नेपालका ६ सेनेटरी तथा प्याड उद्योगले भारतमा निर्यात गरिरहेको उनले जानकारी दिए।

भारत नेपालको सबैभन्दा ठुलो व्यापार साझेदार हो। चालू आर्थिक वर्षको चार महिनामा भारतबाट नेपालले तीन खर्ब १६ अर्ब १८ करोड रुपैयाँबराबरको वस्तु आयात गरेको छ। तर, यस अवधिमा नेपालले निर्यात भने ३५ अर्ब ७६ करोड रुपैयाँबराबरको मात्रै गर्न सकेको छ। यस अवधिमा नेपालले भारतसँगको वस्तु व्यापारमा दुई खर्ब २१ अर्ब ११ करोड रुपैयाँबराबरको घाटा व्यहोरेको छ।

आर्थिक वर्ष ०८०/८१ मा भारततर्फ हुने नेपालको निर्यात ३.३ प्रतिशतले घटेको थियो। उक्त आवमा नेपालले एक खर्ब तीन अर्ब १८ करोड रुपैयाँबराबरको वस्तु निर्यात गर्न सकेको थियो। जुन आव ०७९/८० को तुलनामा तीन अर्ब ५१ करोड रुपैयाँले कमी हो। ०८०/८१ मा नेपाल र भारतबिच कुल १० खर्ब ९९ अर्ब ८६ करोडको वस्तु व्यापार हुँदा नेपालले आठ खर्ब ९३ अर्ब ५० करोड रुपैयाँबराबरको घाटा व्यहोऱ्यो।

गम्भीर अपराधमा...

पृष्ठ १ बाट क्रमशः

किर्ते, भ्रष्टाचारजस्ता अभियोग बहालवाला सांसदमाथि लागेको छ।

● **बादशाह कुर्मी** : लुम्बिनी प्रदेशका कांग्रेस सांसद बादशाह कुर्मीमाथि बाँकेको नेपालगन्ज उपमहानगरपालिका- १७, परस्पुरकी निर्मला कुर्मीको अपहरण र हत्या अभियोगमा अनुसन्धान चलिरहेको छ। निर्मलाको न्यायको लडाइँ लड्दै आएका अधिकारकर्मीहरूको व्यापक दबाबपछि अनुसन्धान थालेको सिआइबीले गत वर्ष मंसिरमा अनुसन्धान सकेर प्रहरी प्रधान कार्यालयमा प्रतिवेदन पेस गरेको थियो। प्रधान कार्यालयले मुद्दा सरकारी वकिल कार्यालय बाँकेमा पेस गर्न भन्दै जिल्ला प्रहरी कार्यालय बाँकेमा पठाइसकेको भए पनि राजनीतिक दबाबका कारण अझै दर्ता हुन सकेको छैन। बरु यही अवस्थामा बादशाहलाई कांग्रेस-एमाले गठबन्धनले लुम्बिनी प्रदेशको मन्त्रीसमेत बनायो। चौतर्फी विरोध भएपछि मात्रै राजीनामा दिन उनी बाध्य भएका थिए। निर्मला २५ माघ ०७५ को राति अचानक बेपत्ता भएकी थिइन्। अपहरणपछि उनको हत्या गरिएको पुष्टि १४ पुस ०७७ मा भएको थियो। घटनामा नेपालगन्ज- १७ कै बादशाहसहित आठविरुद्ध जिल्ला प्रहरी कार्यालय बाँकेमा महिला अधिकार मञ्चकी केन्द्रीय सदस्य मनकुमारी गुरुतालले २० चैत ०७७ मा किटानी जाहेरी दिएकी थिइन्। तर, हालसम्म कसैलाई पनि पक्राउ गरिएको छैन। निर्मलालाई न्याय र बादशाहलाई कारबाहीका लागि अधिकारकर्मीले पटक-पटक आन्दोलन गर्दै आएका छन्। पछिल्लोपटक ८२ दिन लामो आन्दोलनपछि गत १३ कात्तिकमा गृह मन्त्रालयसँग तीनबुँदे सम्झौता भएको छ। गृह मन्त्रालयका उपसचिव दिलकुमार तामाङ र अधिकारकर्मी रुबी खानले हस्ताक्षर गरेको सम्झौतामा अनुसन्धान प्रतिवेदन शीघ्र निरूपण गर्न प्रहरी प्रधान कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालय बाँकेलाई लेखी पठाउने उल्लेख छ। तर, अहिलेसम्म कुनै प्रगति भएको छैन। श्रीमान् महलु कुर्मीको कालगतिले ०६२ मा मृत्यु भएपछि निर्मला दुई छोरासँगै बस्दै आएकी थिइन्। तर, ०६६ मंसिरमा १० दिनको अन्तरमा निर्मलाका दुवै नाबालक छोराको रहस्यमय मृत्यु भएको थियो। पुर्ख्यौली ४ बिघा १० कट्ठा जग्गा मृतक श्रीमान् महलु र जेठो छोरा रामसागरको नाममा थियो। शोककै वेला बादशाह निर्मलाको घरमा आएर जग्गाको लालपुर्जा मात्र होइन, उनीहरूको नागरिकतासमेत कब्जामा लिएका थिए। बादशाह निर्मलाको छिमेकी मात्र नभई तत्कालीन संविधानसभाका सभासद्समेत थिए।

● **धनबहादुर केसी** : रुकुम पूर्व (ख) बाट लुम्बिनी प्रदेश सभाका कांग्रेस सांसद धनबहादुर केसी पनि ३३ वर्ष पुरानो किर्ते मुद्दामा फरार रहेको खुलेपछि गत २३ भदौमा पक्राउ परे। श्रीमतीसँगको अंशमुद्दामा कागजपत्र किर्ते गरेको अभियोगमा ०४८ मा उनलाई अदालतले दोषी ठहर गरेको थियो। एक वर्ष कैद र दुई हजार जरिवाना भएकोमा लामो समय फरार थिए। कानुनी रूपमा फरार रहेको अवस्थामा रुकुम पूर्वबाट लुम्बिनी प्रदेशमा चुनाव लडेर जितेका उनी एक वर्षसम्मकै कैदमा जरिवाना बुझाए जेल बस्नुनपर्ने सुविधा पाएर छुटेका थिए। सांसद केसीमाथि मानव तस्करीको आरोप पनि लाग्दै आएको छ। संगठित रूपमा अमेरिकामा मानव तस्करी गरेको भन्दै मानव बेचबिखन ब्युरोमा उनीविरुद्ध बेनामे उजुरी परेको थियो। तर, पीडित नभेटिएको भन्दै प्रहरीले अनुसन्धान अघि बढाएको छैन। यद्यपि, उनी निगरानीमै रहेको ब्युरोका एक अधिकारी बताउँछन्।

● **रेखा शर्मा** : लुम्बिनी प्रदेशकी एमाले सांसद रेखा शर्मामाथि पनि फौजदारी कसुरमा अनुसन्धान चलिरहेको छ। गैरकानुनी रूपमा घरेलु कामदारका रूपमा राखिएकी बालिकालाई यातना दिएको अभियोगमा उनीविरुद्ध बालबालिकाविरुद्धको कसुर मुद्दामा काठमाडौं प्रहरीमा जाहेरी दर्ता भएको छ। तर, अनुसन्धानमा प्रहरीले ढिलाइ गरिरहेको छ। हिंसा भोग्दै आएकी बालिकालाई काठमाडौं महानगरपालिकाले गत १४ जेठमा उद्धार गरी सामाजिक संस्थामा पठाएको थियो। प्रहरीमा महानगरपालिकाले नै जाहेरी दिएको थियो। दाङकी एक निम्न आर्थिक अवस्था भएको परिवारकी बालिकालाई पढाइदिने भन्दै घरमा राखेकोमा अत्यधिक काममा लगाउने गरेको गुनासोका आधारमा उनलाई महानगरले उद्धार गरेको थियो। जाहेरी दर्ता भएपछि त्यसविरुद्ध सांसद शर्मा उच्च अदालत गएकी थिइन्। सुरुमा अदालतले धरपकड नगर्न अन्तरिम आदेश दिएकोमा २३ साउनमा दाबी नपुग्ने फैसला भएपछि अनुसन्धानका लागि बाटो खुलेको थियो। त्यसपछि पनि प्रहरीले अनुसन्धानमा चासो नराखेको महानगरपालिकाका अधिकारी बताउँछन्। प्रधानमन्त्री केपी ओलीले नै शर्मालाई जोगाएको आरोप महानगरका मेयर बालेन शाहले सामाजिक सञ्जालमार्फत लगाएका थिए। प्रहरीले भने अदालतबाट पक्राउ पुर्जी नआएकाले पक्राउ गर्न नसकिएको दाबी गरेको छ।

● **जानकीप्रसाद यादव** : कपिलवस्तुको गौतम बुद्ध साझेदारी वनमा रुख कटानमा भएको भ्रष्टाचारमा अख्तियारले राप्रपाबाट लुम्बिनी प्रदेश सांसद जानकीप्रसाद यादवविरुद्ध ८ फागुन ०८० मा विशेष अदालतमा मुद्दा चलाएको थियो। तर, विशेषले गत ९ जेठमा सफाइ दिए पनि फैसलामा चित्त नबुझेको भन्दै मुद्दा दायरकर्ता अख्तियार दुरुपयोग अनुसन्धान आयोग सर्वोच्च अदालतमा पुनरावेदनमा जाने भएको छ। एमाले नेता लीला गिरी मुख्यमन्त्री हुँदा उनी लुम्बिनीका उद्योगमन्त्रीसमेत बनेका थिए। सांसद हुनुअघि यादव गौतम बुद्ध साझेदारी वन व्यवस्थापन समितिका अध्यक्ष थिए।

● **अभिराम शर्मा** : सशस्त्र प्रहरीका असइ थमन विकको हत्या मुद्दामा जन्मकैद सजाय भएका लोसपा मधेश संसदीय दलका नेता अभिराम शर्मा फरार छन्। महोत्तरी ३(क) बाट प्रदेश सभामा निर्वाचित शर्मा अदालतबाट फौजदारी मुद्दामा दोषी ठहर भएपछि प्रदेश सभा सचिवालयले उनलाई सांसदबाट निलम्बन गरिसकेको छ। जिल्ला अदालत महोत्तरीले गत वर्ष २८ मंसिरमा शर्मासहित सातजनालाई जन्मकैदको फैसला सुनाएको थियो। त्यसअघि उनी प्रदेश सामाजिक विकास राज्यमन्त्रीसमेत थिए। २५ भदौ ०७२ मा मधेश आन्दोलनका क्रममा मधेशी मोर्चाका प्रदर्शनकारीले असइ विकलाई कुटपिट गरेका थिए। उपचारका लागि एम्बुलेन्समा जनकपुर ल्याउने क्रममा प्रदर्शनकारीले महोत्तरीको सोनुसडामा पुनः आक्रमण गरी ज्यान लिएका थिए। जसमा शर्मा पनि दोषी ठहर भएका हुन्।

● **अनिरुद्धप्रसाद सिंह** : सप्तरी ४ (ख)बाट मधेश प्रदेश सभामा निर्वाचित स्वतन्त्र सांसद अनिरुद्धप्रसाद सिंह कर्तव्य ज्यान र डाँका मुद्दा खेपिरहेका छन्। माओवादी नेता गोविन्द चौधरीको हत्यामा संलग्न रहेको आरोपमा उनी पक्राउसमेत परेका थिए। जिल्ला अदालतले पुर्पक्षका लागि पठाए पनि उच्च अदालत जनकपुरको राजविराज इजलासले २३ कात्तिक ०८० मा एक लाख २० हजार धरौटी लिएर रिहा गऱ्यो। चौधरीको हत्यामा संलग्न रहेको घटनामा ०६४ देखि मुल्तबीमा रहेको डाँका मुद्दामा पनि सिंह आरोपी छन्।

सडकको चार...

पृष्ठ १ बाट क्रमशः

महिनासम्म सडक बन्द हुँदा ट्राफिक जाम हुने गरेको थियो। चार महिनादेखि रोकिएको सडक ठेकेदार कम्पनी डिबी प्रकाश कन्स्ट्रक्सनले निर्माण सम्पन्न गरेको हो। जोशीका अनुसार ठेकेदार कम्पनीले पनि २४सै घण्टा काम गरेको थियो। सडक डिभिजनले पनि आफ्नो तर्फबाट पूर्ण रूपमा सहयोग गरेका कारण समयमै सडक निर्माण सम्पन्न भएको हो। ठेकेदार कम्पनीले ४९ लाखमा सडक निर्माण गरेको हो। २ कात्तिकबाट ठेकेदार कम्पनीले कल्भर्ट मर्मत थालेको थियो। सम्झौताअनुसार ठेकेदार कम्पनीले १७ मंसिरमा निर्माण सम्पन्न गर्नुपर्ने थियो। भासिएको सडकमा धेरै पुरानो कल्भर्ट भएकाले यसअघि पनि करिब १० पटक सडक भासिइसकेको थियो। तर, सडक डिभिजनअन्तर्गत पर्ने यस सडकलाई मर्मत गर्दै सञ्चालन गर्ने गरिएको थियो।

पछिल्लो समय संघीय सरकारले गरेका धेरै कामको श्रेय महानगरपालिकालाई गएको देखिन्छ। सडक निर्माण, सडक मर्मत, सडक हरियाली, विद्युत् प्राधिकरणले गरेको भूमिगत तार व्यवस्थापनलगायत काम संघीय सरकारले गर्ने र त्यसको श्रेय महानगरलाई जाने गरेको छ। महानगरले पनि आफैंले काम गरेकोजस्तो गर्दै आएको छ। जसका कारण सडक विभागले महानगर क्षेत्रभित्रका पोलमा सवि अर्थात् सडक विभागको क्षेत्रभित्र पर्ने सडक हो भनेर सेतो घेराभित्र रातो रंग लगाएर पोतेको छ। 'यो सडक उद्घाटन गर्नुपर्ने धेरै कारण छन्। सडक हामीले बनायौं। तर, आज बिहान कुनचाहिँ एउटा मिडियाले महानगरपालिकाले समयमै सडक निर्माण गऱ्यो भनेर लेखेछ,' जोशीले भने। यो सडक मर्मतको श्रेय पनि महानगरलाई जाने डरले सडक डिभिजनले उद्घाटन गर्ने चाँजोपाँजो मिलाएको देखिन्छ। महानगर कार्यालयअगाडिको सडक पटक-पटक भासिएपछि महानगरका मेयर बालेन्द्र शाह (बालेन)ले सडक भासिएकै दिन खोलामाथि बाटो निर्माण भएकाले यस्तो समस्या देखिएको भन्दै सामाजिक सञ्जालमा लेखेका थिए। 'यति त सबैलाई थाहा हुनैपर्छ कि मान्छेले आवश्यकताअनुसार खोलामाथि कतैकतै पुल बनाउनुपर्छ। घर र बाटो होइन,' उनले लेखेका थिए।

आकस्मिक सेवाविहीन...

पृष्ठ १ बाट क्रमशः

गरिएको छ। 'आइसियू र मोडुलर अप्रेसन कक्ष बन्दै छ, त्यसको काम सकिएपछि आकस्मिक सेवा सुरु गर्छौं,' कन्सलटेन्ट ओपिडी सर्जन डा. विप्लव सापकोटाले भने, 'आइसियू, शल्यक्रिया र इमेर्जेन्सी सेवा सुरु भएपछि बिरामीको संख्या पनि बढ्ला।' आइसियू र शल्यक्रिया कक्ष नहुँदा अहिले जटिल प्रकृतिका बिरामी भर्ना गर्न नसकिएको उनले बताए। सरकारले ५० शय्याको गेटा अस्पतालका लागि चिकित्सकसहित १४१ जना कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरेको छ। तर, अहिले ९४ जना कार्यरत रहेका अस्पताल प्रशासनले जनाएको छ। स्वास्थ्य मन्त्रालयले स्वीकृत अस्थायी दरबन्दी पनि यस वर्ष नवीकरण नगरेको अस्पताल प्रशासनले जनाएको छ। 'अस्थायी दरबन्दी हरेक वर्ष रिन्यु हुनुपर्ने हो, तर मन्त्रालयले चालू वर्षको रिन्यु गरेको छैन,' सूचना अधिकारी कार्कीले भने, 'दरबन्दी रिन्यु नभए पनि तलब रोकिएको छैन।' अस्पतालमा केही आधुनिक उपकरण जडान गरिएका छन्। सबै प्रकारका अल्ट्रासाउन्ड, इसिजी, भिडियो एक्सरे, इन्डोस्कोपी, लिभर, किड्नी, थाइराइड, सुगर जाँचलगायत प्रयोगशालाको सुविधा अस्पतालमा छ। ६ सय शय्याको अस्पताल र मेडिकल शिक्षा सञ्चालन गर्ने उद्देश्यसहित गेटामा मेडिकल कलेजका नाममा करिब ६ अर्ब रुपैयाँका संरचना निर्माण गरिएका छन्। सरकारले भने गेटालाई ५० शय्याको अस्पतालमा सीमित गरेको छ। स्थानीयको दबाबपछि सुरु गरिएको अस्पतालमा जनशक्ति थप र सेवा विस्तारमा ढिलाइ भइरहेको छ। गेटामा तीन सय शय्याको अस्पताल र त्यसका लागि आवश्यक जनशक्ति स्वीकृतिका लागि यसअघि नै मन्त्रालयसँग माग गरिएको अस्पतालका कन्सलटेन्ट ओपिडी सर्जन डा. सापकोटाले बताए।

स्काउटले...

पृष्ठ १ बाट क्रमशः

बर्क्यौता नतिरेपछि मन्त्री खड्का आलोचित छन्।

बुधबार मात्रै खड्काल्यान्डले १० दिनभित्र साँवाबापतको बर्क्यौता चुक्ता गर्ने प्रतिबद्धतासहितको पत्र स्काउटमा पठाएको थियो। खड्काल्यान्डले यस्तो प्रतिबद्धता-पत्र पठाएपछि कम्पनी अध्यक्ष र स्काउटका प्रमुख आयुक्तले संयुक्त वक्तव्य जारी गरेका थिए। स्काउट स्रोतका अनुसार खड्काल्यान्डले जरिवाना भने नतिर्ने दाबी गरेको छ। बर्क्यौता उठाइदिने मागसहितको मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा साँवा मात्र तिर्ने प्रतिबद्धतामा स्काउटसमेत मिलेर संयुक्त वक्तव्य जारी गर्नुको नियत असल नभएको स्रोतको दाबी छ।

जाजरकोट दुर्घटना : एकै गाउँका पाँचको मृत्यु

जाजरकोट / जाजरकोटको नलगाड नगरपालिका- ३ बाँस्कोटीको वीरखोलानजिकै बोलेरो जिप दुर्घटना हुँदा एकै पालिकाका पाँच यात्रुको ज्यान गएको छ। बुधबार राति भएको दुर्घटनामा अन्य दुई घाइते भएका छन्। कालीमाटीबाट करुवा जाँदै गरेको ग.३च९८४५ नम्बरको जिप ब्रेक फेल भएर आठ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी प्रमुख पुरुषोत्तमप्रसाद पाण्डेले बताए। उनका अनुसार साँघुरो बाटोमा मोड नपुगेर ब्याक गर्दा ब्रेक फेल भएर दुर्घटनामा परेको प्रहरीको निष्कर्ष छ।

दुर्घटनामा नलगाड नगरपालिका- ३ बाँस्कोटीका ३१ वर्षीय चालक इन्द्रजित थापा, ६४ वर्षीया शिला पुन, ३२ वर्षीया शारदा थापा, १७ वर्षीया लक्ष्मी पुन रोका र उनका एक महिनाका छोरा आलोचन रोकाको घटनास्थलमै ज्यान गएको हो। उनीहरूको बिहीबार साङटा खोलामा सामूहिक दाहसंस्कार गरिएको छ। दुर्घटनामा घाइते नलगाड नगरपालिका- ३ का १९ वर्षीय जनक थापाको टाउको र अनुहारमा चोट लागेको छ। उनको नगर अस्पताल, दल्लीमा उपचार भइरहेको छ। २१ वर्षीय जीवन विक भने उपचारपछि घर फर्किसकेका छन्।



स्थानीय साङटा खोलामा सामूहिक अन्त्येष्टि। तस्बिर : नयाँ पत्रिका

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
जावलाखेल, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८१/०८/२८)

यस महाशाखाबाट मिति २०८१/०६/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रीतपूर्वक E-bidding बाट पेश हुन आएका बोलपत्रहरू मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्रको आर्थिक प्रस्ताव न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

S. N	Contract ID	Works package	Name & Address of Bidder	Bid Amount (Excluding VAT) NRs.
1.	WIDMD/NCB/ Works/81-82/01	Protection Works at Budhiganga River, Sanfebagar, Achham	M/S H.B. Construction Pvt. Ltd., Bardagoriya -2, Kailali	1,94,92,978.75

महाशाखा प्रमुख

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, काठमाण्डौं
सडक डिभिजन, चन्द्रनिगाहपुर
रौतहट

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०८/२८

यस डिभिजनको मिति २०८१/०७/०६ गतेको राष्ट्रिय दैनिक आर्थिक पत्रिकामा प्रकाशित सुचना नं IFB-2081/082-03 अन्तर्गत E-Bid मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावाग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. न.	ठेक्का नं	स्वीकृतका लागि छनौटको आशयमा परेका बोलपत्रदाताहरुको नाम र ठेगाना	कबोल अङ्क (मु.अ.कर र पिएस समेत)रु.
1.	RDCNP/3370113820081/82-021	बाबा विश्वकर्मा निर्माण सेवा, बृन्दाबन -२ रौतहट	69,79,341.49
2.	RDCNP/33701169/2081/82-22	गौरब एण्ड सौरभ निर्माण सेवा, गौर-३ रौतहट	53,13,192.64
3.	RDCNP/33701169/2081/82-23	माँ दुर्गा निर्माण सेवा, गढीमाई -७ रौतहट	38,40,951.36
4.	RDCNP/3370113/2081/82-24	मकवानपुर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. हेटौडा -१४	13,17,542.84
5.	RDCNP/33701136/2081/82-25	डिजिएगल कन्स्ट्रक्सन एण्ड बिल्डर्स, टोखा काठमाण्डौ	19,00,831.89

डिभिजन प्रमुख

Invitation for Bids

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Kathmandu

Road Division, Bhaktapur

(Notice No: DROBKT/09/081/082)

Date of Publication: 2081/08/28 (13 December,2024)

1. **Road Division Bhaktapur** invites National Competitive Bidding for the following Works from all eligible bidders.

IFB NO.	Contract Identification	Description Of Works	Estimated Amount (Without VAT)	Bid Security Amount (Rs)	Bid document fee	Remarks
DROBKT/ 09/081/082/52	DROBKT/ 337011694/ 081/082/52	Upgrading of Khareghat Birtadeurali Gothpani Dhadkharkha bhanjyang bhumati badathali Aalamm sailung jodne sadak	85,53,011.27	2,45,000/-	3000/-	Bid Opening Date 2081/09/28 13:00 hrs
DROBKT/ 09/081/082/53	DROBKT/ 337011694/ 081/082/53	Bhakunde chapakhori Mechchhepauwa Khatri Gaun Mukpatta Pul Sadak Kavre	85,53,533.56	2,45,000/-	3000/-	
DROBKT/ 09/081/082/54	DROBKT/ 337310113/ 081/082/54	BP Highway hudai Prasasan Bhawan Jane Road, Namobuddha NA.PA	21,36,280.57	60,000/-	3000/	
DROBKT/ 09/081/082/55	DROBKT/ 337011694/ 081/082/55	Sipali Budakhani Phoksingtar Banakhu gokule Bhorlene Sadak	84,99,215.46	2,45,000/-	3000/-	
DROBKT/ 09/081/082/56	DROBKT/ 337310113/ 081/082/56	Recurrent Maintanance of Araniko Highway khawa-lamidanda -Dolalghat- Bandeu Road Section	42,71,009.30	1,22,000/-	3000/-	
DROBKT/ 09/081/082/57	DROBKT/ 337310113/ 081/082/57	Suryabinayak Na Pa-4 Gamcha Sikaritar ko Adarsha Tole jane Road Bhaktapur	21,36,458.07	60,000/-	3000/-	

2. Bidders may obtain further information at the office Name: Road Division Bhaktapur mailing address: droadbhaktapur@gmail.com Telephone: 01-6612074 or may visit PPMO's e-procurement website: www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Division Chief

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ नेपाल प्रिमियर लिग २०२४

प्लेअफमा जनकपुर बोल्ट्स



तस्बिर : **दिपेन्द्र ढुंगाना**/ नयाँ पत्रिका

बिहान ९:०० बजे

लुम्बिनी **लायन्स** vs कर्णाली **याक्स**

दिउँसो १:०० बजे

विराटनगर **किंग्स** vs चितवन **राइनोज**

रमेश सुवेदी/नयाँ पत्रिका

जनकपुर बोल्ट्स पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफमा पुग्ने पहिलो टोली बनेको छ। प्लेअफ स्थान सुरक्षित गर्ने क्रममा जनकपुरले ६ मध्ये पाँच खेलमा जित निकाली १० अंक जोडेको छ। एक खेलअघि नै जनकपुरले प्लेअफमा स्थान पक्का गऱ्यो। त्रिवि क्रिकेट मैदानमा बिहीबार काठमाडौं गुर्खाजलाई पाँच विकेटले पराजित गरेसँगै जनकपुर प्लेअफमा पुगेको हो। पराजित भएको भए जनकपुरले प्लेअफमा स्थान बनाउन अर्को खेलको नतिजा पर्खनुपर्ने थियो। हारसँगै काठमाडौंको प्लेअफको आशा कमजोर बनेको छ।

लिग चरणमा जनकपुर दोस्रो स्थानको सुदूरपश्चिम रोयल्ससँग मात्र पराजित भएको छ। यसबाहेक जनकपुर लगातार चार खेलमा विजयी रह्यो। जनकपुरले पहिलो खेलमा विराटनगर किंग्स, दोस्रो खेलमा कर्णाली याक्स, तेस्रो खेलमा पोखरा एभेन्जर्स र चौथो खेलमा लुम्बिनी लायन्सलाई हराएको थियो। जनकपुरले अन्तिम खेल चितवन राइनोजसँग खेल्नेछ। काठमाडौंले पाँचमध्ये तीन खेलमा हारको सामना गरेको छ। काठमाडौंलाई प्लेअफको स्थान पक्का गर्न राम्रो रनरेटका साथ दुवै खेल जितुपर्ने अवस्था छ।

काठमाडौंको सामान्य लक्ष्य

लगातार दुई दिन त्रिवि क्रिकेट मैदानमा कम योगफलको खेल भएका छन्। दुवै दिन पहिलो ब्याटिङ गर्ने टोलीले गतिलो रन बनाउन सकेनन्। जनकपुरविरुद्ध काठमाडौं १९.३ ओभरमा १०१ रनमा अलआउट भयो। प्रत्युत्तरमा जनकपुरले १५.५ ओभरमा पाँच विकेट क्षतिमा १०४ रन जोड्यो। जनकपुरको जितमा ललित राजवंशीले घातक बलिङ गरेका थिए। उनले ८ रन खर्चेर तीन विकेट लिँदा काठमाडौंको ब्याटिङ धराशयी भयो।

काठमाडौंले लगातार तीन विकेट गुमाएको थियो। काठमाडौं ३५-१ बाट ३५-४ को अवस्थामा रह्यो। काठमाडौंले ३५-२ मा भीम सार्की, ३५-३ मै स्टेफन इस्किजायी र ३५-४ रनको योगफलमा सुमित महर्जनलाई गुमाएको थियो। ललितले ६.१ ओभरमा स्टेफन र ६.४ ओभरमा सुमितको विकेट लिए। भीम सार्कीलाई मोहमद मोसिनले आउट पारे।

यसैगरी शेर मल्लले ११ रन खर्चेर तीन विकेट हात पारे। उनले १२.४ ओभरमा डाउथवेट, १९.१ ओभरमा करण केसी तथा १९.३ ओभरमा दीपेश कँडेलको विकेट लिँदा काठमाडौं १०१ रनको योगफलमा अलआउट भयो। काठमाडौंको ब्याटिङमा गेहार्ड इरास्मुसले सर्वाधिक २० रनको योगदान दिए। कप्तान करणले १३ बलमा १९ रनको योगदान दिए। ओपनर स्टेफनले १९ बलको सामना गरी १७ रन जोडे। लक्ष्य पछ्याउँदा जनकपुरका खेलाडीले अनावश्यक सट रोजेनन्। काठमाडौंविरुद्ध जनकपुरका खेलाडीले धैर्यपूर्वक ब्याटिङ गरेका थिए। लाहिरू मिलान्थाले २० बलमा १६ र कप्तान अनिल शाहले १० बलमा ११ रन बनाए। हर्ष थाकरले नटआउट २५ रन जोडे। काठमाडौंले दिएको १०२ रनको लक्ष्य जनकपुरले पाँच विकेटको क्षतिमा १५.५ ओभरमा पूरा गऱ्यो।

सुपर ओभरमा पोखरा लक्की

एनपिएलमा पहिलोपटक पोखरा र विराटनगरबिचको नतिजा सुपर ओभरबाट भएको हो। पहिलो ब्याटिङ गरेको विराटनगरले २० ओभरमा सात विकेट गुमाएर १३९ रन बनाएको थियो। पोखराले २० ओभरमै ६ विकेटको क्षतिमा १३९ रन बनाउँदा खेल सुपर ओभरमा पुग्यो। सुपर ओभरमा विराटनगरका सन्दीप लामिछाने आफैंले बलिङ गरे। उनी सुपर ओभरमा निकै खर्चिला भए। पोखराविरुद्ध विराटनगरका कप्तान सन्दीप लामिछानेले १८ रन खर्चिए। पोखराका रोमन रेफलले दुई छक्का र एक चौकासहित १८ रन बनाए। त्यसपछि रेफलले नैसुपर ओभरमा बलिङ गरे। उनले केवल ५ रन मात्र दिए। विराटनगरका मार्टिन गुप्तिल र निकोलस किर्टनले ब्याटिङ गरे पनि लक्ष्य पूरा गर्न सकेनन्।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
जनकपुर	६	५	१	१०	०.४४
सुदूरपश्चिम	५	४	१	८	२.४७
चितवन	५	३	२	६	१.०७
कर्णाली	५	३	२	६	०.०६
काठमाडौं	५	२	३	४	-१.००
पोखरा	५	२	३	४	-१.२९
लुम्बिनी	६	१	५	२	-०.५४
विराटनगर	५	१	४	२	-१.३४

ब्रायन लारा आज नेपाल आउँदै



क्रिकेटकै चर्चित खेलाडी ब्रायन लारा शुक्रबार नेपाल आउँदै छन्। ट्रिनिडाड एन्ड टोबागोका ५५ वर्षीय लिजेन्ड लारा विहान ८:२० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रने नेपाल क्रिकेट संघ (क्यान)का प्रवक्ता छुम्बी लामाले जानकारी दिए। त्रिवि क्रिकेट मैदानमा चलिरहेको एनपिएल लिग हेर्न उनी नेपाल आउन लागेका हुन्। गत जुनमा अमेरिका र वेस्ट इन्डिजले संयक्त रूपमा आयोजना गरेको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताका दौरान नै लाराले नेपाल आउन इच्छुक भएको बताएका थिए।

टी-२० विश्वकपअन्तर्गत वेस्ट इन्डिजमा भएका खेलमा नेपालले उत्कृष्ट प्रदर्शन गरेको थियो। टेस्ट राष्ट्र दक्षिण अफ्रिकासँग नेपाल एक रनले पराजित भएको थियो। सोही खेलपछि नेपाली खेलाडीलाई उत्कृष्ट प्रदर्शनको बधाई दिँदै लाराले आफूले नेपाल भ्रमण गर्ने बताए। तर, उनले त्यसवेला कहिले नेपाल आउने बताएका थिएनन्।

क्यानले एनपिएलको ब्रान्डिङका क्रममा चर्चित खेलाडीलाई ल्याइरहेको छ। एनपिएलमा भारतीय टोलीका पूर्वओपनर तथा इन्डियन प्रिमियर लिग (आइपिएल)कै नियमित खेलाडी शिखर धवन कर्णाली याक्सबाट चार खेल खेल्दै स्वदेश फर्केका छन्। सन् २०१५ को एकदिवसीय विश्वकपमा दोहोरो शतकीय इनिङ्स खेलेका न्युजिल्यान्डका मार्टिन गुप्तिल विराटनगर किंग्समा आबद्ध छन्।

एनपिएलको खेल हेर्न इच्छुक

क्यानका अनुसार लाराले एनपिएलका केही खेल हेर्ने छन्। लाराले बुधबार सोसल मिडियाबाट आफू एनपिएलको खेल हेर्न इच्छुक भएको बताएका थिए। 'मलाई नेपालमा चलिरहेको एनपिएल हेर्ने इच्छा छ,' उनले भने, 'नेपाली समर्थकबाट न्यानो माया पाउने आशा छ।' सन् १९९० देखि २००६ सम्म लाराले वेस्ट इन्डिजबाट टेस्टमा प्रतिस्पर्धा गरेका थिए। सन् १९९० मा उनले पाकिस्तानविरुद्ध टेस्टमा डेब्यु गरे। संयोगवश १६ वर्षको टेस्ट करिअरकै अन्तिम खेल उनले पाकिस्तानविरुद्ध सन् २००६ मा खेलेका थिए। उनले इंग्ल्यान्डविरुद्ध सन् २००७ मा अन्तिमपटक वेस्ट इन्डिजबाट एकदिवसीय खेलमा सहभागिता जनाए।

५३ अन्तर्राष्ट्रिय शतक र टेस्टमा विश्व रेकर्ड

१७ वर्षको अन्तर्राष्ट्रिय क्रिकेट करिअरमा लाराले टेस्ट र एकदिवसीय गरी समग्रमा ५३ शतकीय इनिङ्स खेलेका छन्। उनले टेस्टमा १३१ खेलमा ३४ शतक तथा ४८ अर्धशतक बनाए। २९९ एकदिवसीयमा उनले १९ शतक र ६३ अर्धशतकीय इनिङ्स खेले।

टेस्ट इतिहासमा पहिलोपटक ११ हजार रन कटाउने उनी पहिलो खेलाडी बनेका थिए। उनले २३२ इनिङ्समा ११ हजार ९५३ टेस्ट रन बनाए। एकदिवसीयमा उनको नाममा १० हजार ४०५ रन छ। सन् २००४ मा लाराले टेस्टको एकै इनिङ्समा चार सय रनको नटआउट इनिङ्स खेलेका थिए। जुन अहिलेसम्म कसैले तोड्न सकेका छैनन्। यसैगरी सन् १९९४ मा पहिलो श्रेणीमा उनले विश्व रेकर्डका रूपमा ५०१ रनको नटआउट इनिङ्स खेलेका थिए।

■ काभा पुरुष क्लब च्याम्पियनसिप

कमजोर प्रदर्शनसँगै बाहिरियो गण्डकी



नयाँ पत्रिका

नेपालबाट प्रतिनिधित्व गरेको गण्डकी प्रदेश खराब प्रदर्शनसँगै पुरुष भलिबल क्लब च्याम्पियनसिपको समूह चरणबाटै बाहिरिएको छ। राखेपको कभर्ड हलमा भएको समूह चरणको अन्तिम खेलमा गण्डकी भारतको क्यालिकट हिरोजसँग सोझो सेटमा पराजित भयो। प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ।

समूहको अन्तिम खेलमा गण्डकीले क्यालिकटविरुद्ध ३ अंक जोड्दा सेमिफाइनलमा पुग्ने थियो। तर, ३ अंक जोड्न नसक्दा गण्डकीको अन्तिम चारमा पुग्ने सपना पूरा भएन। क्यालिकटले गण्डकीमाथि २५-२२, २५-१९ र २५-१५ को सहज जित निकाल्यो। गण्डकीको हारले माल्दिभ्सको क्लब एचडिसी अन्तिम चारमा पुग्यो।

भारतको क्यालिकट हिरोजविरुद्ध ३ अंक जोड्न नसक्दा नेपालको गण्डकी प्रदेश प्रतियोगिताबाट बाहिरियो

प्रतियोगिताको फाइनल प्रवेश खेलमा लिगको शीर्ष स्थानको इरान यू-१९ ले तेस्रो स्थानको क्यालिकटविरुद्ध खेल्नेछ। दोस्रो स्थानको नेपालको हेल्प नेपाल स्पोर्टस् क्लबले चौथो स्थानको माल्दिभ्सको क्लब एचडिसीविरुद्ध खेल्नेछ। इरानको टोलीले सर्वाधिक १०, हेल्प नेपाल ८, क्यालिकटले ७ र क्लब एचडिसीले ५ अंक हात पारेका छन्। सबै खेल हारेको गण्डकीले २ अंक बटुल्यो।

हेल्प नेपालको पहिलो पराजय

सेमिफाइनल स्थान रक्षा गरिसकेको हेल्प नेपालले पहिलो हारको सामना गरेको छ। हेल्प नेपाल बिहीबारै भएको खेलमा इरानको यू-१८ टोलीसँग ३-१ को सेटमा पराजित भयो। हेल्प नेपालले आफ्नो दोस्रो रोजाइका खेलाडीलाई इरानको टोलीविरुद्ध मैदानमा उतारेको थियो। पहिलो सेट २५-२३ ले आफ्नो पक्षमा पारेको हेल्प नेपालले त्यसपछिका तीन सेट १६-२५, १७-२५, ९-२५ ले गुमायो। हेल्प नेपालले क्यालिकटलाई ३-२ तथा गण्डकी र एचडिसीलाई समान ३-१ को सेटमा हराएको थियो।

नेपालका हाडा र गुरुङ सेमिफाइनलमा

कास्की/ नेपालका आरभसम्राट हाडा र शिवाली गुरुङ आइटिएफ विश्व टेनिस टुर जे ३० अन्तर्गत सर्किट २ को सेमिफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगितामा अपराजित यात्रा राखेका हाडाले भारतका ओजस मेहलावतलाई ६-२ र ७-५ ले हराए। महिलामा शिवालीले सर्किट १ की उपविजेता सुनिरा थापालाई ६-३ र ६-४ को सोझो सेटमा पराजित गरिन्। पुरुष एकलमा अस्ट्रेलियाका प्रतीक नवीनले चीनका हैनुओ गुऔलाई २-० को सोझो सेटमा हराए। महिला एकलमा भारतकी महिका खन्नाले चीनकी यिजिया झाओलाई २-० को सेटमा हराइन्। मंगोलियाकी मार्टा छोम्सोमजाभले भारतकी अपरा खंडारेलाई २-० को सहज सेटमा पाखा लगाइन्।

सूर्य नेपाल काठमाडौं ओपनमा नीरज एक स्ट्रोकले अघि

काठमाडौं/ साबिक विजेता नीरज तामाङले ४ अन्डर ६४ को उत्कृष्ट स्कोर गर्दै बिहीबार सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत सूर्य नेपाल काठमाडौं ओपनको शीर्ष स्थानमा एक स्ट्रोकको अग्रता लिएका छन्। ५४ होलको खेल सकिँदा नीरजले समग्रमा १० अन्डर १९४ सहित एमेच्योर सदभाव आचार्यलाई एक स्ट्रोकले पछि पारेका छन्। सदभाव समग्रमा ९ अन्डर १९५ स्कोरका साथ दोस्रो स्थानमा छन्। अघिल्लो दिनको शीर्ष खेलाडी विष्णुप्रसाद शर्माले समग्रमा ६ अन्डर १९८ को स्कोर गर्दै तेस्रो स्थान रक्षा गरेका छन्। समग्रमा ५ अन्डर १९९ सहित दिनेश प्रजापति चौथो स्थानमा रहे। उनले १ अन्डर ६७ को स्कोर गरे। एमेच्योर गल्फर राहुल बिके समग्रमा २ अन्डर २०२ सहित पाँचौं स्थानमा छन्। उनले १ अन्डर ६७ मा खेल सकाएका छन्। भेट्रान प्रो दीपक मगर समग्रमा १ अन्डर २०३ सहित छौटौं स्थानमा छन्।

लुम्बिनी प्रदेश सरकार
सहरी विकास तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाइ कार्यालय, बाँके
विभिन्न कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना
www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२८

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाँके द्वारा आ.ब. २०८१/०८२ मा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरूमा तपशिलको सप्लाई कार्यहरू तथा निर्माण कार्यहरू खुल्ला प्रतिस्पर्धा e-bidding मार्फत गराउनु पर्ने भएकोले इच्छुक रित पुगेका नेपाली निर्माण कम्पनि, उत्पादक कम्पनी, सप्लायर्स वा फर्महरूबाट उल्लेखित शर्तहरूको अधिनमा रहने गरी छुट्टाछुट्टै e-bidding मार्फत बोलपत्र आव्हान गरिन्छ,साथै ब्रिस्तृत सूचनाको लागि www.bolpatra.gov.np/egp गई डाउनलोड गरि हेर्न सकिने छ।

तपशिल :

क्र.स.	बोलपत्र नं	आयोजनाको नाम	कामको नाम	योजना स्थल	लागत अनुमान (भ्याट र कन्टेनजेंसी बाहेक) (रु.)	बोलपत्र दस्तुर (रु.)	जमानत रकम (रु.)
१	१६/२०८१/०८२	खानेपानी आयोजना मर्मत (नौवस्ता APF शिक्षालय)	३० घ.मि.ओभर हेड टंकी निर्माण कार्य	बाँके	२६,९१,८२१.२७	३०००	९०,०००.००
२	१७/२०८१/०८२	रम्फेना खा.पा.आ	खानेपानी सुढिकरण प्लान्ट निर्माण तथा जडान कार्य	बाँके	३८,७४,०२८.००	३०००	१,३०,०००.००

कार्यालय प्रमुख

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
कर्मचारी आवश्यकता सम्बन्धी सूचना
(सूचना प्रकाशित मिति : २०८१/०८/२७)

यस गोदावरी नगरपालिकामा तपसिल बमोजिमका पदहरुमा देहायको संख्या र योग्यता भएका कर्मचारी करारमा पदपूर्ति गर्न नगर कार्यपालिकाको मिति २०८१/०८/१९ को निर्णयानुसार योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	विज्ञापन नं.	पद	तह	संख्या	परीक्षा दस्तुर
१.	०५/०८१-८२	नगर प्रहरी निरीक्षक	छैटौं	१	१२००/-
२.	०६/०८१-८२	नगर प्रहरी सहायक निरीक्षक	पाँचौं	३	५००/-
३.	०७/०८१-८२	नगर प्रहरी जवान (राजश्व समूह)	प्रथम	६	३००/-
४.	०८/०८१-८२	नगर प्रहरी जवान (विपद् जोखिम व्यवस्थापन)	प्रथम	६	३००/-
५.	०९/०८१-८२	नगर प्रहरी जवान हे.स.चा	प्रथम	२	३००/-
६.	१०/०८१-८२	पशु चिकित्सक	छैटौं	१	१२००/-
७.	११/०८१-८२	माईनिङ ईन्जिनियरिङ/जियोलोजिष्ट	छैटौं	१	१२००/-

न्यूनतम योग्यता, उमेर, परीक्षाको किसिम, दरखास्त दिने स्थान, सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेभसाइट https://godawarimunlalitpur.gov.np/ तथा फेसबुक पेज र सूचना पाटीमा प्रकाशन गरिएको छ।

Pokhara University
Office of the Controller of Examinations
Pokhara-30, Dhungepatan, Kaski
Notice of Intent to Award the Contract
Date of Publications : 2081/08/28

As per Section 27(2) of Public Procurement Act, 2063 of Nepal, this is to notify all the concerned bidders that it is our intention to award the following sealed Quotations as per SQN 02/2081/2082 to the following bidder selected as lowest evaluated substantially responsive bid.

SQN	Description	Selected Bidder's Name and Address	Quoted price including VAT (NRs.)
02/2081/2082	The Sewing and Supply of Convocation Dress (Gown, Scarf & Hat).	N.S.Trade and Suppliers, Kathmandu	Rs.18,49,697/- (Eighteen lakhs forty nine thousand six hundred ninety seven rupees only)

Government of Nepal
Ministry of Labour, Employment and Social Security
Department of Foreign Employment (DoFE)
CALL FOR APPLICATION
First Published Date: December 13, 2024

In accordance with the ***Implementation Protocol A To the Agreement Between the Government of Nepal and the Government of the State of Israel on the Temporary Employment of Nepali Workers in Specific Labour Market Sectors in the State of Israel for Auxiliary Workers in Long-term Care Facilities***, the Department of Foreign Employment (DoFE, hereinafter) invites electronic applications from interested internationally eligible English Language Testing Institutions (ELTI, hereinafter) for meeting the eligibility to test and certify candidates for English language proficiency to be recruited as auxiliary workers in the long term care facilities of Israel as per the Terms and Conditions mentioned below. Applicants may obtain further information at the DoFE at israelsec@dofe.gov.np, dhananjay.shah@nepal.gov.np (9851054617). Please submit the complete application to israelsec@dofe.gov.np no later than 28 December 2024 (16:00 Local Time).

Terms and Conditions:

1. The test score should be as equivalent as A2 Level of the Common European Frame of Reference for Langauges (CEFR) for language assessment. Currently British Council's Foundation English Test (FET) Level A2 has been accepted by DoFE and recognised by PIBA, Israel.
2. The ELTI must meet the four language skills assessment: Listening, Reading, Writing and Speaking.
3. The ELTI must conduct the test and deliver the results with the cost not exceeding NPR 5000, inclusive of all government taxes.
4. The ELTI should arrange English test sessions in accordance with the recruitment process agreed by Department of Foreign Employment.
5. The ELTI should be liable to manage all the steps of test assessment from booking to certificate distribution. In case verification is required, the Institution should be able to provide the evidence of verification and certification.
6. The ELTI should ensure the highest standard of test security in order to prevent attempted test malpractices by applicants.
7. The ELTI should have the consent to conduct and offer services in Nepal in accordance with the law of Nepal.
8. The numerical scores should be provided in a digital certificate mentioning the CEFR level.
9. DoFE reserves all the rights to enlist the ELTI as per the terms and conditions.
10. The MoU will be done after enlistment of ELTI.

(Director General)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com